
एकिकृत जलस्रोत ब्यबस्थापनमा आधारित

# जल उपयोग गुरुयोजना

## खाँडाचक्र नगरपालिका, मान्म, कालिकोट




## २०७९

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
मान्म,कालिकोट
कर्णाली प्रदेश, नेपाल

**आर्थिक सहयोगः**
युएसएआईडी, कर्णाली जल परियोजना

**प्राबिधिक सहयोगः**
डीएमआई प्रा.लि., काठमाडौं

# बिषय सुची

## Table of Contents


प्राक्कथन ..... VII
धन्यबाद ज्ञापन ..... IX
संक्षेप र संक्षिप्त नामहरुको सुची ..... X
कार्यकारी सारांश ..... XI
अध्याय-१ः परिचय ..... १
१.१. पृष्ठभूमिः ..... १
१.१.१. जलस्रोत क्षेत्रका राष्ट्रीय नीति तथा कानूनीकानूनी प्रावधानहरु ..... १
१.१.२. एकीकृत जलस्रोत ब्यवस्थापनका अवधारणा र सिद्धान्तहरु ..... ३
१.१.३. दीगो विकास लक्ष्य ..... ३
१.१.४. अन्तरक्षेत्रीय सवालहरु ( लैंगिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु परिबर्तन अनुकुलन तथा, विपद जोखिम ब्यवस्थापन) ..... ४
१.२. जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र ..... ५
१.२.१. जलउपयोग गुरुयोजनाका उद्देश्यहरु ..... ५
१.२.२. जलउपयोग गुरुयोजनाले समेटने क्षेत्रहरु ..... ६
१.३. जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरु ..... ७
१.३.१. स्थानीय तहका बिद्यमान रणनीतिक योजनाहरुको समिक्षा ..... ७
१.३.२. रणनीतिक योजनाहरुको एकीकरण ..... ८
१.३.३. जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरु ..... ९
अध्याय-२ः पालिकाको पार्श्वचित्र ..... १३
२.१. पालिकाको संक्षिप्त परिचय ..... १३
२.२. भौगोलिक अवस्थिति र पहुँच ..... १४
२.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति ..... १४
२.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरुको विवरण ..... १६
२.५.१. पालिकाको घरधुरी तथा जनसंख्या विवरण ..... १७
२.५.२. जातियता ..... १७
२.५.४. पेशा व्यवसाय ..... १९

२.५.५. कृषि र जीविकोपार्जन ........ १९
२.५.६. मौसमी पात्रो तथा कार्यबोझ ........ २०
२.५.७. पालिकामा उपलब्ध मानव संशाधनको विश्लेषण ........ २२
२.५.८. स्थानीय निर्माण सामग्रीहरुको उपलब्धता ........ २२
२.६. सेवाकेन्द्रहरु सम्बन्धि विवरण ........ २३
२.७. विकास साझेदारहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धि विवरण ........ २४
अध्याय-३: विद्यमान जलस्रोतहरुको अवस्था र प्रयोग ........ २६
३.१. पालिकामा उपलब्ध जलस्रोतहरुको विवरण ........ २६
३.२. पालिकामा उपलब्ध जलस्रोतहरुको विश्लेषण ........ २७
३.२.१. स्रोतहरुको अवस्थितिको आधारमा जलस्रोतहरुको विश्लेषण ........ २७
३.२.२. स्रोतहरुको क्षमताको आधारमा जलस्रोतहरुको विश्लेषण ........ २८
३.२.३. स्रोतहरुको गुणस्तरको आधारमा जलस्रोतहरुको विश्लेषण ........ २८
३.२.४. स्रोतहरुको  प्रयोग र सम्भावित उपयोगको आधारमा जलस्रोतहरुको विश्लेषण ........ २९
३.३. विद्यमान खानेपानी योजनाहरुको अवस्था बिश्लेषण ........ २९
३.३.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र ........ ३०
३.३.२. विद्यमान योजनाहरुको संचालनको अवस्था ........ ३१
३.३.३. विद्यमान खानेपानी योजनाहरुको सुबिधास्तरको अवस्था विश्लेषण ........ ३२
३.३.४. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र विवरण ........ ३३
३.४. बिद्यमान सरसफाइ अभ्यासको अवस्था बिश्लेषण ........ ३३
३.४.१. बस्तीहरुको खुला दिशामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति ........ ३३
३.४.२. बिद्यालय तथा सार्वजनिक स्थलहरुको सरसफाइ अवस्था ........ ३५
३.४.३. वातावरणीय सरसफाइको अवस्था ........ ३७
३.४.४. दिसाजन्य लेदो, ठोस फोहर तथा फोहरपानी ब्यवस्थापनको बिद्यमान अवस्था ........ ३७
३.५. विद्यमान सिंचाइ योजनाहरुको अवस्था बिश्लेषण ........ ३८
३.५.१. विद्यमान सिंचाइ योजनाहरु र सेवाक्षेत्र ........ ३८
३.५.२. विद्यमान सिंचाइ योजनाहरुको संचालनको अवस्था ........ ३९
३.५.३. निर्माणाधीन सिंचाइ योजनाहरु र लक्षित सेवाक्षेत्र ........ ४०

३.६. विद्यमान बहु-उपयोगी योजनाहरुको अवस्था विश्लेषण ........ ४०
३.६.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र ........ ४०
३.६.२. विद्यमान बहु-उपयोगी योजनाहरुको संचालनको अवस्था ........ ४०
३.६.३. निर्माणाधीन बहु-उपयोगी योजनाहरु र लक्षित सेवाक्षेत्र ........ ४०
३.७. विद्यमान जलवायु अनुकुलन/विपद जोखिम ब्यबस्थापन तथा स्रोत संरक्षण योजनाहरुको अवस्था विश्लेषण ........ ४०
३.७.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र ........ ४१
३.७.२. विद्यमान योजनाहरुको संचालनको अवस्था ........ ४१
३.७.३. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र ........ ४१
३.८. बिद्यमान जल उर्जा योजनाहरुको अवस्था बिश्लेषण ........ ४२
३.८.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र ........ ४२
३.८.२. विद्यमान योजनाहरुको संचालनको अवस्था ........ ४३
३.८.३. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र ........ ४३
३.९. जलस्रोतहरुको दीगो उपयोगका लागी संस्थागत/उपयोग सम्बन्धि संयन्त्र ........ ४३
३.१०. जलस्रोतमा बिबाद ........ ४४
अध्याय-४ : गुरुयोजना कार्यन्वयन रणनीति र परिकल्पना ........ ४५
४.१. पालिकाको रणनीतिक प्राथमिकता ........ ४५
४.२. जलाधार क्षेत्र ब्यबस्थापनका लागि एकीकृत जलस्रोत ब्यबस्थापन ........ ४६
४.३. एकजल नीति तथा अवधारणा ........ ४६
४.४. लैंगिक समानता तथा सामाजिक समाबेशिकरण अवधारणा र एकीकृत जलस्रोत ब्यबस्थापन ........ ४७
४.५. पानीको उत्पादनशिल प्रयोग ........ ४९
४.६. जलस्रोतको उपयोगका लागि विकल्प तथा प्रविधिहरु ........ ४९
४.७. मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरु (CBRT) ........ ५०
४.८. स्रोत संरक्षण ........ ५३
अध्याय-५ : जलउपयोग गुरुयोजना ........ ५४
५.१. अन्तर विश्लेषण ........ ५४
५.२. आवधिक योजनाको सारांश ........ ५५
५.२.१. खानेपानी योजनाहरु ........ ५६

५.२.२. सरसफाइ योजनाहरु........................................................................................५७
५.२.३. बहुपयोगी योजनाहरु........................................................................................५८
५.२.४. सिंचाइ योजनाहरु ..........................................................................................५८
५.२.५. स्रोत संरक्षण तथा बातावरण संरक्षण योजनाहरु.......................................................६०
५.२.६. जलउर्जा सम्बन्धि योजनाहरु..............................................................................६१
अध्याय-६ : गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक ..................................................६३
६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालिन योजना.............................................६३
६.२. पहिलो आ.व. मा कार्यन्वयन हुने योजनाहरु ............................................................६४
६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरुको पहिचान.....................................................६७
६.४. जलाधार/उप-जलाधार क्षेत्र ब्यबस्थापन रणनीति.............................................................६८
६.५. गुरुयोजना पुनरावलोकन तथा अद्ध्यावधिक गर्ने संयन्त्र ......................................................६८
६.६. गुरुयोजना कार्यान्वयन रणनीति .........................................................................६९
अनुसूचीहरु..........................................................................................................७०

संलग्न चित्रहरुः

चित्र १: जलउपयोग गुरुयोजना निर्माणका चरणहरु ..........................................................१२
चित्र २: पालिकाको भू-उपयोग नक्शा...........................................................................१५
चित्र ३: पालिकामा रहेका प्रमुख जलाधार तथा उप-जलाधारहरु................................................१६
चित्र ४: खाडाचक्र नगरपालिका हाता भित्र अवस्थित जलश्रोतहरुको नक्शा ....................................२६
चित्र ५: जलउपयोग गुरुयोजना कार्यान्वयनका लागि सम्भावित सहयोगी निकायहरु...........................६७

संलग्न ग्राफहरुः

ग्राफ- २: पालिकामा उपलब्ध दक्ष मानवश्रोतको वडागत विवरण .................................................२२
ग्राफ- ३: उचाइको आधारमा विद्धमान श्रोतहरुको विवरण.......................................................२७
ग्राफ- ४: क्षमताका आधारमा जलश्रोतहरुको विवरण............................................................२८
ग्राफ- ५: पानीका श्रोतहरुको प्रयोगको अवस्था..................................................................२९
ग्राफ- ६: बिद्दमान खा.पा. योजनाहरुको संचालन तथा मर्मत सम्भार अवस्था ...................................३२
ग्राफ- ७: नमुना घरधुरी अनुसार घरायसी सरसफाईको अवस्था विवरण.........................................३४
ग्राफ- ८: दिशाजन्य लेदो पदार्थको ब्यबस्थापनको अवस्था.......................................................३८

ग्राफ- ९: विद्धमान सिचाई योजनाहरुको संचालन अवस्था........................................................... ३९
ग्राफ- १०: आवधिक योजनाको क्षेत्रगत योजना संख्या र लागतको सारांस विवरण............................. ५६

## प्राक्कथन

नेपालको संबिधान २०७२ मा भाग-३, मौलिक हकः धारा ३५ को स्वास्थ्य सम्बन्धि हक र धारा ५१ को राज्यका नीतिहरु मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक र जनसभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहु-उपयोगी बिकास गर्ने भन्ने व्यबस्था भए बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारले जलस्रोत बिकास र बाताबरण पर्यावरणको दीगो विकास गर्न एकीकृत जलस्रोतको अवधारणा अनुसार क्षेत्रगत योजना तयार गरि लागु गर्न सक्ने व्यवस्था छ ।

यसै अनुसार खाडाचक्र नगरपालिकाले पनि आफ्नो हाताभित्र रहेको जलस्रोतको एकीकृत बिकास गर्दै जल, जंगल र जमिनको एकीकृत बिकासका लागि युएसएआईडी, कर्णाली जल परियोजनाको आर्थिक सहयोग र डीएमआई, प्रा.लि.काठमाडौं र साझेदार संस्थाहरु; नेपाल स्वास्थ्यको लागि पानी (नेवा), सप्रोस नेपाल, हुरेन्डेक काठमाडौं र सुन्दर नेपाल संस्था सुर्खेत नेपालको सामाजिक परिचालन र प्राबिधिक सहयोगमा खाडाचक्र नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरेको छ । जलउपयोग गुरुयोजना निर्माणका विभिन्न चरणहरु (तयारी चरण, क्षमता बिकास चरण, सामाजिक तथा प्राबिधिक अध्ययन चरण र योजना तर्जुमा चरण) अपनाई स्थानीय समुदायकै सहभागीतामा यो जलउपयोग गुरुयोजना तयार गरिएको हो ।

जलउपयोग गुरुयोजनाको मुख्य अवधारणा भनेको जलस्रोतको एकीकृत तर्जुमा तथा व्यवस्थापनका लागि सहभागितात्मक एबं समाबेशी विधि अपनाउदै जलस्रोत क्षेत्रको बिकासमा सुशासन कायम गर्नु, स्थानीय समुदायको सहभागिता बढाउनु र पारदर्शिता बढाउन सहयोग पुऱ्याउनु हो । यसले कुनै एउटा निश्चित भौगोलीक क्षेत्रमा केन्द्रित रही त्यस क्षेत्रमा रहेका जलस्रोतको कूल परिणाम तथा त्यसको सम्भाव्य उपयोगको आकलन गर्दछ ।

जलउपयोग गुरुयोजनाले कुनै आयोजना वा जलस्रोत क्षेत्र (खानेपानी र सिँचाई) बिशेष मात्र नहेरी स्थानीय रुपमा उपलब्ध समग्र जलस्रोत, सरसफाइ तथा स्वच्छता, बाताबरण र पर्यावरण, पानीको माग र यसको समुचित प्रयोग र सम्भाव्य उपयोगलाई मध्यनजर गर्ने हुनाले गुरुयोजनाको एकदमै आवश्यकता रहेको देखिन्छ ।
खाँडाचक्र नगरपालिका भौगोलिक रुपमा पहाडी भू-भाग मात्र भएको पालिका भएको र यहाँ उत्तरबाट बग्दै आउने खोला, नदिको पानी बाहेक मूल, सानातिना खोल्सीहरु जलस्रोतको रुपमा रहेको छ । त्यसकारण यहाँका सबै जसो घरधुरीहरु खानेपानीका लागि यिनै जलस्रोतमा निर्भर रहेको देखिन्छन । पानीको स्रोतहरुमा मानव स्वास्थ्यका हिसाबले हानिकारक रासायनिक र जैविक पदार्थहरु रहन सक्ने हुँदा पानीको गुणस्तर तथा खानेपानी सुरक्षाका सवालहरुलाई पनि सम्बोधन गर्नु पर्दछ भन्ने कुरा यस जलउपयोग गुरुयोजनाले मान्यता राख्दछ । यसका साथै जलवायु परिबर्तन/प्रकोप जोखिम न्यूनीकरण तथा वातावरण पर्यावरणका सवालहरुलाई जलउपयोग गुरुयोजनाले समेटेको छ ।

जलउपयोग गुरुयोजना स्थानीय सरकारकै नेतृत्व तथा समुदायको सहभागितामा बन्ने भएको हुँदा यसको सफल कार्यान्वयनको लागि पनि स्थानीय सरकार र समुदायको ठुलो भूमिका रहन्छ । त्यसैले जलउपयोग गुरुयोजनाले

समेटेका क्षेत्रगत क्रियाकलापहरुको प्राथमिकता अनुसार कार्यान्वयन गरि नेपाल सरकारको दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने र जलस्रोतको न्यायोचित वितरण मार्फत सुशासन प्रत्याभूत गराउनुका साथै पानीको बहु-उपयोग गरि समुदायको जीविकोपार्जनमा सुधार ल्याउन समेत स्थानीय सरकार र समुदायको ठुलो भूमिका रहन्छ ।

**खाँडाचक्र नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय



मान्म , कालिकोट

कर्णाली प्रदेश, नेपाल

## धन्यबाद ज्ञापन

स्थानीय तहलाइ नेपालको संबिधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका अधिकार तथा अन्य प्रचलित कानूनहरुको परीधि भित्र रहि स्थानीय स्रोत साधन एवं सम्पदाहरुको उचित व्यवस्थापन गर्ने कार्य अन्तर्गत आफ्ना क्षेत्रगत योजना निर्माण तथा कार्यान्वयन गर्ने अधिकार भए अनुरुप यस खाँडाचक्र नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (NWASH) र जलउपयोग गुरुयोजना विभिन्न खुट्किलाहरु सहभागितात्मक र समावेशी योजना प्रकृयाका माध्यमबाट सम्पन्न गर्दै नगरपालिकाको गुरुयोजनाको दस्तावेज तयार पार्न सफल भएका छौ । नगरपालिका क्षेत्र भित्र प्रत्येक वडामा सघन सामाजिक र प्राविधिक विश्लेषणको आधारमा तयार पारिएको यस गुरूयोजनाले खानेपानी तथा सरसफाइ, सिंचाई, वातावरण तथा पर्यावरण संरक्षण सम्बन्धित योजनाहरुलाई समाविष्ट गरेको छ । विद्यमान स्थितिसँग अवगत हुनु र भविष्यका लागि योजना तयार पार्नुले मात्र नागरिकका अपेक्षा सम्बोधन गर्न सक्दैन । योजनाको सफल कार्यान्वयन पक्षलाई समेत लाभ प्राप्तिका लागि उत्तिकै ध्यान दिनु जरुरी हुन्छ । यस सन्दर्भमा यस नगरपालिकाको जलउपयोग गुरूयोजना निर्माणमा संलग्न नगरपालिकाका सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दल समाजसेवी, बुद्धिजिबि, महिला, विभिन्न समुह/संस्था तथा पालिकाका कर्मचारीहरु लगायत पालिकामा क्रियाशिल बिभिन्न संघ—संस्था तथा आम जनसमुदायहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । यस खाँडाचक्रखाँडाचक्र नगरपालिकाको जलउपयोग गरूयोजना निर्माणमा सामाजिक परिचालन तथा प्राविधिक सहयोगका साथै प्रतिबेदन तयार पार्ने विकास ब्यबस्थापन संस्था प्रा.लि. काठमाडौं/साझेदार संस्थाहरु (DMI & consortium) र मातहत फिल्डस्तरमा परिचालित सम्पूर्ण कर्माचारीहरु लाई धन्यबाद दिन चाहान्छु तथा यस पालिकाको NWASH अध्यावधिक गर्नुका साथै जलउपयोग गुरुयोजना जस्तो महत्वापूर्ण दस्ताबेज तयारीका लागि सम्पूर्ण आर्थिक सहयोग पुऱ्याउने युएसएआइडी, कर्णाली जल परियोजना (USAID Karnali Water Activity) प्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

यस नगरपालिकाले भविष्यमा आफ्नै स्रोतबाट सञ्चालन गर्ने जलस्रोत विकास, निकास लगायत बातावरण तथा पर्यावरण सम्बन्धी योजनाहरु कार्यान्वयन गर्दा वा अन्य बाह्य निकायको सहयोगमा कार्यान्वयन गर्दा यस गुरुयोजनामा तय गरिएको प्राथमिकताक्रमको अनिवार्य रुपमा अनुशरण एवं पालना गर्ने तथा गराउने प्रतिबद्धता समेत व्यक्त गर्दछु । नगरपालिका आफैले निर्माण गरेको जलउपयोग गुरूयोजनाको कार्यान्वयनमा समेत योजना निर्माणका समय जस्तै सरोकारवाला सम्पूर्ण महानुभावहरुको साथ सहयोग पाउनेमा आशातित हुँदै जलउपयोग गुरूयोजनाको सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिक अपील गर्दछु ।..................

(कमल बहादुर शाही)

नगर प्रमुख

## संक्षेप र संक्षिप्त नामहरुको सुची

| | |
|---|---|
| खा.पा.उ.स.स./उ.स. | खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/उपभोक्ता समिति |
| खा.पा.उ.स. | खानेपानी उपभोक्ता समिति/समुह |
| खा.स.स्व.यो. | खानेपानी सरसफाइ तथा स्वच्छता योजना |
| गैसस | गैर सरकारी संस्था |
| | लैंगिक समानता तथा सामाजिक समाबेशीकरण |
| NWASH | National Water Sanitation and Hygiene |
| सा.बा.उ.स. | सामुदायिक बन उपभोक्ता समुह |
| CBRT | Criteria Based Ranking Tools (मापदण्डमा आधारित योजना छनौटका आधारहरु |
| डीएमआई | डेभ्लोपमेन्ट म्यानेजमेन्ट इन्ष्टिच्युट |
| दी.वि.ल. | दीगो विकास लक्ष्य |

## कार्यकारी सारांश

कुनै निश्चित स्थान भित्र रहेका पानीका स्रोतहरुको संरक्षण, ब्यबस्थापन र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो । जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको बिश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ । गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण तथा पर्यावरण संरक्षण गर्न, पानीको बहुउपयोगीता गर्न, जलस्रोत सम्बन्धी विबाद समाधान गर्नका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालिन औजारका रुपमा जलउपयोग गुरुयोजनालाई लिन सकिन्छ । यस जलउपयोग गुरुयोजना निर्माणको प्रमुख उद्धेश्य भनेको, "स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पार्रदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु तथा आफ्नो समुदायभित्र र समुदाय-समुदायका बीचमा जलस्रोतको सही उपयोग, समानुपातिक वितरण तथा बाँडफाड मार्फत दीगो रुपमा सवै प्रकारका आवश्यकताहरु पुरा गर्न सुनिश्चितता प्रदान गर्नुका साथै एकजल अवधरणा अनुरुप पानीका उपलब्ध स्रोतहरुको संरक्षण र ब्यबस्थापन गर्न स्थानीय समुदायलाई विभिन्न क्षमता बिकासका क्रियाकलापहरु मार्फत सचेत तुल्याउनु समेत रहेको छ ।

त्यस बाहेक उच्च संख्यामा गरिब र सीमान्तकृत समूह जनसंख्याको बसोबास भएका क्षेत्रहरूलाई प्राथमिकता दिदै पानीका स्रोतहरुको संरक्षण, ब्यबस्थापनमा ती समूहको सहभागिता सुनिश्चित गर्ने । स्वच्छ खानेपानी तथा सरसफाइमा सबैभन्दा प्रभावित र कमजोर समूहको न्यायसंगत पहुँच, वितरण र योगदानको सुनिश्चित गर्ने उद्धेश्य रहेको छ ।

जल उपयोग गुरुयोजना निर्माणका लागि विभिन्न चरणहरु जस्तै; तयारी चरण, क्षमता विकास चरण, अध्ययन चरण, योजना तर्जुमा चरण र प्रतिबेदन लेखन तथा प्रतिबेदन प्रमाणीकरण चरणहरु अपनाई तयार गरिएको छ । तथ्यांक संकलनका लागि NWASH सफ्टवेयर र DAI Collect KoBo मोबाइल एप्लिकेशनको प्रयोग गरि गरिएको छ । संकलित तथ्यांकहरुलाई एकत्रित गरि तथ्यांकमा रहेका त्रुटीहरु कर्णाली जल परियोजनाको सहयोगमा समन्वय गरि सच्याउने, अनावश्यक तथ्यांकहरुलाई हटाउने कार्य गरिएको थियो । त्यसपछि फेरी वडास्तरमा तथ्यांक प्रामाणिकारण गोष्ठी संचालन गरि छुटेका तथ्यांकहरु लिने र शुद्धीकरण गरिएको थियो । त्यसपछि ११वटै वडाहरुमा वडास्तरीय योजना तर्जुमा गोष्ठी संचालन मार्फत योजनाहरुको प्राथमिकीकरण गरिएको थियो र अन्तमा पालिकास्तरमा तथ्यांक प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी संचालन गरिएको छ । जल उपयोग गुरुयोजना निर्माणका लागि संकलन गरिएका तथ्यांकहरुलाई विभिन्न बिधिहरु अपनाई विश्लेषण गरिएको छ । ति विश्लेषण गरिएका तथ्यांकहरुलाई पालिकामा उपलब्ध अन्य तथ्यांकहरुसंग भिडान गरि आवश्यक तालिका, ग्राफ, र अनुसूची राखि त्यसको ब्याख्यात्मक स्वरुपमा यो प्रतिबेदन तयार गरिएको छ । यस खाँडाचक्र नगरपालिकामा जल उपयोग गुरुयोजना निर्माणको क्रममा विभिन्न चरणहरुमा सम्पन्न गरिएका विभिन्न प्रकृयात्मक क्रियाकलापहरु निम्न अनुसार सम्पन्न गरिएका छन्

- तयारी चरण अन्तर्गत कर्णाली जल परियोजना र डीएमआई/साझेदारहरु बिचको सम्झौता तथा अन्य तथ्यांक संकलनका औजार तथा विधिहरुको छनौट गरिएको थियो ।
- क्षमता बिकास चरणमा १० जना तथ्यांक संकलकहरुलाई NWASH/ DAI Collect KoBo सफ्टवेयर र तथ्यांक संकलन बिधि सम्बन्धि तालिम संचालन गरिएको थियो ।
- १०३ वटा समुदायस्तरका भेला/अनुशिक्षण सहभागीतात्मक तरिकाले सामाजिक तथा प्राबिधिक तथ्यांकहरु संकलन गरिएको छ,ति तथ्यांकहरु संकलन गर्दा महिला तथा पछाडिपारिएका बर्गका मुद्दाहरू/सवालहरुको अध्ययन र विश्लेषण गरिएको छ ।
- ११ वटै वडाहरुमा वडास्तरमा समन्वय बैठक/अनुशिक्षण र २/२ दिन क्षमता विकास तालिमहरु सम्पन्न गरिएको छ र अनुशिक्षणमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको बिषयबस्तुहरु समावेश गरिएको छ ।
- ११ वटै वडाहरुबाट छनौट गरिएका महिला तथा पछाडी पारिएका बर्गका व्यक्तिहरुका लागि जल अधिकार, योजना तर्जुमा, जल सुशासन आदि सम्बन्धि तालिम संचालन गरिएको छ ।
- पालिका स्तरमा १ पटक समन्वय बैठक र १ पटक योजना तर्जुमा गोष्ठी संचालन गरिएको छ ।

## मुख्य तथ्यांकहरु :

- राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिबेदन अनुसार यस खाडाचक्र नगरपालिकाको कूल घरधुरी संख्या ३,२६६ (https://cbs.gov.np) रहेको देखिन्छ भने हाल संकलन गरिएको तथ्यांक अनुसार कूल घरधुरी संख्या ४४९६ रहेको र कूल जनसंख्या २६७७८ रहेको देखिन्छ । कूल घरधुरी मध्ये ६६% घरधुरी ब्राम्हण/ठकुरी/क्षेत्री/सन्यासी र ३४% घरधुरी दलित रहेका छन् ।
- यस नगरपालिकामा ठुला जलाधारको रुपमा रहेका कर्णाली र तीला नदि रहेका छन् भने उप-जलाधारको रुपमा अन्य खोलाहरु जस्तै चौखोला, सिम्लेगाड, विहानीखोला, बदालकोट खोला, नाउली खोला, घट्टेलिगाड खोला, खारखोला, पिप्लेडी मुसेखोला आदि रहेका छन् र खानेपानीका लागि भने मुख्य स्रोतको रुपमा मूल र खोल्सिहरु मात्रै प्रयोगमा रहेका छन् ।
- पालिकामा हाल विद्यमान खानेपानी योजना संख्या ६२ वटा, निर्माणाधीन खानेपानी योजना ४ वटा र जलउपयोग गुरुयोजनामा प्रस्तावित खानेपानी योजना संख्या ४२ वटा रहेका छन् । विद्यमान खानेपानी योजनाबाट हाल २७४५ (६१%) घरधुरीहरु लाभान्वित भएको देखिन्छ भने निर्माणाधीन योजनाबाट थप १८२ (४%) घरधुरीहरु थप लाभान्वित हुने देखिन्छ ।
- विद्यमान ६२ वटा खानेपानी योजनाहरुले करिब ६१% घरधुरीहरु समेटिएको देखिएतापनि ति योजनाहरु मध्ये २१% पुनर्निर्माण गर्नुपर्ने र करिब २९% योजनाहरुमा ठूलो मर्मत गर्नुपर्ने देखिएको हुँदा खानेपानी आपूर्तिको हिसाबले आधारभूत खानेपानी सेवामा पहुँच भएका घरधुरी २५% रहेका छन् भने सुरक्षित खानेपानी सेवामा पहुँच भएका घरधुरी करिब १५% मात्रै रहेका छन् ।
- पालिकाको सरसफाइ तथा स्वच्छता अवस्था विश्लेषण गर्दा पालिकाको कूल घरधुरीहरु मध्ये करिब ७% गरिब तथा बिपन्न बर्गहरु र बाढी पिडित घरधुरीहरुमा शौचालय रहेका छैनन् , करिब १०% महिला तथा

किशोरीहरुले महिनावारी हुदा शौचालय प्रयोग गर्नबाट बन्चित रहेको देखिन्छ, त्यस्तै दिसाजन्य लेदो ब्यबस्थापन, ठोसफोहर ब्यबस्थापनको उचित ब्यबस्था भएको पाइदैन ।

- अधिकांश घरधुरी कृषि पेशामा आबद्ध रहेको देखिन्छ ।
- त्यसैगरि खाँडाचक्र नगरपालिकामा विद्यमान सिंचाइ योजनाहरु २९ वटा रहेका छन् । यि विद्यमान सिंचाइका आयोजनाहरु बाट पालिकाको कूल खेतीयोग्य भू-भाग मध्ये करिब ८४९० रोपनी (४५%) जमिन सिंचित भईरहेको देखिन्छ ।
- पालिकास्तरीय योजना तर्जुमा गोष्ठीमा गरिएको बृहत छलफल, क्षेत्रगत अन्तर विश्लेषण र निर्णय अनुसार आवधिक योजनाको रुपमा प्रस्तावित जम्मा क्षेत्रगत योजना संख्या २९१ वटा रहेका छन् जसमध्ये ४२ वटा खानेपानी योजनाहरु, ५२ वटा नहर/कुलो सिंचाइ योजनाहरु, ८५ वटा लघु सिंचाइ योजनाहरु, ३ वटा बहु-उपयोगी योजनाहरु, ९० वटा बाताबरण तथा पर्यावरण, २१ वटा सुधारिएका पानी घट्टहरु र १ वटा लघु जलबिधुतका योजनाहरु प्रस्ताव गरिएका छन् ।

माथिका मुख्य क्षेत्रगत योजनाहरुका साथसाथै ठोस फोहर ब्यबस्थापनका लागि डम्पिंग साइट ब्यबस्थापन, दिसाजन्य लेदो ब्यबस्थापनका क्रियाकलापहरु संचालन गर्ने, बिद्यालय खानेपानी तथा सरसफाइका योजनाहरुलाइ प्राथमिकता दिने पालिकाले निर्णय गरेको छ । समग्रमा खाँडाचक्र नगरपालिकाले यस जल उपयोग गुरुयोजनाको सफल कार्यन्वयनका लागि पालिकामा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी निकाय/संघ संस्थाहरु संग समन्वय, सहकार्य र साझेदारी गर्न सकेको खण्डमा प्रस्ताव गरिएका योजनाहरु ५ बर्ष भित्रै कार्यान्वयन गर्न सहज हुने र पालिकाको क्षेत्रगत परिकल्पना/लक्ष्य, उद्धेश्यहरु पुराहुने देखिन्छ ।

**डिएमआई प्रा.लि. काठमाडौं**
**नेपाल स्वास्थ्यको लागि पानी (नेवा), काठमाडौं**
**सप्रोस, नेपाल काठमाडौं**
**सुन्दर नेपाल संस्था, सुर्खेत**
**हुरेन्डेक, कालिकोट**

# अध्याय-१ः परिचय

## १.१. पृष्ठभूमिः

कुनै निश्चित स्थानमा उपलब्ध पानीका स्रोतहरुको विकास र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो । जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरु विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ । गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण संरक्षण गर्न, पानीको बहुउपयोगीता गर्न, जलस्रोत सम्बन्धी विबाद समाधान गर्नका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालिन औजारका रुपमा लिन सकिन्छ ।

त्यसै गरि उच्च संख्यामा गरिब र सीमान्तकृत समूहको बसोबास भएका क्षेत्रहरूलाई प्राथमिकता दिदै पानीका स्रोतहरुको संरक्षण, व्यवस्थापनमा ती समूहको सहभागिता सुनिश्चित गर्ने, स्वच्छ खानेपानी तथा सरसफाइमा सबैभन्दा प्रभावित र कमजोर समूहको न्यायसंगत पहुँच, वितरण र योगदानको सुनिश्चित गर्न गुरुयोजना प्रभावकारी औजारकको रुपमा रहेको हुन्छ ।

१९९२ मा रियोदिजनरियोमा सम्पन्न सयुक्त राष्ट्र संघका वातावरण र विकास सम्मेलनको एजेण्डा २१ मा एकीकृत जलस्रोत व्यवस्थापन सम्बन्धी अवधारणालाई अनुमोदन गरेको । उक्त सम्मेलनले एकीकृत जलस्रोतको सिद्धान्त भनि निम्न बुदाँ पारित गरेको छ ।

- शुद्ध पानी सिमित र जोखिमपूर्ण अवस्थामा रहेको छ, जुन बाँच्न विकास गर्न तथा वातावरणीय दृष्टीकोणले अत्यावश्यक छ ।
- पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ जसले उपभोक्ता, योजनाविद्, नीति निर्मातालाई समाहित गर्दछ ।
- पानीको सुरक्षात्मक व्यवस्थापन मा महिलाहरुको भुमिका महत्वपुर्ण हुन्छ ।
- पानी सामुदायिक बस्तु हुनुका साथै यसको सामाजिक र आर्थिक रुपले उच्च महत्व रहेको छ ।

### १.१.१. जलस्रोत क्षेत्रका राष्ट्रीय नीति  तथा कानूनीकानूनी प्रावधानहरु

- नेपालको संबिधानः- नेपालको संबिधानको विभिन्न भाग तथा धाराहरुमा जलस्रोत क्षेत्र सम्बन्धी प्रावधानहरु रहेका छन जलउपयोग गुरु योजना र जलस्रोत बिकास  सम्बन्धित केहि प्रावधान निम्मानुसार रहेका छन ।

- मौलिक हकः धारा ३५ः स्वास्थ्य सम्बन्धी हक- प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

- धारा ५१ः राज्यका नीतिहरु, जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास गर्ने ।
- जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दीगाो र भरपर्दो सिंचाईको विकास गर्ने ।
- जनसाधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाई औद्योगिक एंव भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्युनिकरण गर्दै वन, वन्य जन्तु, पंक्षी, बनस्पति तथा जैविक बिविधताको संरक्षण, सम्बर्द्धन र दीगाो उपयोग गर्ने ।
- वातावरणीय सन्तुलनका लागि आवश्यक भु-भागमा बन क्षेत्र कायम गर्ने ।
- प्रकृति, वातावरण वा जैविक विविधता माथी नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मुल वा न्युन गर्ने उपयुक्त उपायहरु अवलम्बन गर्ने ।
- स्थानीय तहको एकल अधिकारको सूची अनुसूची ८ र साझा अधिकार सुची ७ र ९ अन्तर्गत खानेपानी, साना जलबिधुत आयोजना, बैकल्पिक उर्जा तथा बाताबरण, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण ।
- यसका साथै खानेपानी तथा सरसफाइ सम्बन्धि ऐन २०७९ मा धाराः३३ को उपधारा ४ र धाराः ३५ अनुसार लैंगिक समानता तथा सामाजिक समाबेशीकारणका सवालहरुलाई आत्मसात गर्दै सरसफाइका लागि गरिब/अत्ति बिपन्न तथा पछाडी पारिएका समुदाय र घरधुरिहरुलाई अनुदान तथा खानेपानी महशुलमा छुटदिने व्यवस्था गरिएको छ ।
- त्यसै गरि पन्ध्रौं योजनाको रणनैतिक अवधारणा पत्रको रणनीति अनुसार "आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट बन्चित रहेका समुदायको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पु¥याउने " रहेको छ भने उक्त रणनीतिको कार्यनीतिको बुंदा १ मा "आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट बिमुख समुदायको पहिचान र नक्शांकन गरिनेछ" र बुंदा २ मा आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट बन्चित रहेका क्षेत्र, समुदायमा खानेपानी तथा सरसफाइ सेवा पु¥याउने कार्यक्रमलाई उच्च प्राथमिकता दिइने" प्राबधान रहेको छ ।

माथी उल्लेखित संबैधानिक ब्यवस्थाहरुले समेत स्थानीय तहहरुको पानी क्षेत्रको विकासका लागि निर्दिष्ट योजना बनाउनु पर्ने सैद्धान्तिक आधार निर्माण भएको देखिन्छ । संबिधानका अतिरिक्त स्थानीय तहहरुको संचालनका लागि जारि भएको स्थानीय सरकार सञ्चालन ऐनमा समेत खानेपानी, सिंचाई, वातावरणीय सवाल तथा उर्जा विकास जस्ता जलस्रोत क्षेत्रका सवालहरु सम्बोधन गर्न यथेष्ट ब्यवस्था रहेको पाईन्छ । पानी क्षेत्रका निर्दिष्ट योजनाहरुको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन जस्ता अधिकार स्पष्ट रुपमा स्थानीय सरकार सञ्चालन ऐनमा रहेका छन । यसरी स्थानीय सरकारहरुले जलस्रोतको समष्टिगत विकासका लागि नीति निर्माण गरि आवधिक योजनाहरु मार्फत नागरिका संबिधानतह रहेका अधिकार सुनिश्चित गर्न गुरुयोजना एक बलियो औजारका रुपमा रहने देखिन्छ ।

### १.१.२. एकीकृत जलस्रोत ब्यवस्थापनका अवधारणा र सिद्धान्तहरु

एउटा जलाधार भित्रका सम्पुर्ण आवश्यकताहरु सँगसँगै सम्वोधन गर्ने, जलस्रोतका विविध पक्षहरु बीच सामन्जस्यता कायम गर्ने र साथै पर्यावरणको सन्तुलन कायम गर्ने किसिमको समष्टिगत अवधारणालाई नै एकिकृत जलस्रोत व्यवस्थापन भन्ने गरिन्छ । जलस्रोत विकासका विभिन्न क्षेत्रहरु जस्तैः खानेपानी, सिंचाई, जलविद्युत, वातावरण तथा पर्यावरण आदि सँगसँगै र एक अर्कालाई सहयोग पुऱ्याउने किसिमले लैजानु अर्थात समग्र जलाधार क्षेत्रको व्यवस्थापनका माध्यमबाट जलस्रोत क्षेत्रको विकास नै एकिकृत जलस्रोत ब्यवस्थापन बुझिन्छ। एकिकृत जलस्रोत ब्यबस्थापन अवधारणा अनुसार छरिएर रहेका स-साना भाग अथवा स्रोतहरुलाई एक ठाउमा समेटेर पूर्ण बनाउने र माटो, पानी, र बनस्पतिय स्रोत बीचको सामन्जस्यता वा सह-सम्बन्धलाइ ध्यानमा राखि ति स्रोतहरुको संरक्षण र विकासका लागि अपनाउनु पर्ने आवश्यक कामहरुको लेखाजोखा गर्नु हो।

माथि उल्लेखित अवधारणा अनुसार एकिकृत जलस्रोत ब्यबस्थापनका निम्न सिद्धान्तहरु रहेका छन् ।

सिद्धान्त १ : शुद्ध पानी सिमित जोखिमयुक्त स्रोत हो जुन बाँच्न, विकास गर्न तथा वातावरणको लागि अत्यावश्यक छ

सिद्धान्त २ : पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ जसले उपभोक्ता, योजनाविद, नीतिनिर्मातालाई समाहित गर्दछ ।

सिद्धान्त ३ : पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरुको महत्वपुर्ण भूमिका हुन्छ ।

सिद्धान्त ४ : पानी सामुदायिक बस्तु हो तर यसको उच्च आर्थिक महत्व पनि छ ।

### १.१.३. दीगो विकास लक्ष्य

सन २०१५ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा महत्वाकाँक्षी दीगो विकास लक्ष्य १५ वर्षमा पुरा गर्न विश्वव्यापी रुपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मुल्याँकन गर्न २३२ सूचकहरु पनि तयार गरिएका छन् । यसै गरी नेपालमा ति १७ वटा लक्ष्य पुर्तिका निम्ति ४७९ वटा सूचकहरु निर्धारित गरिएका छन् । यसरी निर्धारण गरिएका १७ वटा लक्ष्यहरु एक-आपसमा अन्तर सम्बन्धित छन् ।

यसै गरि दीगो बिकास लक्ष्य-६ खानेपानी सरसफाइ तथा स्वच्छता ब्यबस्थापनका साथै एकीकृत जलस्रोत ब्यबस्थापनका क्षेत्रमा सन् २०३० सम्म के के उपलब्धि हासिल हुनुपर्ने भन्ने आधारमा तय गरिएको छ । दीगो विकास लक्ष्यको लक्ष्य नं. ६ ले खानेपानी तथा सरसफाइको निर्धारित मार्गचित्र प्रस्टयाएको छ । अन्तराष्ट्रिय स्तरमा नेपालले समेत प्रतिबद्धता जाहेर गरेको दीगाो विकास लक्ष्य हासिल गर्नु स्थानीय सरकारको समेत कर्तब्य हुन आउछ । यस परिवेशमा दीगो विकास लक्ष्य हासिल गर्न समेत स्थानीय सरकारहरुले प्रकृयागत विकासमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । जलस्रोत क्षेत्रको समष्ठीगत विकासका लागि उपलब्ध कानूनी प्रवन्ध तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु हासिल गर्न जलउपयोग गुरुयोजना निर्माणको औचित्य अझै बढी पुष्टी हुन्छ ।

दीगो विकास लक्ष्य-६ को समग्र सूचक " सन् २०३० सम्म, सबैका लागि सफा पानी तथा सरसफाइमा पहुच सुनिश्तित गर्ने" रहेको छ भने, बिशिस्ट सुचकहरु निम्न रहेका छन् ।

- सबैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने
- सबैका लागि पर्याप्त तथा समतामूलक सरसफाइ र स्वच्छतामा पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्त्य गर्ने
- पानी तथा सरसफाइ व्यवस्थापनको सुधारका लागि स्थानीय समुदायहरूको सहभागितालाई साथ दिई त्यसलाई अझ सबल बनाउने

## १.१.४. अन्तरक्षेत्रीय सवालहरु ( लैंगिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु परिबर्तन अनुकुलन तथा, विपद जोखिम ब्यवस्थापन)

### लैंगिक समानताा तथा सामाजिक समावेशीकरण :

जलउपयोग गुरुयोजना स्थानीय समुदायको सहभागितामा निर्माण हुने हुदा पानी सँग प्रत्यक्ष सरोकार राख्ने लिङ्ग, वर्ग र समुदायको आवश्यकता र चाहनामा आधारित हुने गर्दछ । नेपाल सरकारले बि.सं. २०७४ सम्ममा सबै नेपाली जनतालाई आधारभूत खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने तर्फ अग्रसर रहेको छ । त्यसका लागि पानी वितरण र उपभोग प्रक्रियालाई समाबेशी बनाउन जलउपयोग गुरुयोजना ले सहयोग पुरयाउदछ। जस्तैः पानीको घरायसी प्रयोगका लागि महिलाहरु बढी पानीसंग संलग्न हुने हुँदा स्रोत पहिचान, स्रोत छनौट देखि योजना तर्जुमाका चरणहरुमा जलउपयोग गुरु योजनाले महिलाहरुको उल्लेख्य सहभागिता गराउने गर्दछ । त्यस्तै अपांगता भएका व्यक्तिहरुको खानेपानी र सरसफाइ जस्ता आधारभूत सेवाहरुमा पहुच बढाउन तथा अपांगतामैत्री अवधारणाका बिकासका लागि उनीहरुको जलउपयोग गुरुयोजना निर्माणका हरेक चरणमा सहभागिता सु-निश्चित गर्दछ। त्यसै गरि केहि समुदायको जीविकोपार्जन प्रत्यक्षरुपमा पानी संग जोडिएको हुने हुँदा त्यस्ता बिपन्न बर्गहरुको सहभागितालाई जलउपयोग गुरुयोजनाले सुनिश्चित गर्दछ। हाम्रो देशको परिवेशमा जलस्रोतको पहुँच र नियन्त्रणमा लैङ्गिकताका आधारमा छाउपडी र जातीय भेदभाव प्रायः महिला, बालिका र सीमान्तकृत समूहका सदस्यहरू बढी प्रभावित भएको देखिन्छ। पानीको स्रोतको सुरक्षितता, पिउने पानी घर नजिक उपलब्ध हुँदा र निर्णय गर्ने तहमा महिला तथा सीमान्तकृत समूहको सहभागिताले उनीहरूको समयको बचत, लैंगिक हिंसाको जोखिम, शोषण, र नकारात्मक परिणामहरू कम गर्न मद्धत गर्दछ साथै समुदायको जीविकोपार्जन प्रत्यक्ष रुपमा पानीसँग जोडिएको हुने हुँदा त्यस्ता बिपन्न वर्गहरुको सहभागिता जस्ता लैगीक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई जलउपयोग गुरुयोजना निर्माण र तत् पश्चातका कार्यान्वय प्रकृयामा समेटेको हुन्छ।

### जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापनः

जलवायु परिबर्तनले गर्दा जलस्रोतहरु घट्दै गईरहेको र त्यसले प्रत्यक्ष रुपमा समुदायको खानेपानी आपूर्ति, सिंचाइ लगायत जीविकोपार्जनमा नकारात्मक प्रभाव पारेको छ। त्यस्तै विभिन्न किसिमका प्राकृतिक प्रकोपहरू मुख्यतः बाढी, पहिरो, भूकम्प जस्ता प्रकोपहरूले खानेपानी तथा सिंचाइका लागि प्रयोग भएका पानीका मुहानहरु पुरिने, सुक्ने, हराउने र भासिने गरेको हुँदा त्यसले एकातिर समुदायको खानेपानी तथा जीविकोपार्जनका लागि आवश्यक पानीको अभाव भइरहेको छ भने अर्कोतिर खानेपानी, सिंचाइ तथा जलस्रोत व्यवस्थापनका लागि निर्मित संरचनाहरुको दिगोपना र सुचारुपनामा असर पुरयाई रहेको हुँदा यस्ता समस्याहरूको न्यूनीकरणका लागि जलउपयोग गुरुयोजनाले समुदायको क्षमता अभिवृद्धि गरि जलवायु परिवर्तन अनुकुलित र प्रकोपहरु आइपर्दा पनि जोखिम कमहुने हिसाबले गरिने योजना तर्जुमालाई महत्व दिएको छ।

## १.२. जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र

### १.२.१. जलउपयोग गुरुयोजनाका उद्देश्यहरु

जलउपयोग गुरुयोजनाको उद्देश्य भनेको स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहु-उपयोग गर्न एकीकृत योजनाको विकास गर्नु हो । यस योजनाले आफ्नो समुदायभित्र र समुदाय-समुदायका बीचमा जलस्रोतको सही उपयोग, समानुपातिक वितरण तथा बाँडफाड मार्फत दिगो रुपमा सवै प्रकारका आवश्यकताहरु पुरा गर्न सुनिश्चितता प्रदान गर्दछ।

जलउपयोग गुरुयोजनाका विशिष्ट उद्देश्यहरु यसप्रकार छन;

- सम्बन्धित भूगोल भित्रको बस्तु स्थिति पत्ता लगाउनुका साथै जलस्रोतसंगसम्बन्धित सुचना तथा सुविधाहरु पहिचान गर्ने।
- पानीका उपलब्ध सबै स्रोतहरुको विश्लेषण गरी स्रोतहरुको न्यायोचित र विवेकपूर्णवितरण गर्ने साथै योजना प्रति अपनत्वको भावनाको विकास गरी निर्मित संरचनाहरुलाई दीगो बनाउन।
- जलस्रोतहरुको बहुउपयोग गर्नको लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तय गरि यस क्षेत्रमा दीर्घकालिन लगानी प्राप्त गर्ने।
- वातावरणीय दीगोपनाको साथै जल सम्बन्धी भौतिक पुर्वाधारहरु र तिनको दीगो व्यवस्थापनको संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्न।
- जलस्रोत क्षेत्रको लगानी नीति तथा दुरदृष्टी निर्माण गरि लक्ष्य हासिल गर्न आन्तरिक तथा बाह्य श्रोततथा सरोकारवाला पहिचान गर्न।
- पालिका स्तरका जलस्रोत र यससँग सम्बन्धित प्राकृतिक स्रोतहरुको संरक्षण गर्न, पालिकालाई पूर्ण सरसफाइ र स्वच्छता प्रवर्द्धन गर्ने।
- जलस्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यासको माध्यमबाट सुशासन प्रबर्धन गर्ने।

## १.२.२. जलउपयोग गुरुयोजनाले समेटने क्षेत्रहरु

कुनै निश्चित क्षेत्र भित्र अवस्थित पानीका स्रोतहरु (पृथ्वीको सतह माथी वा सतहका वा सतह भित्रका) को व्यवस्थापनगरी दीगो उपयोग गर्न गुरुयोजनाले समटने क्षेत्रहरुलाई जलस्रोत व्यवस्थापन कुर्सीका माध्यमबाट ब्याख्या गर्ने गरिन्छ ।

### जलस्रोत व्यवस्थापनकुर्सी


जलउपयोग गुरुयोजनालाई विद्यमान कानूनी प्रावधानहरु अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाउनुका साथै योजना निर्माण प्रकृयालाई ब्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जलउपयोग व्यवस्थापन कुर्सिको अवधारणालाई अवलम्बन गरिएको छ । यो अवधारणा सरोकारवालाहरुको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औंल्याएका र गुरुयोजनाले समट्ने ४ (चार) वटा क्षेत्रहरुको चर्चा तल गरिएको छ ।

**खानेपानी तथा सरसफाइः-** खानेपानीका योजनाहरु (नयाँ, मर्मत, पुर्ननिर्माण, सेवा बिस्तार र सतह, भुमिगत, बर्षात आदि),स्रोत सुधार तथा संरक्षण, स्वच्छता, सरसफाइ र चर्पी निर्माण, व्यक्तिगत, घरेलु तथा वातावरणीय सरसफाइ खुला दिसा मुक्त तथा पूर्ण सरसफाइ योजना र योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार रणनीति आदि ।

**सिंचाई तथा निकासः-** परम्परागत कुलो सिंचाई योजना र लघु तथा आधुनिक पोखरि सिंचाई योजनाहरु र ढल निकास । परम्परागत सिंचाई (कुलो,नहर) प्रणाली हालको सिंचाई प्रणालीहरुको मर्मत सम्भार तथा पुनःनिर्माण आदि । आधुनिक सिंचाई (फोहरा सिंचाइ , थोपा सिंचाई, प्लाष्टिक पोखरी) करेसाबारीको लागि लघु सिंचाई, खेर जाने पानीको उचित निकास तथा घरवारी व्यवस्थापनमा प्रयोग ।

**वातावरण तथा पर्यावरणः-** स्रोत सुधार तथा संरक्षण, स्रोतहरुको पुर्नभरण, पुनर्धारण तथा पुनप्रयोग क्रियाकलापहरु, बर्षातको पानी संकलन, विभिन्न पोखरीहरु निर्माण तथा (मनोरञ्जनात्मक र धार्मिक, माछापोखरी, आहाल), बन व्यवस्थापन, चरन क्षेत्रहरुको व्यवस्थित विकास, पाखो तथा गह्रा सुधार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, वातावरणीय सरसफाइ आदि ।

**जलशक्ति र अन्यः-** परम्परागत तथा सुधारिएको पानीघट्ट, साना जलविद्युत उत्पादन आदि । पानीमिल, सुधारिएको घट्ट, घरेलु उद्योगका लागि पानी, लघु जलविद्युत योजना, माछा पोखरी, जनावरका लागि पानी, धार्मिक प्रयोजनका एवं जलक्रिडास्थलका लागि पानी, उन्नत स्तरको जीविकोपार्जन लघुवित्त विकास (सामुदायिक संस्था र सहकारी आदि)




चित्र-१: जलउपयोग गुरुयोजना तथा जलश्रोत ब्यबस्थापन कुर्सी

## १.३. जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरु

### १.३.१. स्थानीय तहका बिद्यमान रणनीतिक योजनाहरुको समिक्षा

यस नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको क्षेत्रगत योजना युनिसेफको सहयोगमा मस्यौदाका रुपमा तयार भएको छ । यसका साथै पालिकाले जलवायु परिबर्तन सम्बन्धि स्थानिय अनुकुलन कार्ययोजना पनि नेपाल जलवायु परिबर्तन सहयोग कार्यक्रम (NCCSP) को सहयोगमा निर्माण गरि हाल कार्यान्वयन चरणमा रहेको देखिन्छ । हाल NWASH अद्ध्यावधिक गर्न र जल उपयोग गुरुयोजना निर्माणको अवधिमा यी नगरपालिकाबाट निर्मित विभिन्न क्षेत्रगत नीति, रणनीति तथा कार्ययोजनाहरुमा उपलब्ध तथ्यांकहरु, रणनीतिहरु तथा कार्यान्वयनको अवस्था बिश्लेष्ण गरिएको छ । यसका साथै जलउपयोग गुरुयोजना निर्माणका क्रममा नगरपालिकाको सबै बस्तीहरुमा छलफल गरि NWASH प्रणाली अध्यावधिक गरि जल उपयोग गुरुयोजनाका

लागि आवश्यक पर्ने तथ्यांकहरु संकलन र प्रविष्टि गरिएको छ । यसका साथै नगरपालिकाले तयार गरेका क्षेत्रगत नीति, कार्यविधि तथा योजनाहरु निम्न **तालिका-१** मा प्रस्तुत गरिएको छ ।

**तालिका १: पालिकामा निर्मित ऐन, नीति, रणनीति तथा कार्ययोजना**

| पालिकामा निर्मित ऐन, नीति, रणनीति तथा कार्ययोजना नगरपालिकाले निर्माण गरेका ऐन/नीति, कार्यविधि तथा योजनाहरु | कार्यान्वयनको अवस्था |
|---|---|
| खाडाचक्र नगरपालिकाको बस्तुस्थिति विवरण, २०७५ | प्रकाशन नभएको |
| खानेपानी सरसफाइ तथा स्वच्छता योजना, २०७७/०७८-०८१/०८२ | ड्राफ्ट तयार भएको |
| जलवायु परिबर्तन सम्बन्धि स्थानीय अनुकुलन कार्ययोजना, २०७८ | कार्यान्वयनमा रहेको |
| फोहोरमैला ब्यबस्थापन ऐन, २०७८ (https://khandachakramun.gov.np/act-law-directives) | कार्यान्वयनमा रहेको |
| विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन ऐन, २०७८ (https://khandachakramun.gov.np/act-law-directives | कार्यान्वयनमा रहेको |
| जलचर एबं जलीय ऐन, २०७७/०७८ (https://khandachakramun.gov.np/act-law-directives ) | कार्यान्वयनमा रहेको |
| स्वास्थ्य तथा सरसफाइ ऐन, २०७६ (https://khandachakramun.gov.np/act-law-directives | कार्यान्वयनमा रहेको |
| उपभोक्ता समिति गठन तथा ब्यबस्थापन कार्यविधि, २०७४ (https://khandachakramun.gov.np/act-law-directives) | कार्यान्वयनमा रहेको |

माथि उल्लेख गरिए अनुसारका केहि ऐन, कार्यविधि तथा योजनाहरुको निर्माण गरिएको भएतापनि त्यसको पूर्ण रुपमा कार्यान्वयन हुन सकेको देखिदैन। साथै खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने नीति तथा रणनीतिहरु जस्तैः जलस्रोत नियमावली, खानेपानी तथा सरसफाइ रणनीति/पूर्ण सरसफाइ रणनीतिहरु पनि क्षेत्रगत उपलब्धि हासिल गर्न निर्माण गर्नुपर्ने देखिन्छ ।त्यसैले पनि अब निर्माण हुने जलउपयोग गुरुयोजना यस पालिकाको लागि क्षेत्रगत योजना तर्जुमा गर्न कोशेढुंगा साबित हुने अपेक्षा गरिएको छ।

## १.३.२. रणनीतिक योजनाहरुको एकीकरण

यस जलउपयोग गुरुयोजनामा जलस्रोत संग सम्बन्धित क्रियाकलापहरुको तर्जुमाका साथै बातावरण तथा पर्यावरण संग सम्बन्धित क्रियाकलापहरु समेत समेटिने हुँदा यस पालिकाबाट निर्मित ऐन, नीतिनियम र योजनाहरुलाई ध्यानमा राखि निर्माण गरिने र जलस्रोत क्षेत्रको बार्षिक योजनामा तर्जुमा गरिने क्रियाकलापहरु अन्य क्षेत्रगत रणनीतिहरुलाई पनि यसैमा एकीकरण गरि तर्जुमा गरिने छन् । जसले गर्दा पालिकालाइ एकीकृत जलस्रोत

व्यवस्थापन गर्दै क्षेत्रगत लक्ष्य/उदेश्यहरु हासिल गर्न, स्रोतहरुको एकीकृत रुपमा परिचालन गर्न सहयोग पुग्ने देखिन्छ ।

## १.३.३. जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरु

जलउपयोग गुरुयोजनाको अन्तिम प्रतिवेदन पालिकास्तरमा गरिएका श्रृंखलावद्ध क्रियाकलापहरुको नतिजा हो । यी क्रियाकलापहरुमा फिल्डस्तरमा गरिएका क्रियाकलापहरु, कार्यालयमा गरिएका अध्ययनहरु, संस्थागत विकासका कार्यहरु र क्षमता विकासका क्रियाकलापहरु पर्दछन् । यस्तै क्षमता विकासमा विभिन्न तहमा उपलव्ध गराइएका औपचारिक तालिमहरु, भेलाहरु तथा जनचेतना अभिवृद्धिका क्रियाकलापहरु पर्दछन् । गुरुयोजना तयारी कार्यलाई एकरुप वनाउन तथा यस कार्यमा समुदायको सहभागिता सुनिश्चित गर्न चरणवद्ध कार्यपद्धति निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ । यस प्रक्रियामा निम्न अनुसारका पाँचवटा चरण अन्तर्गत १३ वटा खुड्किलामा आधारित रही जलउपयोग गुरुयोजनाको कार्य सम्पादन गरिन्छ ।

### तयारी तथा पुर्व योजना तर्जुमा चरण

जलउपयोग गुरुयोजनाको प्रारम्भिक चरण भित्र स्थानीय तह (नगर पालिका र वडा)हरुको आवश्यकता, उत्सुकता, लगानी प्रतिबद्धता आदिमा आधारित भई स्थानीय तह छनौट गर्ने , लगायत सेवा प्रदायक संस्था र ब्यक्ति छनौट तथा तालिम लगातयका क्रियाकलापहरु गरिएका छन् ।

### क्षमता विकास चरण

जलउपयोग गुरुयोजना तयारीका सम्पुर्ण कार्यहरुको अगुवाई तथा नेतृत्व सबै स्थानीय तह (गाउँपालिका र नगरपालिका ) बाट गर्नुपर्ने भएको हुदा यस चरणमा जलउपयोग गुरुयोजना तयारीका लागि स्थानीय स्तरमा बिभिन्न सरोकारवालाहरुको क्षमता विकास गर्ने कार्यहरु गरिन्छन । जस अन्तरगत नगरपालिका स्तरमा जलउपयोग गुरुयोजना सम्बन्धी परामर्श गोष्ठी तथा अभिमुखिकरण, वडा स्तरमा जलउपयोग गुरुयोजना तयारी प्रक्रिया सम्बन्धी परामर्श बैठक र अभिमुखिकरण गोष्ठी, वडा तहमा दलित, महिला तथा पछाडी पारिएका बर्गहरुको लागि क्षमता विकास तालिम, उप-जलाधार स्तरीय गुरुयोजना तथ्याङ्क संकलनमा समन्वय र सहयोग गर्न स्वयम् सेवी सहजकर्ता छनोट, बिभिन्न प्राबिधिक समितिहरु गठन तथा अभिमुखिकरण बैठक र अन्तरक्रिया आदी क्रियाकलापहरु गरिन्छ । यो चरणमा अध्ययन चरणमा सम्पादन गरिने क्रियाकलापहरु सम्बन्धी विस्तृत कार्ययोजना तयार गरिन्छ ।

### सूचना संकलन/अध्ययन चरण

यस चरणमा क्षमता विकास चरणमा तयार गरिएको कार्ययोजनामा आधारित भई उप—जलाधार क्षेत्र स्तरीय भेला र बैठकहरुका माध्ययमबाट सामाजिक स्रोत नक्सांकनको कार्य गर्नुका साथै सो क्षेत्रको विद्यमान अवस्था पहिचान गर्नुको लागि गहन रुपले सामाजिक र प्राविधिक अध्ययन गर्ने जस्ता कार्य सम्पादन गरिन्छन । उक्त कार्यहरुको लागि प्रत्येक उप-जलाधार क्षेत्रमा २ देखि ३ दिन सम्म (भौगोलिक कठिनता तथा घरधुरी

संख्या र अवस्थिति अनुसार फरक पर्न सक्ने) सामाजिक र प्राविधिक क्षेत्रका कर्मचारिहरु छुट्टा छुट्टै टोली तयार गरी उक्त क्षेत्रका लागि समन्वय गर्न तोकिएका स्वंयम सेवीहरुको सहयोगमा विद्यमान तथ्याङ्क संकलन एवं अवस्था विश्लेषण कार्यमा संग्लग्न हुन्छन् । यस कार्यमा उक्त उप—जलाधार क्षेत्र भित्रका सम्पुर्ण टोल तथा वस्तीहरुको घरधुरी सहितको तथ्याङ्क, विद्यमान खानेपानी तथा सरसफाइको तथ्याङ्क, निर्माण सम्पन्न एवं चालु अवस्थामा रहेका जलस्रोतसंग सम्बन्धित सबै क्षेत्रका योजनाहरुको तथ्याङ्क संकलन एवं सञ्चालन अवस्था विश्लेषण, विद्यमान पानीका स्रोतहरुको सूची तयार र क्षमता मापन तथा सम्भावित प्रयोग हुन सक्ने क्षेत्रहरुको पुर्बानुमान एबं पहिचान लगायत सो क्षेत्र भित्रका सम्पुर्ण संघसंस्थाहरुको खानेपानी सरसफाइ तथा स्वच्छताको तथ्याङ्कहरु संकलन गरी निश्चित ढाँचाका फारमहरुमा भरी हरेक क्षेत्रको अवस्था विश्लेषण गर्ने कार्य गरिन्छ । यो चरण भित्र आवश्यकता अनुसार स्थानीय तहका प्राविधिक समिति सदस्यहरु, पालिका भित्र कार्यरत जलस्रोत सम्बद्ध क्रियाशिल शाखाहरु, गै.स.स.हरुसँगको समन्वयमा तथ्याङ्कहरु संकलन समेत गरिन्छ । वडा भित्रका सम्पुर्ण उप—जलाधार क्षेत्रहरुको तथ्याङ्क संकलन पश्चात गुरुयोजनाका तथ्याङ्क संकलन ढाँचाहरुमा तथ्याङ्क प्रविष्टी सहित योजना तर्जुमा चरणको तयारी समेत यस चरणमा गरिन्छ ।

**योजना तर्जुमा चरण**


यस चरणमा उप-जलाधार क्षेत्रहरुको विद्यमान संकलित तथ्याङ्कहरुको आधारमा सबै क्षेत्रलाइ विश्लेषण गरी उप-जलाधार क्षेत्र स्तरवाट जलस्रोत संग सम्बन्धित सबै (खानेपानी, सरसफाइ, उर्जा, वातावरण र पर्यावरण, संस्थागत विकास, स्थानीय मानव संसाधन विकास) क्षेत्रको आवश्यकता पहिचान गरी सबै क्षेत्रका क्षेत्रगत योजनाहरु तर्जुमा गरी वडाका जनप्रतिनिधीहरुको नेतृत्वमा योजनाहरुको वडास्तरीय प्राथमिकिकरण गरिन्छ । आवश्यकता पहिचान गर्ने कार्य खानेपानीको हकमा मापदण्डमा आधारित प्राथमिकीकरण औजार (CBRT) को आधारमा समुदायको विद्यमान अवस्था, कठिनता विश्लेषण, वास्तविक माग र प्राबिधिक परामर्शलाई समेत आधार गरिएको छ भने अन्य योजनाहरुको हकमा बढी क्षेत्रफल, जनसंख्या लाभान्वित हुने, प्रतिव्यक्ति लागत कम हुने, बिगत ५ वर्षमा कुनै पनि निकायबाट बजेट बिनियोजन नभएको तथा ब्यबस्थापकीय क्षमता राम्रो भएका र आयआर्जनमा सहयोग पुग्ने मापदण्डको आधारमा योजनाहरु छनौट गरिएका छन् ।

वडामा योजना तर्जुमा गर्दा योजना तथा कार्यक्रमहरुलाई वडाले कार्यान्वयन गर्ने तथा बाह्य सहयोग र कार्यान्वयन गरिने गरि छुट्टाएर नगर पालिका र नगरपालिका स्तरको गुरुयोजनामा समाबेश गर्ने गरि तय गरिन्छ। वडा स्तरको योजना तर्जुमा गोष्ठी सामान्यतया २ दिनको हुने भए पनि स्रोत तथा संकलित तथ्याङ्क, प्रस्तावित योजना स्तरीय भूगोलको पुनरावलोकन गर्नु पर्ने अवस्थामा यो प्रकृया एक वडाका लागि २ देखि ३ दिन सम्मको हुन सक्दछ । वडा स्तरवाट तर्जुमा गरिएका योजनाहरुलाई अन्तिम रुप दिई जलउपयोग गुरुयोजनामा समाबेश गर्नको लागि नगर पालिका र नगरपालिका स्तरमा २ देखि ३ दिने जलउपयोग गुरुयोजना लगानी नीति तथा योजना तर्जुमा गोष्ठी आयोजना गरी सहभागितात्मक ढंगवाट सबै योजनाहरुको प्रस्तुतिकरण, आवश्यक छलफल एवं समायोजन एवं प्राथमिकिकरण गरी स्थानीय तह तथा अन्य सरोकारवाला सहयोगी

संघ(संस्थाहरुबाट योजनाहरुको कार्यान्वयन, परिचालन एवं प्राथमिकता क्रमको अनुसरण गर्न प्रतिबद्धता सहित अनुमोदन गर्ने कार्य सम्पन्न गरिन्छ

**कार्यान्वयन चरण**

यो जलउपयोग गुरुयोजनाको अन्तिम चरण हो जसमा सम्पुर्ण योजनाहरुको कार्यान्वयन, उपलब्धिहरुको मापन एवं समिक्षा जस्ता कार्यहरु सम्पादन गरिने छन । यस चरणमा जलउययोग गुरुयोजनाको प्रथमिकता क्रममा रहेका योजनाहरुको अनुसरण, कार्यान्वयन, स्रोत परिचालन, अनुगमन मूल्यांकन एवं सम्पर्क समन्वय का गतिविधिहरु सञ्चालन गरी जलउपयोग गरुयोजनाको उपलब्धि हासिल गरिनुको साथै समय सापेक्ष नगर पालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयन स्थितिको समिक्षा गरी अवश्यकता अनुसार गुरुयोजनाको अद्यावधिक गरिने छ ।




चित्र-२: जलउपयोग गुरुयोजना निर्माणका चरणहरु

# अध्याय-२: पालिकाको पार्श्वचित्र

## २.१. पालिकाको संक्षिप्त परिचय

नेपालको कर्णाली प्रदेश अन्तर्गत कालिकोट जिल्लामा पर्ने खाँडाचक्र नगरपालिका नेपाल सरकार मन्त्रिपरिषदको मिती २०७३ साल फाल्गुन २७ गतेको निर्णयानुसार गठन भएको नगरपालिकाहरू मध्ये एक नगरपालिका हो । यस नगरपालिका साबिकका मान्म, पाँखा, दाँहा, गाबिस तथा बदालकोट गाबिसको वडा न १,२, र ३ र भर्ता गाबिसको वडा न ८ समाहित गरि निर्माण गरिएको हो । यस नगरपालिका हाल ११ वटा वडामा विभाजित रहेको छ । यो नगरपालिका कर्णाली प्रदेशको राजधानी सुर्खेत जिल्ला सदरमुकामबाट १२५ कि.मि. दुरी उत्तरमा अवस्थित छ र यस नगरपालिकाको पूर्वमा तिलागुफा नगरपालिका ,पश्चिममा कर्णाली नदि, उत्तरमा पचालझरना गाउँपालिका र दक्षिणमा शुभाकलिका गाउँपालिकासँग सिमाना जोडिएको छ । पहाडी क्षेत्रमा अवस्थित कालिकोट जिल्लाको यो खाँडाचक्र नगरपालिकाको भू-क्षेत्र विविधतायुक्त छ । नगरको लेख खण्ड केहि पहाडी भू-भागमा हिउँ पर्ने देखि कर्णाली नदी किनारमा वेशीहरु पनि रहेका छन् । यस नगरपालिकाको भू-क्षेत्र भिरालो रहेको देखिन्छ । यस नगरपालिकाको अधिकांश भू-भाग चट्टानले ढाकेको छ भने केहि भू-भाग घाँसे भीरपाखा तथा चरन क्षेत्रको रुपमा रहेको छ । तसर्थ यस नगरपालिकामा खेतीयोग्य जमिनको अभाव छ । प्राकृतिक स्रोत साधन विशेष गरी बहुमुल्य तथा प्रशिद्ध जडिबुटी, र सांस्कृतिक तथा धार्मिकस्थल पन्चदेवल मन्दिर यस नगरपालिकाकाको विकासका संभाव्य स्रोतहरु हुन् र यी क्षेत्रहरुको विकास र व्यवस्थापनमा लगानी गरेर मात्र नगरको विकासलाई गति दिन सकिन्छ ।

यस नगरपालिकाको क्षेत्रफल १३३.२९ वर्ग कि.मि. रहेको छ । यो नगरपालिकाको अक्षांश २९ °१४ ' उत्तर देखि २९° ८' उत्तर सम्म र देशान्तर ८१°६१' पूर्व देखि ८१°३६' पूर्व सम्म छ भने समुन्द्र सतहबाट उचाई ७३५ मिटर देखि ३७४५ मिटर सम्म रहेको छ । यस नगरपालिकाको सबै बस्ति र वडाहरु भिरालो पहाडी तथा उच्च भू-भागमा रहेका छन् ।

यस नगरपालिकाको जनगणना सर्वेक्षण २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार कूल घरधुरी संख्या ३,२६६ र कुल जनसंख्या २३,३३६ रहेको छ । जसमध्ये महिला जनसंख्या ४८.८०% र पुरुष जनसंख्या ५१.२०% रहेको छ । तथापी हाल जलउपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएको तथ्यांक अनुसार कूल घरधुरी संख्या ४४९६ र जनसंख्या २६७७६ रहेको देखिन्छ ।

खाँडाचक्र नगरपालिकाको घरधुरी सर्वेक्षण, २०७५ अनुसार, नगरपालिकामा हिन्दु धर्मवालम्वीहरुको जनसंख्या सवै भन्दा वढी (९९.९५ प्रतिशत) रहेको छ । दोश्रो र तेश्रो स्थानमा क्रमशः क्रिष्चियन र वौद्धधर्मवालम्वीहरु पाईन्छ । यी धर्मवालम्वीहरु बाहेक अन्यको जनसंख्या नरहेको देखिन्छ । यस नगरपालिकामा विभिन्न खालका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु रहेका छन् । नगरको सिमाना क्षेत्रमा प्राकृतिक स्रोत र मन्दिर जस्ता सम्पदा यस नगरपालिकामामा रहेका छन् । हिन्दु समुदाय बीचको हार्दिकतापूर्ण सम्बन्ध रहेको यस नगरमा विभिन्न उत्सव र चाडपर्वमा आउने गर्दछन् । शिवरात्री, दशैं, माघे संक्रान्ती, चैते दशैं, तिहार, फागु पूर्णीमा जस्ता चाडपर्वमा विषेशगरी यसक्षेत्रमा मानिसहरुको जमघट हुने गर्दछ । पहाडी समुदायको मौलिक संस्कृतिले

पनि यस क्षेत्रको विशिष्ट साँस्कृतिक पहिचान बोकेको छ । वडा नं १ मा पर्ने पन्चदेव मन्दिर एउटा सार्वजनिक धार्मिक स्थाल समेत रहेको छ ।

## २.२. भौगोलिक अवस्थिति र पहुँच


खाँडाचक्र नगरपालिकाको भौगोलिक अवस्थिति हेर्दा यो कर्णाली प्रदेशको कालिकोट जिल्लामा पर्ने नौ स्थानीय तह (सात गाउँपालिका र दुई नगरपालिका) मध्ये एक हो । कूल १३३.२९ वर्ग किलोमिटर क्षेत्रफलमा अवस्थित रहेको छ । यो नगरपालिकाको सिमानामा पूर्वमा तिलागुफा नगरपालिका पश्चिममा नरहरिनाथ गाउँपालिका, उतरमा पचालझरना र सन्नीत्रिवेणी गाउँपालिका र दक्षिणमा शुभकालिका र महावै गाउँपालिका पर्दछन् । भौगोलिक क्षेत्र र वनौटको हिसावले हेर्दा यो नगरपालिका पहाडी क्षेत्रमा पर्दछ । पहाडी क्षेत्रको रुपमा चिनिएको यो नगरपालिका पर्यावरणीय क्षेत्र तथा जलवायुको हिसावले हेर्दा पहाडी होचो नदीतट देखि उच्च पहाडी क्षेत्र मा रहेको पाइन्छ । यस नगरपालिकामा शितोष्ण, समशितोष्ण र उतोष्ण तीनै किसिमको हावापानी पाइन्छ । विविधतापूर्ण हावापानी र भू-प्राकृतिक संरचनाका कारणले गर्दा नेपालको अन्य पहाडी क्षेत्र जस्तै यहाँको हावापानी पनि विविधतापूर्ण रहेको पाइन्छ । यस नगरमा अग्ला पहाड र लेक भएको हुँदा जलस्रोत र पर्यावरणीय विविधतामा धनि रहेको यस क्षेत्रको लेक खण्डमा हिउँ परेको हुन्छ ।

यस खाडाचक्र नगरपालिकाको सबै भाग पहाडी क्षेत्र रहेको छ । यस नगरपालिका समुद्री सतहबाट ७३५ मिटर देखि ३७४५ मिटर सम्म उचाईमा अवस्थित रहेकोले गर्मीयाममा हल्का गर्मि हुन्छ र जाडोयाममा चिसो तथा कहिले काहिँ हिउँ पर्ने हुन्छ । यस नगरपालिकाको संक्षिप्त विवरण अनुसार, नगरपालिका भित्र सडक संजालको अवस्था राम्रो रहेको छैन । कालोपत्रे सडकको रुपमा सुर्खेत-जुम्ला सडक खण्ड अन्तर्गत करिब ३४ किलोमिटर यस पालिका अन्तर्गत पर्दछ भने बाकि पालिका सदरमुकाम देखि वडासम्म निर्मित सबै सडकहरु कच्ची र हिउँदे समयमा मात्र संचालन हुने खालका छन् । यस पालिकाको मुख्य बजार क्षेत्रहरुमा मान्म बजार, पिलि बजार, जिते खुलालु तेस्रोबजार सेरावाडा र मोल्फा रहेका छन् ।

## २.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति

यो खाँडाचक्र नगरपालिकाको भू-क्षेत्र विविधतायुक्त छ । यस नगरपालिकाको लेख खण्ड केहि पहाडी भू-भागमा हिउँ पर्ने देखि कर्णाली नदी किनार वेशीहरु पनि रहेका छन् । यस नगरपालिकाको भू-क्षेत्र भिरालो रहेको देखिन्छ । यस नगरपालिकाको अधिकांश भू-भाग चट्टानले ढाकेको छ भने केहि भू-भाग घाँसे भीरपाखा तथा चरन क्षेत्रको रुपमा रहेको छ । यस नगरपालिकामा खेतीयोग्य जमिनको अभाव छ । प्राकृतिक स्रोत साधन विशेष गरी बहुमुल्य जडिबुटी, र सांस्कृतिक तथा धार्मिक स्थल पन्चदेवल मन्दिर यस नगरपालिकाकाको विकासका संभाव्य स्रोतहरु हुन् । यस नगरपालिकाको कुल क्षेत्रफल १३३.२९ बर्ग कि.मि. (२६२००१.७५ रोपनी) क्षेत्रफल मध्ये खेतीयोग्य जमिन ४९५१०.८४ रोपनी, बनक्षेत्र १११५८८ रोपनी, झाडी/बुट्यान क्षेत्र ३७०७१.८ रोपनी र घाँसे क्षेत्र ६१३६७.६५ रोपनी रहेको देखिन्छ । भू-उपयोग अवस्थिति सम्बधि नक्शा चित्र-२ मा संलग्न गरिएको छ ।


## भू-उपयोग विवरण नक्सांकन




चित्र-३ : पालिकाको भू-उपयोग नक्शा

## २.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरुको विवरण

यस नगर पालिकाको मुख्य जलाधार क्षेत्र भनेको कर्णाली र तीला नदी रहेको छ । यस नगर पालिकामा अन्य उप-जलाधार क्षेत्रको रुपमा सिम्ले खोला, विहानी खोला, राली खोला, मेगाङ खोला, ठोटे खोला, खाडी खोला, ताडी, पिली, पाखा, चौखोला, बदालकोट खोला आदि लगायतका स्रोतहरु रहेका छन् । नगरपालिकामा बिद्यमान रहेको तीला नदीबाट पनी पानी लिफ्ट गरी केही क्षेत्रहरुमा जलस्रोतको थप परिपुर्ति गर्न सकिने सम्भावना रहेको छ ।




चित्र-४: पालिकामा रहेका प्रमुख जलाधार तथा उप-जलाधारहरु

## २.५. पालिकाको सामाजिक तथा आर्थिक विवरण

### २.५.१. पालिकाको घरधुरी तथा जनसंख्या विवरण

| वडा न | बस्ति संख्या | संकलित तथ्यांक अनुसार जम्मा घरधुरी | जनसंख्या |
|---|---|---|---|
| १ | १३ | ४३६ | २६७० |
| २ | १४ | ६७७ | ४६८२ |
| ३ | १६ | २९६ | १९४३ |
| ४ | ७ | २८४ | १५६४ |
| ५ | १० | ४८३ | २६१३ |
| ६ | ७ | ४५१ | २६४० |
| ७ | ५ | १७६ | ८९३ |
| ८ | ११ | २९५ | २२२० |
| ९ | ६ | २९६ | ४१४५ |
| १० | ७ | २६३ | १८६८ |
| ११ | ७ | ३१७ | १५३८ |
| **जम्मा** | **१०३** | **४४९६** | **२६७७८** |

**तालिका २: वडागत रुपमा बस्ति, घरधुरी र जनसंख्याको विवरण**

नगरपालिका स्तरीय जलउपयोग गुरुयोजना निर्माण प्रकृयाका लागि संकलन गरिएका तथ्यांकहरुको विश्लेषण गर्दा यस नगरपालिकामा जम्मा १०३ वटा मुख्य बस्तीहरु भएको देखिन्छ । त्यसैगरी यस नगरपालिकाको कूल घरधुरी संख्या नगर घरधुरी सर्वेक्षण २०७५ अनुसार ३७१६ रहेको छ भने कुल जनसंख्या २२४८५ रहेको देखिन्छ तर यस जलउपयोग गुरुयोजना तयारीको क्रममा टोलहरुबाट संकलित तथ्यांक अनुसार कुल घरधुरी ४४९६ रहेको छ भने कुल जनसंख्या २६७७८ रहेको छ । जसमध्ये कुल जनसंख्याको ४८.८०% महिला र ५१.२० % पुरुष रहेका छन् । वडागत रुपमा जनसंख्या र घरधुरीको विवरण निम्न तालिका-२ अनुसार रहेको छ । जलउपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएको तथ्यांक र पालिका जनगणना सर्वेक्षण २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार घरधुरी र जनसंख्यामा वृद्धि भएको देखिन्छ । पालिका तथा वडास्तरमा छलफल गर्दा वृद्धि हुनुका मुख्य कारणहरुमा पशु पालनको लागि खर्क र गाउँ गरि दोहोरो बस्ति हुनु मुख्य कारण रहेको देखिन्छ । तलको तालिका-२ मा वडागत बस्ति संख्या, घरधुरी र जनसंख्याको विवरण दिइएको छ भने वडा तथा टोल अनुसारको घरधुरी र जनसंख्या विवरण **अनुसूची-१** मा दिइएको छ ।

### २.५.२. जातियता

यस नगर पालिकामा मुख्यगरि ब्राह्मण/ठकुरी/क्षेत्री र दलित जातिहरुको बाहुल्यता रहेको छ । संकलन गरिएको प्रारम्भिक तथ्यांक हेर्दा सबै भन्दा बढी अर्थात् ६६% (२,९७५) घरधुरी ब्राह्मण/ठकुरी/क्षेत्री र ३४% (१५२१) घरधुरी दलित रहेका छन् । वडा अनुसार जातिगत घरधुरी विवरण तलको तालिका-३ मा दिइएको छ।

तालिका ३: वडा अनुसार जातिगत घरधुरीको विवरण

| वडा न. | जम्मा बस्ति संख्या | घरधुरी संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य | जम्मा |
| १ | १३ | ५४६ | ४१४ | ० | ० | ० | ० | ४३६ |
| २ | १४ | ३०० | ३७५ | ० | ० | ० | ० | ६७५ |
| ३ | १६ | २८४ | १२ | ० | ० | ० | ० | २९६ |
| ४ | ७ | ११४ | १७० | ० | ० | ० | ० | २८४ |
| ५ | १० | ३५७ | १२६ | ० | ० | ० | ० | ४८३ |
| ६ | ७ | ३४६ | १०५ | ० | ० | ० | ० | ४५१ |
| ७ | ५ | १६४ | १२ | ० | ० | ० | ० | १७६ |
| ८ | ११ | २०४ | ९१ | ० | ० | ० | ० | २९५ |
| ९ | ६ | २१६ | ८० | ० | ० | ० | ० | २९६ |
| १० | ७ | १९५ | ६८ | ० | ० | ० | ० | २६३ |
| ११ | ७ | २४९ | ६८ | ० | ० | ० | ० | ३१७ |
| **जम्मा :** | **१०३** | **२९७५** | **१५२१** | **०** | **०** | **०** | **०** | |
| **प्रतिशत :** | | **६६%** | **३४%** | **0%** | **0%** | **0%** | **0%** | **१००%** |

## २.५.३. साक्षरता विवरण

खाँडाचक्र नगरपालिकाको नगर घरधुरी सर्वेक्षण ड्राफ्ट प्रतिबेदन २०७५/०७६ अनुसार यस पालिकाको ५ बर्षमाथिको जनसंख्यामा साक्षरता दर हेर्दा कुल साक्षारता दर ८३.३७% रहेको छ, जसमध्ये पुरुष साक्षरता दर ४३.४२% रहेको छ भने महिला साक्षरता दर ३९.९४% रहेको छ । वडागत रुपमा साक्षरता दर हेर्दा तालिका-४ अनुसार रहेको देखिन्छ ।

तालिका ४: वडागत रुपमा साक्षरता विवरण (५ बर्ष माथिको)

| वडा नं. | साक्षर जनसंख्या (साक्षरता विवरण ) | | | | कैफियत |
|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | |
| | संख्या | प्रतिशत (%) | संख्या | प्रतिशत (%) | |
| १ | २०९८ | ९.३३ | १७८६ | ७.९४ | |
| २ | १६२३ | ७.२२ | १४९१ | ६.६३ | |
| ३ | ६२४ | २.७८ | ५४५ | २.४२ | |
| ४ | ६४६ | २.८७ | ५५६ | २.४७ | |
| ५ | १०३८ | ४.६२ | ९६८ | ४.३१ | |
| ६ | १२०४ | ५.३५ | ९९२ | ४.४१ | |
| ७ | ४०२ | १.७९ | ३९३ | १.७५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ८०५ | ३.५८ | ७१८ | ३.१९ | |
| ९ | ५३१ | २.३६ | ४९४ | २.२ | |
| १० | ४८३ | २.१५ | ४५७ | २.०३ | |
| ११ | ४५६ | २.०३ | ४३५ | १.९३ | |
| **जम्मा :** | **९७६४** | **४३.४२%** | **८९८१** | **३९.९४%** | |

## २.५.४. पेशा व्यवसाय

यस नगरपालिकाका बासिन्दाहरुले जीविकोपार्जनका लागि मुख्य गरि कृषि तथा पशुपालन पेशा व्यवसायहरुमा संलग्न हुदै आईरहेका छन् । जसमा कुल जनसंख्याको करिव ४१% संलग्न रहेको देखिन्छ भने त्यसपछि पशुपालनमा ३२%, साना तथा मझौला खालका ब्यापार व्यवसायहरुमा ३० % रहेका छन् । यसका साथै सरकारी सेवा लगायत प्राइभेट क्षेत्रमा जागिर भएका १८% जनसंख्या संलग्न रहेको देखिन्छ । वडागत रुपमा विभिन्न पेशा व्यवसायमा संलग्नहरुको विवरण निम्न **तालिका-५** मा उल्लेख गरिएको छ ।

**तालिका ५: वडा अनुसार विभिन्न पेशा/व्यवसायमा संलग्न जनसंख्याको विवरण**

| वडा नं. | व्यवसाय सम्बन्धि विवरण | | | कैफियत |
|---|---|---|---|---|
| | कृषी | लघु उद्यम | सरकारी/गैर सरकारी क्षेत्र नौकरी | |
| १ | ४५२ | ६६६ | २९८ | |
| २ | २०८ | ४४ | ५३ | |
| ३ | ३५० | ३८ | ६२ | |
| ४ | २७२ | ५५ | ३४ | |
| ५ | ४९४ | ५९ | ६६ | |
| ६ | १०४ | ४९ | २३ | |
| ७ | २२१ | ५९ | ३८ | |
| ८ | २२० | ६५ | २४ | |
| ९ | ६० | १५ | ११ | |
| १० | १५४ | ४३ | २१ | |
| ११ | १७५ | २१ | ३६ | |
| **जम्मा :** | **२७१०** | **१११४** | **६६६** | |

## २.५.५. कृषि र जीविकोपार्जन

कालिकोट जिल्ला मध्ये पहाडी र उच्च पहाडी भू-भाग भएको जिल्ला हुनाले खाद्ध्यान्न उत्पादनका हिसावले एकदमै कम उत्पादन हुने जिल्लामा पर्दछ । माटोको उत्पादकत्व क्षमता कम रहेको र पहाडी भिरालो जमिन

भएको कारणले माटो मलिलो नहुने हुँदा खाद्ध्य बालीहरुको उत्पादन कम हुने भएतापनि फलफुल तथा बहुमुल्य जडिबुटीहरुको प्रशस्त सम्भावना रहेको देखिन्छ । यस खाडाचक्र नगरपालिकाका मुख्य कृषि खाद्यबालिहरुमा मकै, कोदो, गहुँ, आदि मुख्य रुपमा रहेका छन् । कृषि उत्पादनका लागि सिंचाइको राम्रो ब्यबस्था भएको खण्डमा गहुँ तथा धान उत्पादनमा पनि वृद्धि हुने देखिन्छ । साथै भेडाच्यांग्रा पालन र पशुपालनका लागि भने यस पालिकाको हावापानी उपयुक्त रहेको देखिन्छ संकलित तथ्यांकहरुको विश्लेषण गर्दा आफ्नै कृषि उत्पादनबाट ९-१२ महिना खान पुग्ने घरधुरी १५% रहेका छन् भने ६-९ महिनासम्म खान पुग्ने घरधुरिहरु २१% र ६ महिना भन्दा कम खान पुग्ने घरधुरीहरु ६४% रहेको देखिन्छ । वडागत अनुसार खाधान्न पहुँचको अवस्था निम्न तालिका न. ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५ः वडागत रुपमा खाधान्न पहुँचको अवस्था विवरण**

| वडा न. | वडाको जम्मा घरधुरी | खाधान्न पहुँचको अवस्था (घरधुरी -आफ्नै उत्पादन बाट ) | | |
|---|---|---|---|---|
| | | ६ महिना भन्दा कम पुग्ने | ६-९ महिना सम्म पुग्ने | ९-१२ महिना सम्म पुग्ने |
| १ | ९६० | २२७ | २१७ | ५१६ |
| २ | ६७५ | ५६० | १०३ | १२ |
| ३ | २९६ | २४० | ४८ | ८ |
| ४ | २८४ | १६९ | ८३ | ३२ |
| ५ | ४८३ | ३६९ | १०५ | ९ |
| ६ | ४५१ | ३६२ | ८६ | ३ |
| ७ | १७६ | १२७ | ४२ | ७ |
| ८ | २९५ | २४९ | ३८ | ८ |
| ९ | २९६ | २१७ | ६९ | १० |
| १० | २६३ | १७० | ६४ | २९ |
| ११ | ३१७ | १९७ | ९२ | २८ |
| **जम्मा :** | ४४९६ | २८८७ | ९४७ | ६६२ |
| प्रतिशतः | | ६४% | २१% | १५% |


यस बाहेक पालिकाको अवस्था हेर्दा कृषि उत्पादन बाहेक जीविकोपार्जन अन्य स्रोतहरु जस्तै; खुद्रा ब्यापार, साना ब्यबसाय, मौरीपालन तथा फलफुल ब्यबसाय आदि रहेका छन् ।

### २.५.६. मौसमी पात्रो तथा कार्यबोझ

यस नगरपालिकामा आगामी दिनहरुमा समुदायमा आधारित विकासका क्रियाकलापहरु सञ्चालन गर्न समुदायका मानिसहरुको कार्य ब्यस्तताको समय जान्न आवश्यक छ । समुदायका बहुसंख्यक मानिसहरु स्थानीय कृषि तथा मजदुरी जस्ता क्रियाकलापहरु सञ्चालन गरी जीविकोपार्जन गर्ने भएकाले समुदायको फुर्सदलाइ मध्यनजर

गरी विकासका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हन्छ । तसर्थ समुदायको फुर्सदको समय थाहा पाउन महिना अनुसार मौसमी पात्रो तयार पारिएको छ । यस नगरपालिकाको तयार पारिएका वडागत तथ्यांकहरुलाई विश्लेषण गर्दा नगरपालिकाका मानिसहरु कार्तिक देखि मंगसिर महिनामा खेतीबारीको कार्यमा व्यस्त हुने गरेको देखिन्छ भने जेष्ठ देखि श्रावण महिनामा धान रोपाइँ, मकै तथा कोदो गोडमेल कार्यमा व्यस्त हुन्छन भने मंसिर देखि चैत्र महिनामा मात्रै अलि फुर्सदिलो हुने तथ्यांकले देखाएको छ । तथापी यस अवधिमा पनि पुरुष हरु दैनिक ज्याला मजदुरीका लागि जिल्ला भित्रै, जिल्ला बाहिर वा छिमेकी मुलुक भारतमा समेत जाने गरेको देखिन्छ भने महिलाहरु घरायसी कामकाजमा व्यस्त हुने देखिएको छ ।


समग्रमा यस नगरपालिकामा पुरुषहरु भन्दा महिलाहरु सबै महिनामा काममा बढी ब्यस्त हुने अवस्था तथ्यांक विश्लेषणले देखाउछ । वडाका महिला र पुरुषको प्रत्येक महिना ब्यस्त हुने समयको को विश्लेषण ग्राफ-१ मा प्रस्तुत गरिएको छ ।




**ग्राफ-: १ समुदायका व्यक्तिहरु सिजन अनुसारको काममा व्यस्त हुने समय ( महिना/दिन)**

### २.५.७. पालिकामा उपलब्ध मानव संशाधनको विश्लेषण

कुनै पनि विकास निर्माणका क्रियाकलापहरुलाई गुणस्तरीय र दीगो रुपमा सञ्चालन गर्न स्थानीय स्तरमा सिप भएका दक्ष जनशक्ति हुन अति आवश्यक छ । यस नगरपालिकामा कुल २०८ जना विभिन्न दक्षता र सीप भएका जनशक्ति उपलब्ध छन् । जसमध्ये सबैभन्दा बढी दक्ष मिस्त्री ७७ जना र काठको कामगर्ने सिकर्मी ४८ जना रहेका छन् भने खानेपानी प्लम्बिंग गर्ने १७ जना रहेका देखिन्छन । वडा अनुसार उपलब्ध मानवस्रोतको विवरण ग्राफ-२ मा प्रस्तुत गरिएको छ ।




**ग्राफ-२: पालिकामा उपलब्ध दक्ष मानवश्रोतको वडागत विवरण**

### २.५.८. स्थानीय निर्माण सामग्रीहरुको उपलब्धता

यस नगरपालिकामा स्थानीय स्रोत तथा निर्माण सामग्रीहरुको प्रयाप्तता रहेको छ । ढुङ्गा, बालुवा, काठ, गिट्टी जस्ता स्थानीय निर्माण सामाग्रीहरु वडाको हाता भित्र नै उपलब्ध छन् । वडामा ढुंगाको स्रोतको लागि नगरपालिकाका सबै वडाहरुको विभिन्न खोला/खहरेहरु जुन नगर पालिकाबाट बालुवा/ढुंगा उत्खननका लागि अनुमति प्राप्त छन् जस्तैः कर्णाली नदिबाट प्रयाप्त मात्रामा उपलब्ध हुने सम्भावना छ । ढुंगा र गिट्टी नगरपालिकाका सबै वडाहरुमा प्रयाप्त मात्रामा उपलब्ध भईराखेको छ भने बालुवा र काठको लागि केही वडाहरुलाई अरु वडाहरुमा जानुपर्ने

बाध्यता रहेको छ । वडा अनुसार स्थानीय सामग्री उपलब्धता सम्बन्धी थप विस्तृत विवरण तलको तालिका-७ मा उल्लेख गरिएको छ ।

**तालिका ६: स्थानीय सामग्रीहरुको उपलब्धताको अवस्था**

| वडा न. | स्थान/दुरी | ढुंगा | गिट्टी | बालुवा | काठ/अन्य |
|---|---|---|---|---|---|
| १ | पाइने स्थान | सबै स्थानमा | सबै स्थानमा | कर्णाली नदि | सबै स्थानमा |
| | दुरी (कि.मि.) | ५०० मि. | ५०० मि. | १० कि.मि | ५०० मि. |
| २ | पाइने स्थान | सबै स्थानमा | सबै स्थानमा | कर्णाली नदि | सबै स्थानमा |
| | दुरी (कि.मि.) | ५०० मि. | ५०० मि. | ९ कि.मि | ५०० मि. |
| ३ | पाइने स्थान | सबै स्थानमा | सबै स्थानमा | कर्णाली नदि | सबै स्थानमा |
| | दुरी (कि.मि.) | ५०० मि. | ५०० मि. | ७ कि.मि | ५०० मि. |
| ४ | पाइने स्थान | सबै स्थानमा | सबै स्थानमा | कर्णाली नदि | सबै स्थानमा |
| | दुरी (कि.मि.) | ५०० मि. | ५०० मि. | १५ कि.मि | ५०० मि. |
| ६ | पाइने स्थान | सबै स्थानमा | सबै स्थानमा | कर्णाली नदि | सबै स्थानमा |
| | दुरी (कि.मि.) | ५०० मि. | ५०० मि. | १२ कि.मि | ५०० मि. |
| ७ | पाइने स्थान | सबै स्थानमा | सबै स्थानमा | कर्णाली नदि | सबै स्थानमा |
| | दुरी (कि.मि.) | ५०० मि. | ५०० मि. | १० कि.मि | ५०० मि. |
| ८ | पाइने स्थान | सबै स्थानमा | सबै स्थानमा | कर्णाली नदि | सबै स्थानमा |
| | दुरी (कि.मि.) | ५०० मि. | ५०० मि. | १२ कि.मि | ५०० मि. |
| ९ | पाइने स्थान | सबै स्थानमा | सबै स्थानमा | कर्णाली नदि | सबै स्थानमा |
| | दुरी (कि.मि.) | ५०० मि. | ५०० मि. | १२ कि.मि | ५०० मि. |
| १० | पाइने स्थान | सबै स्थानमा | सबै स्थानमा | कर्णाली नदि | सबै स्थानमा |
| | दुरी (कि.मि.) | ५०० मि. | ५०० मि. | १ कि.मि | ५०० मि. |
| ११ | पाइने स्थान | सबै स्थानमा | सबै स्थानमा | कर्णाली नदि | सबै स्थानमा |
| | दुरी (कि.मि.) | ५०० मि. | ५०० मि. | ३ कि.मि | ५०० मि. |

## २.६. सेवाकेन्द्रहरु सम्बन्धि विवरण

यस नगरपालिकामा स्थानीय सेवा केन्द्रको रुपमा हरेक वडामा आधारभुत/तथा माध्यमिक विद्यालयहरु रहेका छन् । त्यसै गरी ९ वटा स्वास्थ्य संस्था/ चौकीहरु पनि रहेका छन । हाल स्थानीय तहको संरचना निर्माण भएपछि हरेक वडामा वडा कार्यालयहरु स्थापित भएका छन । उक्त संघसंस्थाहरुको विद्यमान खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण अर्को खण्डमा उल्लेख गरिएको छ भने थप विस्तृत विवरण तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७: पालिकामा रहेका सेवाकेन्द्रहरुको विवरण**

| क्र.स. | सेवा केन्द्रको नाम | कार्यालय स्थित वडा र स्थान | कैफियत |
|---|---|---|---|
| १. | सामुदायिक स्वास्थ्य सेवाकेन्द्रहरु | ११ वटै वडाहरुमा १/१ वटा | |
| २. | जिल्ला अस्पताल | वडा न. १, मान्म बजार | |
| ३. | नगर शिक्षा इकाई | वडा न. १, मान्म बजार | |
| ४. | बिद्यालय (आधारभूत/मा.बि. तह ) | सबै वडामा रहेका | |
| ५. | क्याम्पस (स्नातक तहसम्म) | वडा न. १, मान्म बजार | |


## २.७. विकास साझेदारहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धि विवरण

यस खाँडाचक्र नगरपालिकामा सरकारी निकायहरु बाहेक अन्य दातृ निकाय/बिकास साझेदारहरुले पनि विभिन्न क्षेत्रमा कार्यक्रम संचालन गर्दै आईरहेका छन् । बिशेष गरि कृषि उत्पादन/बजारीकरण, स्वास्थ्य सरसफाइ, विपद जोखिम न्यूनीकरण लगायत सामाजिक/आर्थिक बिकासका क्रियाकलापहरु आदिमा सघाउ पुरयाउदै आईरहेका छन् । पालिकामा कार्यरत मुख्य विकास साझेदार तथा गैर सरकारी संस्थाहरुको विवरण निम्न तालिका-९ र अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८: मुख्य विकास साझेदार तथा गैर सरकारी संस्थाहरुको विवरण**

| क्र.स. | बिकास साझेदार वा गैर्र सरकारी संस्थाको नाम | कार्यक्रमको क्षेत्र |
|---|---|---|
| १. | युएसएआईडी | जीविकोपार्जन, जलस्रोत |
| २. | युनिसेफ | WASH, पोषण, जीविकोपार्जन |
| ३. | डेप्रोक्स (DEPROC) | जीविकोपार्जन |
| ४. | लघुवित्त | जीविकोपार्जन |
| ५. | HELVETAS/WARM-P | खानेपानी तथा सरसफाइ |
| ६. | भकारी, साहस नेपाल | कृषी |

माथि तालिका न. ७ मा उल्लेख गरिएका विकासे साझेदारहरु तथा गैर सरकारी संस्थाहरु बाहेक पालिकास्तरमा विभिन्न सामुदायिक संस्थाहरु, सामुदायिक बन उपभोक्ता समूहहरु, कृषि समुहहरु/आमा समुहहरु पनि गठन भएका छन् । ति समुदायमा आधारित संस्थाहरुले कुनै न कुनै रुपमा समुदायको सामाजिक तथा आर्थिक क्रियाकलापहरुमा सहयोग पुरयाउदै आईरहेका छन् । यसका साथै समुदाय स्तरमा विभिन्न सहयोगी निकायहरुको




**ग्राफ -३: वडागत रुपमा सहकारी संख्या**

सहजीकरण वा स्वस्फुर्त रुपमा ४ वटा सहकारी संस्थाहरु गठन भई समुदायस्तरमा बचत ऋण लगायत लघु उद्द्म प्रबर्धन मार्फत आर्थिक गतिविधिहरुलाई चलायमान बनाउन सहयोग पपुरयाउदै आईरहेका छन् । वडागत रुपमा रहेका सहकारी संस्थाहरुको विवरण **तलको तालिका -१०** अनुसार रहेको देखिन्छ भने वडागत रुपमा सहकारीहरुको संख्या ग्राफ- ३ मा दिइएको छ भने बिस्तृत विवरण **अनुसूची-३** मा दिएको छ ।


**तालिका ९: वडा अनुसार सहकारी संस्थाहरुको विवरण**

| वडा न. | जम्मा सहकारी संख्या | सहकारी को किसिम | शेयर सदस्य संख्या | | | | जम्मा शेयर पुँजी (रु.)'००० | संचित कोष (रु.)'००० | ऋण लगानी (रु.)'००० |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | अन्य | जम्मा | | | |
| १ | १ | बचत ऋण | १८५ | ७४५ | ० | ९३० | ८२५३ | ३०७६४ | ३९२७१ |
| ३ | १ | बहु-उद्देश्य | ५५० | १०० | ० | ६५० | ३०० | १० | २२०० |
| ७ | १ | बचत ऋण | ११६६ | २१३ | ० | १३७९ | ६९९५ | २०५११ | ५२६९८ |
| १० | १ | बहु-उदेश्य | २० | २० | ० | ४० | ० | ० | ० |
| जम्मा : | ४ | | १९२१ | १०७८ | ० | २९९९ | १५५४८ | ५१२८५ | ९४१६९ |

# अध्याय-३: विद्यमान जलस्रोतहरुको अवस्था र प्रयोग

## ३.१. पालिकामा उपलब्ध जलस्रोतहरुको विवरण

यस खाडाचक्र नगरपालिकाको सम्पूर्ण वडा तथा भू-भागहरु भिरालो पहाडी क्षेत्र रहेको हुदा पानीको मुख्य स्रोतहरु भनेको मूल, खोल्सी तथा खोलाहरु नै हुन् । यसका अतिरिक्त यस पालिकामा रहेका मुख्य जलाधारहरुमा कर्णाली नदि, तीला नदि रहेका छन् । खानेपानीका लागि यस पालिकाका सत् प्रतिशत घरधुरीहरु भूमिगत




चित्र-५ : खाडाचक्र नगरपालिका हाता भित्र अवस्थित जलश्रोतहरुको नक्शा


मूल, खोल्सी तथा खोलाहरु मै निर्भर रहेका छन् भने सिंचाइका लागि सानातिना खोला र तीला नदीको माध्यमबाट सिंचाइ गर्दै आइरहेका छन्।

## ३.२. पालिकामा उपलब्ध जलस्रोतहरुको विश्लेषण

जलउपयोग गुरुयोजनाको महत्वपुर्ण अंगको रुपमा विद्यमान जलस्रोतहरुको विश्लेषण पर्दछ । समुदायका मानिसहरुले आफ्ना पानीजन्य आवश्यकताहरु जस्तैः पिउने पानी, खाना पकाउने लगायत अन्य घरायसी प्रयोजनका साथै उत्पादन मुलक पेशा ब्यबसायका लागि स्रोतहरुमा पानी यथेष्ट परिमाणमा उपलब्ध छ वा छैन, गुणस्तर के कस्तो रहेको छ, पानीका स्रोतहरुको अवस्थिति वस्तीहरुको तुलनामा माथी वा तल वा भूमिगत स्रोत के कस्तो अवस्थामा रहेका छन्, जलस्रोतहरुको विद्यमान प्रयोग स्थिति र भविष्यको उपयोगको संभावना के-कस्तो रहेको छ, पानीका स्रोतहरुमा विबाद छ/छैन भन्ने अवस्थाको विश्लेषण जलउपयोग गुरु योजनाको अध्ययन चरणमा सामाजिक तथा प्राविधिक अध्ययनका माध्यमबाट गरिन्छ । जस अन्तरगत नगरपालिकामा बर्तमान अवस्थामा प्रयोगमा रहेका तथा भविष्यमा प्रयोगको सम्भावना रहेका हरेक स्रोतहरुको स्थलगत अवलोकन गरी सामाजिक तथा प्राविधिक विश्लेषण गरिन्छ र सहभागीतात्मक ढङ्गबाट तथ्याङ्क संकलन गर्ने गरिन्छ । यस खाडाचक्र नगरपालिकामा जलउपयोग गुरुयोजना तयारीका क्रममा उपलब्ध जलस्रोतहरुको विवरण निम्न अनुसार गरिएको छ ।

### ३.२.१. स्रोतहरुको अवस्थितिको आधारमा जलस्रोतहरुको विश्लेषण

हालसम्म (मापन गरिए अनुसार) यस नगरपालिकामा जम्मा २२१ वटा जलस्रोतहरु रहेका छन् । सम्भावित प्रयोजनलाई यकिन गर्नको लागि गरिएको सामाजिक तथा प्राविधिक अध्ययनको क्रममा हरेक स्रोत र मुख्य बस्तीहरुको अवस्थित उचाई पनी मापन गरिएको छ । विद्यमान स्रोतहरुको अवस्थित उचाई र उपलब्ध क्षमता मापनबाट स्रोत हरुको सम्भावित प्रयोजन र समेट्न सकिने वस्तीहरुको यकिन गरी योजनाहरुमा स्रोत हरुको बाँडफाड तथा क्षेत्रगत योजनाहरु तर्जुमा गर्न सकिने हुँदा स्रोतहरुको अवस्थितिका बारेमा जानकारी जलउपयोग गुरुयोजनाका लागि अत्ति आवस्यक हुन्छ । यस नगरपालिकामा रहेका विद्यमान स्रोत हरुको अवस्थित उचाईको माध्यमबाट विश्लेषण गर्दा सर्वेक्षण गरिएका जम्मा २२१ वटा विद्यमान स्रोत हरु मध्ये करिब ३४ (१६%) स्रोत हरु समुद्र सतह देखी १००० मिटर भन्दा कम उचाईमा रहेका छन् भने अधिकांश स्रोतहरु करिब १४० (६३%) स्रोतहरु १०००-२००० मिटर उचाइमा अवस्थित छन् भने बाँकी ४७ (२१%) स्रोतहरु २०००





**ग्राफ-४ उचाइको आधारमा विद्यमान श्रोतहरुको विवरण**

मिटर देखि ३००० मिटर उचाईमा रहेको देखिन्छन । उक्त विद्यमान स्रोतहरुको अवस्थिति विश्लेषण माथिको ग्राफ-४ मा र स्रोतहरुको थप विस्तृत अनुसूची-२ मा उल्लेख गरिएको छ ।


### ३.२.२. स्रोतहरुको क्षमताको आधारमा जलस्रोतहरुको विश्लेषण

यस नगरपालिकामा विद्यमान अवस्थामा रहेका स्रोतहरुको उपलब्ध पानीको परिमाणको हिसाबले प्राविधिक विश्लेषण गर्दा मापन गरिएका पानीका स्रोतहरु मध्ये करिव ४४% स्रोतहरुमा पानीको बहाव ०.१ लिटर प्रति सेकेन्ड वा सो भन्दा कम रहेको छ, ४९% स्रोतहरुमा ०.१ लि. देखी ०.५ लिटर प्रति सेकेन्ड, ६% स्रोतहरुमा ०.५ देखी १ लिटर प्रति सेकेन्ड सम्म रहेको छ भने बाँकी ०.४५% स्रोतहरुमा मात्र पानीको बहाव १ लिटर प्रति सेकेन्ड भन्दा बढी पाईएको छ । ग्राफ नं.५ मा विद्यमान पानीका स्रोतहरुको क्षमता विश्लेषण गरिएको छ र तालिका नं. १४ मा वडा अनुसारको विवरण उल्लेख गरीएको छ भने उक्त मूलहरुको थप विस्तृत प्राविधिक तथा सामाजिक विवरण **अनुसूची नं. ४** मा उल्लेख गरिएको छ ।




**ग्राफ-५: क्षमताका आधारमा जलश्रोतहरुको विवरण**

### ३.२.३. स्रोतहरुको गुणस्तरको आधारमा जलस्रोतहरुको विश्लेषण





**ग्राफ-६: गुणस्तरका आधारमा श्रोतहरुको विवरण**

यस पालिकामा मापन गरिएका मुहानहरुको गुणस्तर लाई विश्लेषण गर्दा अधिकांश अर्थात् ५७% मुहानहरु स्विकार्य रहेको पाईएको छ। त्यसैगरि २६% मुहानहरुमा पानीको गुणस्तर सुरक्षित रहेको छ भने १७% मुहानहरुको पानी नराम्रो अर्थात् पिउनयोग्य रहेको छैन । सबै विद्यमान जलस्रोतहरु मुहान, खोला भएको र पानी दुषित हुने सम्भावनाहरु खोलानाला र कुवामा बढी देखिएकोले गर्दा पानी पिउनका लागि प्रयोग गर्दा घरायसीस्तरमा पानी शुद्धीकरणका उपायहरु अवलम्बन गर्नुपर्ने देखिन्छ । हाल जलउपयोग गुरुयोजना निर्माणको क्रममा पानीका मुहानहरुको पानी परिक्षण नगरिएको तर भौतिक रुपमा अधिकांश स्रोतहरु धमिलो नरहेको हुँदा स्वीकार्य अवस्था छ भन्न सकिन्छ । यस नगरपालिकामा गरिएको सर्वेक्षण अनुसार, खानेपानीको शुद्दिकरण नगरी उपभोग गर्ने घरधुरी प्रतिशत ९३.९२% देखिएको छ । उपलब्ध जलस्रोतहरुको गुणस्तर सम्बन्धि सारांश विवरण ग्राफ-६ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण निम्न अनुसूची-४ मा उल्लेख गरिएको छ ।

### ३.२.४. स्रोतहरुको  प्रयोग र सम्भावित उपयोगको आधारमा जलस्रोतहरुको विश्लेषण

यस पालिकामा हाल विद्यमान योजनाहरु बाट करिब ७४% घरधुरिहरुमा पाइप प्रणालीबाट खानेपानी आपूर्ति भएको पाइन्छ भने बाकि ६% घरधुरिहरुबमा पाइप प्रणालीको आधारभुत खानेपानी सेवा नपुगेको अवस्था रहेको छ । पालिकामा उपलब्ध जलस्रोतहरुको विश्लेषण गर्दा हाल करिब ६६% पानीका स्रोतहरु खानेपानी, सिंचाइ, बहु-उपयोगी योजनाहरुमा प्रयोग भएको पाइन्छ भने बाँकी ३३% स्रोतहरु प्रयोग नभएको अवस्थामा रहेका छन् ।उपलब्ध स्रोतहरु मध्ये पानीको बहाव कम भएका अर्थात् ०.१ लि.प्र.से. भन्दा कम क्षमता भएका ४४% स्रोतहरुलाइ मुहान संरक्षण, पोखरी सिंचाइ आदिमा प्रयोग गर्न सकिने सम्भावना देखिन्छ भने बाकि ०.१ लि.प्र.से. भन्दा बढी क्षमता भएका स्रोतहरुको बिस्तृत मापन गरि खानेपानी, सिंचाइ, बहु-उपयोगी योजना र सुधारिएको पानी घट्ट, आदि प्रयोजनका लागि उपयोग गर्न सकिने सम्भावना रहेको देखिन्छ ।पालिका उपलब्ध पानीका स्रोतहरुको प्रयोगको अवस्था सारांश विवरण ग्राफ-७ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण **अनुसूची-२** मा उल्लेख गरिएको छ ।




**ग्राफ-७: पानीका श्रोतहरुको प्रयोगको अवस्था**

### ३.३. बिद्यमान खानेपानी योजनाहरुको अवस्था बिश्लेषण

यस नगरपालिकामा साना ठुला गरि जम्मा ६२ वटा योजना निर्माण भई पाइप प्रणाली मार्फत खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरुले खानेपानी वितरण गरिरहेका छन् । यि विद्यमान खानेपानी योजनाहरु साविकको गाबिसहरु, सामुदायिक खानेपानी तथा विभिन्न संघ संस्थाहरुको सहयोगमा निर्माण भई सञ्चालनमा रहेको देखिन्छ । ति विद्यमान खानेपानी योजनाहरुबाट पालिकाको कुल घरधुरीको करिब ६१% घरधुरीको करिब ७१% जनसंख्या लाभान्वित भएको देखिन्छ । यस नगरपालिका भित्र रहेका वडाहरुमा खानेपानी सेवा पहुच स्थितिलाई हेर्दा वडा नं. १, २, ४ ८ मा आधारभूत स्तरको खानेपानी सेवा स्तर न्युन रहेको छ । त्यस्तै खानेपानी सेवा पुगेका घरधुरीहरु मध्ये २३ प्रतिशत घरधुरीमा एक घर एक धारा जडान भएको छ भने ७७ प्रतिशत घरधुरीले सार्वजनिक धारा, कुवा वा मुहानबाट खानेपानी सेवा उपभोग गरिरहेको पाइन्छ । यस नगरपालिका क्षेत्रका शत प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको खानेपानी सेवा पु-याउन एकीकृत तथा वडागत योजना संचालन गर्नु पर्ने देखिन्छ । यस पालिकामा विद्यमान रहेका ६२ वटा खानेपानी योजनाहरु मध्ये करिब १३% (८ वटा) योजनाहरु मात्रै पानीको गुणस्तर, उपलब्धता, विश्वसनीयता र पहुँचको हिसाबमा ब्यबस्थित रहेका छन् भने बाँकी ८७% योजनाहरु अब्यबस्थित रहेका छन् । त्यसैगरि योजना संचालनको अवस्था हेर्दा ३२%

योजनाहरुको संचालनको अवस्था सन्तोषजनक देखिएतापनि करिब ६८% योजनाहरु अब्यबस्थित रहेको देखिन्छन । आगामी दिनहरुमा यस नगरपालिका भित्र सेवा नपुगेको क्षेत्रमा नयाँ योजनाहरुको निर्माण र सेवा पुगेको क्षेत्रमा विद्यमान योजनाहरुको अवस्था विश्लेषण गरी मर्मत सम्भार, पानी सुरक्षा/सुद्दिकरण तथा दीगोपनाका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । बिद्यमान खानेपानी योजनाहरुको संचालन अवस्था तथ्यांक संकलन गर्ने क्रममा केहि योजनाहरुमा ईन्टेक लगायत संरचनाहरु मर्मत गर्नु पर्ने देखिन्छ । बिद्यमान खानेपानी योजनाहरु बाट लाभान्वित घरधुरी तथा जनसंख्या, बस्तिको बिस्तृत विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ ।भने वडागत साराँस विवरण तालिका-११ मा उल्लेख गरिएको छ ।

**तालिका १०: बिद्यमान खानेपानी योजनाहरुको अवस्था**

| वडा नं. | सेवा क्षेत्रका लाभान्वित घरधुरी | प्रयोग गरिएका स्रोतको आधारमा | | | संचालन अवस्थाको आधारमा | | | निर्माणाधीन योजना | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ब्यबस्थित योजना संख्या | अब्यबस्थित योजना संख्या | असुरक्षित स्रोत संख्या | ब्यबस्थित | सन्तोषजनक | अब्यबस्थित | संख्या | लाभान्वित हुने घरधुरी संख्या | |
| १ | १०२ | ४ | ० | १ | ० | १ | ३ | ० | ० | |
| २ | १८३ | ८ | ० | २ | ० | ० | ८ | ० | ० | |
| ३ | ३२५ | १३ | ० | ० | ० | ० | १३ | ० | ० | |
| ४ | १३३ | ६ | ० | २ | ० | ० | ६ | ० | ० | |
| ५ | १०० | १ | ० | १ | ० | ० | १ | ० | ० | |
| ६ | ४६५ | ६ | ० | ० | ० | ० | ६ | १ | १८२ | |
| ७ | १९० | २ | ० | ० | ० | ० | २ | ० | ० | |
| ८ | ३२३ | ८ | ० | ० | ० | १ | ७ | ० | ० | |
| ९ | ५१६ | ६ | ० | ० | ० | ० | ६ | ० | ० | |
| १० | २१० | ३ | ० | ० | ० | ० | ३ | ० | ० | |
| ११ | १९८ | ५ | ० | ० | ० | १ | ४ | ० | ० | |
| जम्मा : | २७४५ | ६२ | ० | ६ | ० | ३ | ५९ | १ | १८२ | |

## ३.३.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र

यस नगरपालिकामा विद्यमान ६२ वटा ग्राभिटी प्रणालीमा आधारित खानेपानी योजनाहरु विभिन्न संघ संस्थाहरुको सहयोगमा निर्माण भई सञ्चालनमा रहेको देखिन्छ । हाल संचालित यी विद्यमान योजनाहरुबाट पालिकाको कूल घरधुरी मध्ये २७४५ घरधुरीहरुले खानेपानी सेवाबाट लाभान्वित भएका छन् । प्राय भूभाग सबै भिरालो भएको कारण संचालित योजनाहरुको मुहान सबै मूल र खोलाखोल्सी नै रहेको छ । खोलाखोल्सी मुहान भएका

योजनाहरुको गुणस्तरको हिसाबले योजनाबाट वितरित खानेपानी पूर्णरुपमा सुरक्षित रहेको देखिँदैन । सञ्चालनमा रहेका योजनाहरुले पनि योजना क्षेत्रका सबै घरधुरीहरुलाई नियमित सेवा दिन नसकेको अवस्था विद्यमान छ । यसकारण आगामी दिनहरुमा यस पालिकामा सेवा नपुगेको क्षेत्रमा नयाँ योजनाहरुको निर्माण र सेवा पुगेको क्षेत्रमा विद्यमान योजनाहरुको अवस्था विश्लेषण गरी मर्मत सम्भार तथा दीगोपना र पानी सुरक्षाका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । बिद्यमान खानेपानी योजनाहरुबाट लाभान्वित घरधुरीको सारांश विवरण तलको तालिका-१२ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ ।


**तालिका ११: विद्यमान योजनासंख्या, सेवाक्षेत्र र लाभान्वित घरधुरी विवरण**

| वडा न | योजना संख्या | लाभान्वित टोल/बस्तीहरुको नाम | लाभान्वित घरधुरी |
|---|---|---|---|
| १ | ४ | पाल्ता, हस्पिटल, राली गाउ, मान्म बजार | १०२ |
| २ | ८ | आहाले, सेरी, धनेडी, औलडाडा, सेरिबडा, कायाटोल, बसंताबाडा, लुफमुल | १८३ |
| ३ | १३ | गैरेकपल, पतंगी, ताडी, ठुलाचौर घदिजिउल, सल्लिकोट, खाममा घटिजिउला, गैरी, पहाडा, ताडी, कुनेगाड, भट्तेचौरा, नहोगैरा | ३२५ |
| ४ | ६ | तल्लो सिनेदी, चिउरेला, गल्लिखोला,ठुलाचौरा,बदेरिगौं,घट्टगाउ | १३३ |
| ५ | ४ | सारा, दलितटोल,गोरबडा,ब्रामिनटोल | १०० |
| ६ | ४ | सेरागाउँ, गोरालवडा, नारेवाडा, डांडावडा | ४६५ |
| ७ | २ | नैबडा, तलसेरा | १९० |
| ८ | ७ | मटेला,बिहने,बर्सा,सितु,रातादाब,सलिम्बडा,तल्लो लसि | ३२३ |
| ९ | ४ | पंखा,बजाडी | ५१६ |
| १० | ३ | भाडी,चौकी,रहदेव | २१० |
| ११ | ७ | जिम्जेडी,बरतु,बजेडी,बबेडी,बदालकोट,आदेमेला | १९८ |
| **जम्मा** | **६२** | | **२७४५** |

## ३.३.२. विद्यमान योजनाहरुको संचालनको अवस्था

यस नगरपालिकाका बिभिन्न मितिमा तयार पारिएका योजनाको तथ्यांकहरुलाई विश्लेषण गर्दा पालिकाका कूल **४४९६** घरधु रीहरू मध्ये करिब **३२९३** घरधुरीहरु विद्यमान खानेपानी योजनाहरुबाट ला भान्वित भएको पाइन्छ । बिद्यमान खानेपानी योजनाहरुको संचालन अवस्था तथ्यांक संकलन गर्ने क्रममा अधिकांश विद्यमान खानेपानी योजनाहरुको अवस्था भौतिक र ब्यबस्थापकीय हिसाबले एकदमै नराम्रो रहेको देखिन्छ । पालिकाको लक्ष्य अनुरुप ५ बर्ष भित्र सबैघरधुरिहरुमा आधारभूत खानेपानीको पहुँच पुरयाउन विद्यमान योजनाहरुको मर्मत सम्भार गरि खानेपानी सेवा सुचारु गर्नुपर्ने दे खिन्छ ।

संकलन गरिएको तथ्यांकहरुको विश्लेषण गर्दा ६२ वटै खानेपानी योजनाहरुमा उपभोक्ता समिति रहेको देखिन्छन तर अन्य सुचकहरु जस्तै; मर्मत सम्भार कोषको व्यवस्था, मर्मत सम्भार कार्यकर्ता परिचालन, पानी सुरक्षा जस्ता कार्यहरु १ वटा खानेपानी योजनामा मात्र रहेको देखिन्छ । यसका साथै खानेपानीका उपभोक्ताहरुले पानीशुल्क नियमित रुपमा नबुझाउने तथा केहि योजनाहरुमा उपभोक्ता समितिका सबै सदस्यहरु सक्रिय नहुने हुँदा खानेपानी योजनाहरुको ब्यबस्थापकीय पक्ष कमजोर भएको देखिन्छ । विद्यमान ६२ वटा खानेपानी योजनाहरु मध्ये हाल १८% योजनाहरुमात्र राम्रो अवस्थामा रहेका देखिन्छन भने ३२% योजनाहरुमा सानो मर्मत, २९% योजनाहरुमा ठुलो मर्मत र २१% योजनाहरु पुनर्निर्माण गर्नुपर्ने देखिन्छ (स्रोतः NWASH) ।




**ग्राफ-८ : विद्यमान खा.पा. योजनाहरुको संचालन तथा मर्मत सम्भार**

साथै उपभोक्ता समितिले पानीको गुणस्तर कायम गर्न, नियमित मर्मत सम्भार व्यवस्थापन गर्नका लागि सक्रिय हुनुपर्ने देखिन्छ । योजनाहरुको नियमित सञ्चालन तथा व्यवस्थापनका लागि उपभोक्ता समिति दर्ता गर्राई कार्य सञ्चालन गर्ने, संरचनाहरु प्राविधिक मापदण्ड अनुसार निर्माण गर्ने, नियमित रुपमा पानी शुल्क संकलन, उ.स.को बैठक तथा बार्षिक साधारणसभा लगायत जनसुनवाई जस्ता कार्यक्रमहरु गर्नुपर्ने देखिन्छ । आगामी दिनमा यस पालिकामा योजनाहरु निर्माण गराउदा उ.स. स्तरमा पानीको शुद्धीकरण, गुणस्तर र दीगोपनाको औचित्य महशुस गराई योजनामा मर्मत सम्मभार तथा संस्थागत बिकासका क्रियाकलापहरुलाई बढी प्राथमिकता दिनुपर्ने देखिन्छ । उक्त विद्यमान योजनाहरुको सञ्चालन ब्यबस्थापन ग्राफ-८ मा प्रस्तुत गरिएको छ।

### ३.३.३. विद्यमान खानेपानी योजनाहरुको सुबिधास्तरको अवस्था विश्लेषण

खाडाचक्र नगरपालिकाका कूल ४४९६ घरधुरिहरुको विद्यमान खानेपानी योजनाहरुको सुविधास्तरको विश्लेषण गर्दा सुरक्षित र ब्यबस्थित खानेपानीको पहुँच भएका घरधुरी करिब १५% मात्रै देखिन्छ भने आधारभूत सुबिधा पुगेका घरधुरी २५%, सिमित सुबिधा पुगेका घरधुरी करिब ३९% र २१% घरधुरीहरुमा खानेपानी प्रणालीबाट सुबिधा पुगेको देखिदैन (updated NWASH २०७९ ) । पालिकामा खानेपानीको सुबिधास्तरको सारांश विश्लेषण तालिका- १३ मा दिइएको छ ।

**तालिका १२: वडागत रुपमा खानेपानीको सुबिधास्तर विवरण**

| | | सुबिधा स्तर बर्गिकरण (घरधुरी संख्या ) | कैफियत |
|---|---|---|---|

| वडा नं. | जम्मा घरधुरी संख्या | सुबिधा नभएका घरधुरी संख्या | सिमित सुबिधा भएका | आधारभूत सुबिधा भएका | सुरक्षित ब्यबस्थापन सुबिधा भएका | |
|---|---|---|---|---|---|---|
| १ | ९६० | ५३३ | ७८ | २५६ | ९३ | |
| २ | ६७५ | २९१ | २३४ | ७८ | ७२ | |
| ३ | २९६ | - | १२५ | ७० | १०१ | |
| ४ | २८४ | ६१ | ६६ | १७ | १४० | |
| ५ | ४८३ | - | ३५२ | ११५ | १६ | |
| ६ | ४५१ | - | ३१२ | ७९ | ६० | |
| ७ | १७६ | - | ० | ८४ | ९२ | |
| ८ | २९५ | ५० | १६२ | ८३ | ० | |
| ९ | २९६ | - | १९१ | ९५ | १० | |
| १० | २६३ | - | १५९ | १०४ | ० | |
| ११ | ३१७ | - | ५५ | १५२ | ११० | |
| **जम्मा** | **४४९६** | **९३५** | **१७३४** | **११३३** | **६९४** | |
| | प्रतिशत : | २१% | ३९% | २५% | १५% | |

### ३.३.४. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र विवरण


NWASH तथा जलउपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएका तथ्यांकहरु हेर्दा यस खाडाचक्र नगर पालिकाको वडा न. ६ मा १ वटा निर्माणाधीन खानेपानी योजना रहेको र उक्त योजनाबाट १८२ घरधुरीका २६४० जनसंख्या लाभान्वित हुने देखिन्छ। यस योजनाले वडा न. ६ का सेराटोल, इम्री कोटिला टोल, गेरालवडा, बिरुमवाडा टोल, नारे वाडा, मुनुवाडा परिवार टोल र डाडाबाडा टोलहरु लाभान्वित हुने देखिन्छ भने अन्य वडामा कुनै पनि निर्माणाधीन खानेपानी योजनाहरु रहेको देखिदैन । निर्माणाधीन योजनाको बिस्तृत विवरण अनुसूची-६ (OS-१) मा उल्लेख गरिएको छ ।

## ३.४. बिद्यमान सरसफाइ अभ्यासको अवस्था बिश्लेषण

### ३.४.१. बस्तीहरुको खुला दिशामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति

यस खाँडाचक्र नगरपालिकाका जम्मा ४४९८ घरधुरी मध्ये प्राप्त तथ्यांकहरुको विश्लेषण गर्दा कुल घरधुरीको ७.८३ प्रतिशत घरधुरीमा शौचालय नभएको देखिएको छ भने पक्कि शौचालय उपलब्ध भएको घरधुरी ५५.२२ प्रतिशत र कच्ची चर्पीको उपलब्ध भएका घरधुरी ३६.९५ प्रतिशत रहेको छ ।

यस पालिकाका हरेक घरधुरीमा एक पटक शौचालय निर्माण भइ पालिका नै खुल्ला दिशामुक्त भए तापनी हालको तथ्यांकलाई हेर्दा ७.८३% घरधुरीहरुमा अझै पनि शौचालय नभएको वा पुर्ण रुपमा प्रयोगमा नरहेको देखिन्छ , जस अर्न्तगत अलग्गिएका धरघुरीहरु तथा शौचालय बिग्रे भत्केका घरधुरीहरु रहेका छन निर्माण भएका शौचालयहरु मध्ये पनि शौचालयहरुको उचित प्रयोग र उपयुक्त मर्मत सम्भार अभावका कारण प्रयोग बिहिन अवस्था भएको देखिन्छ ।




**ग्राफ-९: नमुना घरधुरी अनुसार घरायसी सरसफाईको अवस्था विवरण**

नगरपालिकामा केही सामाजिक कुरीतिहरु, अशिक्षा आदी कारणले पुर्णरुपमा प्रयोग नभई खोलानाला लगायतका केहि ठाउँमा खुल्ला दिशा हुने सम्भावना रहेको छ । यसका साथै महिनावारी हुँदा महिला/किशोरीहरुले चर्पी प्रयोग नगर्ने वा प्रयोग गर्न घरका अन्य सदस्यहरुले नदिने लगायत दिसाजन्य लेदो ब्यवस्थापनको स्थिति, घरेलु ठोस तथा फोहोर पदार्थ व्यवस्थापन, घर वरीपरीको सरसफाइ स्थिति, हात धुने सुविधा भए नभएको संस्थागत सरसफाइ तथा स्वच्छताको अवस्था विश्लेषण गर्दा विशेष गरि घरपरिवारमा बयोवृद्ध, अपांगता भएका परिवारका सदस्यहरु, बिरामी तथा बालबालिकाहरुलाई धेरैनै अप्ठ्यारो भएको देखिन्छ । नगरपालिका क्षेत्रमा मनाईने चाडपर्ब, जाँतहरु लगायत नागरिकहरुको सार्बजनिक स्थलमा भेला हुने, खेलकुद, मनोरञ्जनजन्य क्रियाकलाप आदी समयमा समेत सार्बजनिक शौचालयहरुको अभावमा खुला दिशा हुने सम्भावना देखिन्छ । नगरपालिकाका करिब ९०% प्रतिशत भन्दा बढी घरधुरीहरुले पशुपालन गरीराखेको तर गोठेमल ब्यवस्थापनको अवस्था भने एकदमै अब्यवस्थित रहेको पाईन्छ । पारम्परिक कालखण्ड देखी नै मानिसहरु बस्ने आवासिय भवनकै भुई तलामा गोठको रुपमा प्रयोग हुने र पशुपंक्षी पालन गरिने साथै हिउदको समयमा घरआगनमै पशु चौपाई बाधी पालन गर्ने भएकाले सरसफाइ ब्यवस्थापन तथा पुर्ण सरसफाइ नगरपालिका निर्माण गर्न चुनौती देखिन्छ। सरसफाइका अन्य महत्वपुर्ण संभागहरु अन्तरगत भाडासुकाउने चांग र फोहरुफाल्ने खाडलहरु व्यवस्थापन पनी एकदमै न्यून घरधुरीहरुमा देखिन्छ । आगामी दिनहरुमा नगरपालिकामा घरायसी तथा ब्यक्तिगत सरसफाइका क्रियाकलापहरु निर्माण र सचेतना लगायतका सामाजिक परिचालन गतिबिधीहरुमा नगरपालिका लगायत अन्य सरकोकारवालहरुले प्राथमिकता दिनुपर्ने देखिन्छ । यस नगरपालिकाको समग्र सरसफाइ स्थिति र विभिन्न भागहरुको विद्यमान अवस्था वडागत रुपमा तालिका नं १४ मा उल्लेख गरिएको छ ।

तालिका १३: घरायसी सरसफाइको वडागत अवस्था विवरण (नमुना घरधुरी सर्भेक्षणको आधारमा)

| वडा नं. | जम्मा घरधुरी संख्या | शौचालय भएका घरधुरी संख्या | सुधारिएको शौचालय भएका घरधुरी संख्या | घरधुरी स्तरको अन्य सरसफाइको अवस्था बिश्लेषण | | | | | पूर्ण सरसफाइ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साबुन सहित हातधुने घरधुरी संख्या | च्यांग जुथ्यान भएका संख्या | ब्यबस्थित ठोस फोहोर फाल्ने व्यवस्था भएका | दिसाजन्य लेदो ब्यबस्थापन भएका | ब्यबस्थित पशुपालन र गोठे मल ब्यवस्थापन भएका | घोषणा भएको (छ/छैन) | योजना छ (लक्षीत समय) |
| १ | ७० | ६७ | ५२ | ४ | ५१ | ६० | ६६ | छैन | छैन | छैन |
| २ | ५१ | ४१ | ३३ | १२ | ११ | ३७ | ३९ | छैन | छैन | छैन |
| ३ | २६ | २५ | २५ | ३ | १५ | २५ | २५ | छैन | छैन | छैन |
| ४ | ३१ | २४ | २४ | ११ | ४ | २१ | २३ | छैन | छैन | छैन |
| ५ | ३२ | ३२ | ३२ | ७ | २६ | ० | ३२ | छैन | छैन | छैन |
| ६ | ३३ | ३३ | २६ | १४ | २४ | ८ | ३२ | छैन | छैन | छैन |
| ७ | २८ | २८ | २८ | ११ | २६ | ३ | २८ | छैन | छैन | छैन |
| ८ | ३७ | ३६ | ३६ | ३ | ३६ | २९ | ३६ | छैन | छैन | छैन |
| ९ | २९ | २३ | २३ | ४ | ३ | २१ | २३ | छैन | छैन | छैन |
| १० | २२ | २२ | २२ | ७ | २२ | २० | २२ | छैन | छैन | छैन |
| ११ | ३३ | ३३ | ३३ | २ | १० | ३२ | ३२ | छैन | छैन | छैन |
| **जम्मा :** | **३९२** | **३६४** | **३३४** | **७८** | **२२८** | **२५६** | **३५८** | **०** | | |
| **प्रतिशतः** | **१००** | **९३** | **८५** | **२०** | **५८** | **६५** | **९१** | | | |

### ३.४.२. बिद्यालय तथा सार्बजनिक स्थलहरुको सरसफाइ अवस्था

सरसफाइ तथा स्वच्छता व्यवहार प्रवर्द्धनका लागि विद्यालय तथा संस्थागत सरसफाइ र स्वच्छता कायम हुन अति आवश्यक छ । बालबालिकाहरुले सरसफाइ तथा स्वच्छता कायम गर्न र व्यवहार परिवर्तनका कुराहरु बिद्यालय बाट सिक्ने हुदा बिद्यालयहरु परिबर्तनका लागि बाहक हुन । यस नगरपालिकामा जम्मा ४२ वटा बिद्यालयहरु रहेका छन् जसमध्ये सुरक्षित खानेपानी १७ वटा (४० %), शौचालय ३९ (९३%) वटै, साबुनपानीले हात धुने व्यवस्था ४ (१०%) र ठोस फोहोर संकलन र ब्यबस्थापन ८ (१९%) बिद्यालय हरुमा रहेको देखिन्छ ।

वडा तथा पालिका कार्यालयहरुको खानेपानी तथा सरसफाइ अवस्था हेर्दा ११ वटा वडा कार्यालय र १ वटा नगरपालिकाको कार्यालय गरि १२ वटा कार्यालय मध्ये सबैमा खानेपानी, शौचालय र ९ वटामा साबुनपानीले हात धुने व्यवस्था उपलब्ध रहेको, खानेपानी शुद्धीकरणका लागि केहि वडाहरुमा फिल्टरको व्यवस्था गरेको देखिन्छ भने ठोस फोहर ब्यबस्थापन र दिसाजन्य पदार्थको ब्यबस्थापन भने एकदमै कमजोर रहेको देखिएको छ । विद्यालय र संस्थागत खानेपानी तथा सरसफाइ सम्बन्धी बिवारण तालिका नं १५ उल्लेख गरिएको छ

**तालिका १४: बिद्यालय तथा वसंस्थागत खानेपानी र सरसफाइको अवस्था**

| संस्थाको किसिम | वडा | संस्थाको जम्मा संख्या | खानेपानीको व्यवस्था भएका संख्या | शौचालयको ब्यवस्था भएका | साबुन पानीले हात धुने व्यवस्था भएका | ब्यबस्थित ठोस फोहोर ब्यवस्थापन भएका | दिसाजन्य लेदो ब्यबस्थापन भएका |
|---|---|---|---|---|---|---|---|
| बिद्यालय | १ | ६ | ४ | ६ | ० | ३ | ० |
| बिद्यालय | २ | ५ | १ | ५ | ० | १ | ० |
| बिद्यालय | ३ | ४ | १ | ३ | २ | १ | ० |
| बिद्यालय | ४ | २ | ० | १ | ० | ० | ० |
| बिद्यालय | ५ | ५ | २ | ५ | १ | ० | ० |
| बिद्यालय | ६ | ६ | १ | ५ | ० | १ | ० |
| बिद्यालय | ७ | २ | १ | २ | १ | १ | ० |
| बिद्यालय | ८ | ३ | २ | ३ | ० | ० | ० |
| बिद्यालय | ९ | २ | २ | २ | ० | ० | ० |
| बिद्यालय | १० | ३ | ० | ३ | ० | १ | ० |
| बिद्यालय | ११ | ४ | ३ | ४ | ० | ० | ० |
| जम्मा : | | ४२ | १७ | ३९ | ४ | ८ | ० |
| प्रतिशत : | | | ४०% | ९३% | १०% | १९% | |
| **वडा तथा पालिका कार्यालयको सरसफाइ अवस्था** | | | | | | | |
| वडा कार्यालय | | ११ | ११ | ११ | ९ | ९ | ० |
| नगर पालिका | | १ | १ | १ | १ | १ | ० |
| **जम्मा :** | | १२ | १२ | १२ | १० | १० | ० |

यस नगरपालिका क्षेत्र भित्र भएका १३ वटा स्वास्थ्य संस्था मध्ये ८ वटा स्वास्थ्य संस्थामा नियमित सुरक्षित स्रोतको खानेपानी सेवा उपलब्ध भएको र अन्य बाँकी ५ वटा स्वास्थ्य संस्थामा नियमित सुरक्षित स्रोतको खानेपानी सेवा उपलब्ध नभएको संकलित तथ्यांक अनुसार देखिन्छ । तर खाडाचक्र नगर स्वास्थ्य संस्था बाहेक अरु कुनै पनि स्वास्थ्य संस्थाहरुमा पानी शुद्धीकरण गर्ने र ठोस तथा तरल फोहोर ब्यबस्थापन र दिसाजन्य लेदो ब्यबस्थापन राम्रो संग ब्यबस्थापन गरेको पाइदैन । यसको संख्यात्मक विवरण तालिका-१६ मा दिइएको छ ।

तालिका १५: स्वास्थ्य संस्थाहरुमा खानेपानी तथा सरसफाइको अवस्था

| संस्थाको किसिम | वडा | संस्थाको जम्मा संख्या | खानेपानीको व्यवस्था भएका संख्या | शौचालयको ब्यवस्था भएका | साबुन पानीले हात धुने व्यवस्था भएका | ब्यबस्थित ठोस फोहोर ब्यवस्थापन भएका | दिसाजन्य लेदो ब्यबस्थापन भएका |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य सस्था (सरकारी तथा निजि) | ११ | १३ | ८ | १३ | १३ | ११ | ० |
| **जम्मा :** | **११** | **१३** | **८** | **१३** | **१३** | **११** | **०** |

## ३.४.३. वातावरणीय सरसफाइको अवस्था


खाडाचक्र नगरपालिकाको वातावरणीय सरसफाइको अवस्था हेर्दा पालिकामा बढ्दै गईरहेको यातायातको चाप र यस पालिका रारा जाने प्रमुख द्वार भएको कारण आन्तरिक पर्यटकको चाप बढ्दै गईरहेकोले बाटोघाटो र सार्बजनिक स्थलहरुमा ठोस तथा तरल फोहोर पदार्थहरु थुप्रिने क्रम बढ्दै गईरहेको छ । यी यस्ता समस्याहरुको समाधानका लागि सार्बजनिक स्थानहरुमा शौचालयहरुको निर्माण र निर्माण भएको ठाउंहरुमा उचित ब्यबस्थापन र नयाँ निर्माणका लागि आवश्यक पहल गर्नु पर्ने देखिन्छ । हाल पालिकामा २ वटा विद्यमान सार्बजनिक शौचालयहरु संचालित रहेको देखिन्छ

त्यसै गरि ठोस फोहरको ब्यबस्थापनका लागि पालिकाले डम्पिङ साइटको सुरुवात गर्नुपर्ने र पालिका जिल्लाकै सदरमुकाम भएकोले दिसाजन्य लेदो पदार्थको ब्यबस्थापनका लागि पनि समयमै सोच्नुपर्ने देखिन्छ । त्यसको लागि नगरपालिकाले बजार क्षेत्रहरुमा ठोस फोहर संकलन, ढुवानीको ब्यबस्थापन गर्नुका साथै फोहरहरुको घरधुरीबाट संकलनकै समयमा बर्गिकरण हुनेगरी प्रयोग नै घटाउने (Reduce), पुनरप्रयोग (Reuse) र पुनचक्रण (Recycle) को लागि कार्यविधि तयार गरि लागु गर्नु पर्ने देखिन्छ ।

## ३.४.४. दिसााजन्य लेदो,ठोस फोहर तथा फोहरपानी ब्यवस्थापनको बिद्यमान अवस्था

NWASH तथा जलउपयोग गुरुयोजना निर्माणका लागि टोलस्तरबाट संकलन गरिएको तथ्यांक अनुसार फोहोरमैला विसर्जन विधि अनुसार कुहिने र नकुहिने वर्गीकरण गरी घरभित्र विसर्जन गर्ने ९८५ (२७%) घरधुरी संख्या रहेको छ भने निर्धारित स्थानमा फाल्ने घरधुरी संख्या २९१५ (७८%) रहेको छ । औसतमा प्रति परिवार प्रतिदिन विसर्जन हुने फोहोरमैला १.७३ के.जी रहेको छ र अन्य फोहोरमैला विसर्जन विधि अपनाउनेको संख्या ८% रहेको छ । संकलन गरिएको तथ्यांक अनुसार घरायसी दिसाजन्य पदार्थ सरसफाइको अवस्था अहिलेसम्म

चर्पीको  खाडल भरिएको छ भन्ने घरधुरी १० प्रतिशत तथा छैन भन्ने घरधुरी संख्या ९० प्रतिशत, शौचालय निर्माण गरेको  समयावधि भित्र खाडल भरियो भन्ने (२ बर्ष भित्र ११ प्रतिशत, २ देखि ४ बर्ष भत्र २९ प्रतिशत, ४ देखि ६ बर्ष भित्र ४३ प्रतिशत  र ६ बर्ष पछाडी १८ प्रतिशत ) र खाडल सफा गर्ने भन्नेमा (मान्छेले बिना साधन हातैले सफा गर्ने ४५ प्रतिशत, पम्प लगाएर सफा गर्ने ० प्रतिशत, अहिले सम्म सफा गरेको छैन १५ प्रतिशत र अन्यमा ४० प्रतिशत) रहेको पाइएको छ ।  यस नगरपालिकाको घरायसी दिसाजन्य पदार्थ सरसफाइको अवस्था सम्वन्धी सम्पूर्ण विस्तृत विवरण देहायको ग्राफ-१० बाट प्रष्ट रूपमा विश्लेषण गरिएको छ ।




**ग्राफ-१०:  दिशाजन्य लेदो पदार्थको ब्यबस्थापनको अवस्था**

## ३.५. विद्यमान सिंचाइ योजनाहरुको अवस्था बिश्लेषण

### ३.५.१. विद्यमान सिंचाइ योजनाहरु र सेवाक्षेत्र

यस नगरपालिकाको कूल भु-भाग १३३.२९ बर्ग कि.मि. अर्थात् २,६२,००१.७६ रोपनी रहेको छ । पहाडी क्षेत्रमा अवस्थित कालिकोट जिल्लाको यो खाँडाचक्र नगरपालिकाको भू-क्षेत्र विवधतायुक्त छ । नगरको उच्च खण्डको केहि पहाडी भू-भागमा हिउँ पर्ने देखि कर्णाली नदी किनारमा वेशीहरु पनि रहेका छन् । यस नगरपालिकाको भू-क्षेत्र भिरालो रहेको देखिन्छ । यस नगरपालिकाको अधिकांश भू-भाग चट्टानले ढाकेको छ भने केहि भू-भाग घाँसे भीरपाखा  तथा चरन क्षेत्रको रुपमा रहेको छ । तसर्थ यस नगरपालिकामा खेतीयोग्य जमिनको अभाव छ । कुल भु-भाग मध्ये खेतीयोग्य जमिनको भु-भाग करिव २६.३२ % रहेको छ । खेतियोग्य जमिन थोरै भएपनि पानीका स्रोतहरु प्रशस्त भएकोले सिचाइ को राम्रो ब्यबस्था भएको खण्डमा थोरै जमिनबाट पनि कृषि उत्पादकत्वमा वृद्धि गरि खाधान्न पहुँचको अवस्थामा सुधार ल्याउन सकिन्छ ।  जल उपयोग गुरुयोजना निर्माणका क्रममा संकलित तथ्यांक अनुसार यस पालिकामा विद्यमान २९ वटा कुलो सिंचाइका योजनाहरु रहेको देखिन्छ र उक्त योजनाहरुबाट कुल खेतीयोग्य भू-भागको करिब ८४९० रोपनी अर्थात् १२%

जमिनमात्र सिंचित भइरहेको छ भने लघु सिंचाइका ४३ वटा योजनाहरुबाट थप २२५३ रोपनी जग्गा सिंचित भैरहेको छ ।


सिंचाइ योजनाहरुको सारांश विवरण तलको तालिका-१७ मा दिएकोछ भने बिस्तृत विवरण अनुसूची-५ मा प्रस्तुत गरिएको छ ।

**तालिका १६: वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल (रोपनीमा)**

| वडा नं. | बिद्यमान सिंचाइ योजनाहरुको विवरण | | | | निर्माणाधीन सिंचाइ योजना | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुलो सिंचाइ | | लघु/अन्य सिंचाइ | | कुलो सिंचाइ | | लघु/अन्य सिंचाइ | | |
| | संख्या | सेवा क्षेत्र (रोपनी) | योजना संख्या | सेवा क्षेत्र (रोपनी) | योजना संख्या | सेवा क्षेत्र (रोपनी) | योजना संख्या | सेवा क्षेत्र (रोपनी) | |
| १ | - | - | १ | ६० | ० | ० | ० | ० | |
| २ | २ | ८०० | ३ | ८७ | ० | ० | ० | ० | |
| ३ | १ | ५०० | ४ | २३२ | ० | ० | ० | ० | |
| ४ | ४ | २३६० | ८ | ५३ | ० | ० | ० | ० | |
| ५ | २ | ९० | १३ | १३०३ | ० | ० | ० | ० | |
| ६ | २ | १०० | २ | १३ | ० | ० | ० | ० | |
| ७ | ३ | १४९० | - | - | ० | ० | ० | ० | |
| ८ | ३ | ६०० | ७ | ४२५ | ० | ० | ० | ० | |
| ९ | ५ | १८५० | - | - | ० | ० | ० | ० | |
| १० | २ | ३५० | २ | ३५ | ० | ० | ० | ० | |
| ११ | ५ | ११६० | ३ | ४५ | ० | ० | ० | ० | |
| **जम्मा:** | २९ | ८४९० | ४३ | २२५३ | ० | ० | ० | ० | |

## ३.५.२. विद्यमान सिंचाइ योजनाहरुको संचालनको अवस्था

पालिकामा विद्यमान कुलो सिंचाइ आयोजना र लघु सिंचाइ योजनाहरुको संचालन तथा मर्मत सम्भारको अवस्थाको विश्लेषण गर्दा आँसिक रुपमा चलेका र बन्द भएका योजना संख्या धेरै देखिन्छ । यसो हुनुमा समितिहरुको व्यवस्थापन पक्ष कमजोर देखिन्छ ।




**ग्राफ-११: विद्यमान सिचाई योजनाहरुको संचालन अवस्था**

विद्यमान सिंचाइ योजनाहरुको अवस्था सारांश ग्राफ-११  मा प्रस्तुत गरिएको छ भने योजनाहरुको संचालन तथा मर्मत सम्भारको अवस्था अनुसूची-५ मा उल्लेख गरिएको छ ।

### ३.५.३. निर्माणाधीन सिंचाइ योजनाहरु र लक्षित सेवाक्षेत्र

यस खाडाचक्र नगरपालिका क्षेत्र भित्र निर्माणाधीन अवस्थामा रहेका कुनैपनि सिंचाइ योजनाहरु नरहेको देखिन्छ ।

## ३.६. विद्यमान बहु-उपयोगी योजनाहरुको अवस्था विश्लेषण

### ३.६.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र

यस खाडाचक्र नगरपालिका भित्र बिद्दमान बहु-उपयोगी योजना १ वटा मात्र रहेको छ। यस बहु-उपयोगी योजनाबाट लघु जलविद्युत र पानीघट्ट रहेको देखिन्छ जसबाट पहिले १० किलोवाट जलविद्युत उत्पादनका साथै पानी घट्ट समेत संचालन गरि वडा न. ५ का ३०० घरधुरीहरू लाभान्वित भएको पाईएता पनि हाल उक्त योजना बन्द भएको अवस्था छ।

### ३.६.२. विद्यमान बहु-उपयोगी योजनाहरुको संचालनको अवस्था

विद्यमान बहु-उपयोगी योजना हाल बन्द भइसकेको छ । यस बहु-उपयोगी योजनाको बिस्तृत विवरण अनुसूची-५ (SA-१० र TA-५) मा उल्लेख गरिएको छ ।

### ३.६.३. निर्माणाधीन बहु-उपयोगी योजनाहरु र लक्षित सेवाक्षेत्र

बहु-उपयोगी योजना तर्फ हाल निर्माणाधीन कुनैपनि योजनाहरु यस खाडाचक्र नगरपालिका रहेका छैनन् ।

## ३.७. विद्यमान जलवायु अनुकुलन/विपद जोखिम ब्यबस्थापन तथा स्रोत संरक्षण योजनाहरुको अवस्था विश्लेषण

भौगोलिक हिसाबले यस खाडाचक्र नगरपालिका ठाडो भिरालो जमिन भएको, बनजंगलको क्षेत्र एकदमै कम भएको कारणले प्राकृतिक प्रकोप जस्तै; पहिरो र बाढीको उच्च जोखिममा रहेको देखिन्छ । यस्ता प्राकृतिक प्रकोपका साथसाथै हाल आएर बाताबरणीय प्रभाव बिनानै अब्यबस्थित तरिकाले हुँदै गरेका पूर्वाधार निर्माण (बिशेषगरि मेसिन प्रयोग गरि सडक खन्ने) का गतिविधिहरुले गर्दा मानवनिर्मित प्रकोपहरु पनि बढ्दै गैरहेका छन् । जसले गर्दा एकातिर ठुलो जनधनको क्षति भैरहेको छ भने अर्कोतिर बाताबरण र पर्यावरणमा क्षति हुँदै आइरहेको छ । यसका साथै जलस्रोतहरुमा यसको प्रत्यक्ष असर परिरहेको हुँदा पानीका मुहानहरु सुक्दै, हराउदै र बाहिर निस्किने बाटो परिबर्तन गर्दै गईरहेको हुँदा यसको प्रतक्ष्य असर समुदायको खानेपानी, सिंचाइ र जिबिकोपार्जनमा पर्दै आइरहेको छ । यस्ता जोखिम तथा प्रकोपहरुको न्यूनीकरण गर्न र जलवायु अनुकुलनका लागि नगरपालिका लगायत विभिन्न सहयोगी निकायहरुबाट केहि प्रयासहरु हुँदै आइरहेका छन् । यस नगरपालिकामा पनि बाताबरण र पर्यावरण संग सम्बन्धित ८ वटा विद्यमान योजनाहरु रहेका छन् जसबाट ४८२ घरधुरीको २८९२ जनसंख्या लाभान्वित भैरहेको देखिन्छ ।

### ३.७.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र

यस पालिकामा जल उपयोग गुरु योजना निर्माणका लागि तथ्यांक संकलन गर्ने क्रममा विद्यमान जलवायु अनुकुलन/विपद जोखिम न्यूनीकरण तथा वातावरण पर्यावरण संरक्षण सम्बन्धि ८ वटा योजनाहरु रहेका देखिन्छन । जस अन्तर्गत जलवायु परिबर्तन अनुकुलन सम्बन्धि ३ वटा, विपद जोखिम ब्यबस्थापन सम्बन्धि ४ वटा र स्रोत संरक्षण सम्बन्धि १ वटा विद्यमान योजनाहरु रहेका छन् भने निर्माणाधीनका कुनै पनि योजनाहरु रहेका छैनन्।यसका साथै यस नगरपालिकामा भएका सानाठूला थुप्रै खोलानालाहरुमा नदि नियन्त्रण तथा तटबन्धका योजनाहरु निर्माण गरिएता पनि दीगो रुपमा संचालन तथा ब्यबस्थापन हुन सकेको देखिदैन । बिस्तृत विवरण अनुसूची-५ को SA-११ र TA-०६ मा दिइएको छ भने वडागत सारॉंश बिबरण तलको तालिका-१८ मा प्रस्तुत गरिएको छ ।

**तालिका १७: जलवायु अनुकुलन/विपद जोखिम न्यूनीकरण सम्बन्धि योजनाहरुको विवरण**

| वडा नं. | जलवायु परिबर्तन अनुकुलन योजना संख्या | | विपद जोखिम ब्यबस्थापन योजना संख्या | | स्रोत संरक्षण योजना संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | बिद्यमान | निर्माणाधीन | बिद्यमान | निर्माणाधीन | बिद्यमान | निर्माणाधीन | |
| २ | १ | ० | १ | ० | ० | ० | |
| ४ | ० | ० | १ | ० | ० | ० | |
| ५ | १ | ० | २ | ० | ० | ० | |
| १० | १ | ० | ० | ० | ० | ० | |
| ११ | ० | ० | ० | ० | १ | ० | |
| जम्मा : | ३ | ० | ४ | ० | १ | ० | |

### ३.७.२. विद्यमान योजनाहरुको संचालनको अवस्था

बाताबरण तथा पर्यावरण संबन्धि योजनाहरु मध्ये तटबन्ध तथा नदि/खोला नियन्त्रणका योजनाहरु त्यति दीगो भैरहेको देखिदैन । जलवायु परिबर्तनका असरले गर्दा बर्षातको समयमा अत्यधिक ठुलो पानी पर्ने र खोला तथा नदीहरुमा पानीको मात्रा अत्यधिक बढ्ने हुँदा तटबन्धहरु बगाउने हुँदा संचालनको अवस्था राम्रो नरहेको देखिएको छ । तर पनि तथ्यांक संकलनको अवधिमा सबै योजनाहरुको संचालनको अवस्था सन्तोषजनक रहेको देखिएको छ ।

### ३.७.३. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र

यस पालिकामा बाताबरण तथा पर्यावरण संरक्षण सम्बन्धि निर्माणाधीन अवस्थामा कुनै पनि योजनाहरु रहेको देखिदैन ।

## ३.८. बिद्यमान जल उर्जा योजनाहरुको अवस्था बिश्लेषण

संकलन गरिएका तथ्यांकहरुको विश्लेषण गर्दा यस नगरपलिकामा जलउर्जाको क्षेत्रमा बिद्यमान जलउर्जा अन्तर्गत बिद्धुतिकरणका कुनैपनि योजनाहरु रहेको देखिदैन भने २४ वटा परम्परागत घट्टका योजनाहरु निर्माण भएको पाइएको छ भने विद्युतीकरण तर्फका कुनैपनि योजनाहरु रहेका छैनन् । प्राप्त तथ्यांकलाइ बिष्लेशण गर्दा परम्परागत पानी घट्टका योजनाहरुबाट १८८९ घरधुरीहरु लाभान्वित भएको देखिन्छ । उक्त योजनाहरुको थप योजनागत विवरण अनुसूची-५मा बिस्तृत विवरण उल्लेख गरिएको छ ।

### ३.८.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र

विद्यमान जल उर्जाका २४ वटा योजनाहरु (पानी घट्ट ) वाट पालिका को कुल घरधुरी मध्ये १८८९ घरधुरीहरु लाभान्वित भएको देखिन्छ भने । जल उर्जाका वडागत रुपमा योजनाहरु र लाभान्वित घरधुरीहरुको सारांश विवरण तालिका-१९ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण अनुसूची-१०.१ मा उल्लेख गरिएको छ ।

**तालिका १८ः वडागत योजना संख्या र लाभान्वित घरधुरीहरुको विवरण**

| वडा न | बिद्यमान जलउर्जाका योजनाहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्युतीकरण | | | | पानी घट्ट | |
| | पिको (१० KW सम्म ) | माइक्रो (१०-१०० KW सम्म | मिनी ( १०१ KW-२ MW ) | हाइड्रो ( २ MW भन्दा बढी) | परम्परागत | सुधारिएको |
| १ | ० | ० | ० | ० | १ | ० |
| २ | ० | ० | ० | ० | २ | ० |
| ३ | ० | ० | ० | ० | - | ० |
| ४ | ० | ० | ० | ० | ७ | ० |
| ५ | ० | ० | ० | ० | १ | ० |
| ६ | ० | ० | ० | ० | २ | ० |
| ७ | ० | ० | ० | ० | २ | ० |
| ८ | ० | ० | ० | ० | २ | ० |
| ९ | ० | ० | ० | ० | ३ | ० |
| १० | ० | ० | ० | ० | ४ | ० |
| ११ | ० | ० | ० | ० | ० | ० |
| जम्मा : | ० | ० | ० | ० | २४ | ० |

### ३.८.२. विद्यमान योजनाहरुको संचालनको अवस्था

माथि उल्लेख गरिएका योजनाहरु मध्ये २० वटा योजनाहरु राम्रो संग संचालित अवस्थामा रहेका छन् भने ३ वटा योजनाहरु आँसिक र १ वटा योजना बन्द भईसकेको अवस्था छ । बिस्तृत विवरण अनुसूची-५ TA-७ मा उल्लेख गरिएको छ ।

### ३.८.३. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र

यस पालिकामा निर्माणाधीन अवस्थामा रहेका जलउर्जा सम्बन्धि योजनाहरु जस्तै; जल बिधुत तथा पानी घट्टका कुनैपनि योजनाहरु निर्माणाधीन अवस्थामा रहेको देखिदैन ।

## ३.९. जलस्रोतहरुको दीगो उपयोगका लागी संस्थागत/उपयोग सम्बन्धि संयन्त्र

खाडाचक्र नगरपालिका भित्र खोला, नदि तथा पानीका मुहानहरु प्रसस्तै रहेको तर उचित ब्यबस्थापन नभएको साथै निर्माण भएका खानेपानी तथा सरसफाइ, सिंचाइ लगायत पानी घट्ट जस्ता योजनाहरुको पनि दीगोरुपमा परिचालन र ब्यबस्थापन भएको देखिदैन । यस पालिका भित्र उपलब्ध पानीका स्रोतहरुको ब्यबस्थित ढंगबाट प्रयोग र संस्थागत हिसाबले उपभोक्ता समितिहरुको क्षमता बिकास गर्नुका साथै बहु-प्रयोग, दीगो प्रयोग र मर्मत सम्भार सम्बन्धि प्रबिधि बिकासको लागि नगरपालिकाले नीतिगत रुपमा ल्याएको खण्डमा उपभोक्ताहरुको पनि संस्थागत विकास हुने देखिन्छ जसले समग्रमा एकीकृत जलस्रोत ब्यबस्थापन गर्न सघाउ पुऱ्याउने देखिन्छ । यसका साथै सतही पानीका स्रोतहरुको संरक्षण र ब्यबस्थापनका लागि मुहान, खोलानाला, नदि लगायतको पानीका स्रोतहरुको संरक्षण र ब्यबस्थापन गर्नुपर्ने देखिन्छ । यस नगरपालिकाले जलस्रोतको दीगो उपयोगका लागि खानेपानी उपभोक्ता तथा सरसफाइ समिति लगायत सम्पूर्ण उपभोक्ताहरुको अहम भूमिका रहने हुँदा उपभोक्ता समितिहरुलाई ब्यबस्थापन गर्न " खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था ब्यबस्थापन कार्यविधि, २०७८ निर्माण गरि कार्यन्वयनमा ल्याउने र त्यसैको आधारमा उपभोक्ता समिति गठन, परिचालन र मुहान तथा उपभोक्ता समितिहरु अनिवार्य रुपमा पालिकामा दर्ता गर्ने नीतिगत व्यवस्था गर्न आवश्यक छ । बाताबरण तथा पर्यावरणको संरक्षण र ब्यबस्थापनका लागि संक्षिप्त बाताबरणीय अध्ययन तथा प्रारम्भिक बाताबरणीय परिक्षण, खाडाचक्र नगरपालिकाको बातावरण तथा जल संरक्षण ऐन-२०७६ तथा खाडाचक्र नगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन गर्न बनेको ऐन, २०७५ निर्माण गरि कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

त्यसै गरि खानेपानी, सरसफाइ तथा स्वच्छता ब्यबस्थापनका लागि पालिका तथा वडास्तरका संयन्त्रहरु जस्तै; खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु लाई सक्रिय बनाउने, बाताबरण तथा पर्यावरण संरक्षणका लागि स्थानीय समुदायलाइ नै सक्रिय बनाउने र उनीहरुको परम्परागत ज्ञान, सीप र दक्षता प्रयोग गरि पर्यावरणको संरक्षणका साथै समुदायको जल संग सम्बन्धित क्रियाकलापहरुको माध्यमबाट जीविकोपार्जनमा सुधार ल्याउने कार्यहरु गर्दै आइरहेको छ ।

यसका साथै जलाधार क्षेत्रहरुको संरक्षण र अति दोहन रोक्न सामुदायिक बन उपभोक्ता समुहहरुको क्षमता बिकासमा सहयोग पुऱ्याउनु पर्ने देखिन्छ । पालिकाको हाता भित्रको बाताबरण तथा पर्यावरणको संरक्षणका लागि भौतिक पुर्बाधारका कुनैपनि ठुला योजनाहरु निर्माण गर्नु भन्दा पहिले प्रारम्भिक बाताबरणीय परीक्षण गर्नुपर्ने ब्यबस्था गरेको देखिन्छ ।

## ३.१०. जलस्रोतमा बिबाद

समुदायमा सामाजिक, राजनीतिक वा आर्थिक कारणले गर्दा विभिन्न किसिमका पानी प्रयोग र बाडफाड सम्बन्धि विवादहरु रहेका पाइन्छन् । तर उपभोक्ता समिति मार्फत खानेपानीबाट वितरण हुने खानेपानीको मुहानको प्रयोग, अन्तर वार्ड र अंतरपालिका स्तरमा पानी प्रयोग सम्बन्धि सामान्य विवादहरु धेरैजसो आउने गरेको देखिन्छ । त्यस्तै कथित उपल्लो जात/तल्लो जातले पानी प्रयोग गर्दा विवादहरु देखिने गरेका छन् त्यस्तै तुलनात्मक रुपमा घनाबस्ति हुने ठाउहरुमा र कुनै परिवार संग जमिनको अभावले गर्दा खेरजाने पानीको उचित ब्यबस्थापन नहुदा, चर्पी र धारा राखिएको दुरीले गर्दा कुनै समुदायमा घरायसी स्तरमा विवादहरु आउने गरेको देखिन्छ । यसका अतिरिक्त सामुदायिक बनहरुको प्रयोग, संरक्षित क्षेत्र वरिपरिको जग्गाजमिनमा हुने अतिक्रमणको कारणले पनि व्यक्ति-व्यक्ति, समुदाय-समुदाय वा अन्तर वडा र अन्तरपालिका तहमा विवादहरु हुन सक्दछन ।

# अध्याय-४ : गुरुयोजना कार्यन्वयन रणनीति र परिकल्पना

## ४.१. पालिकाको रणनीतिक प्राथमिकता

यस खाडाचक्र नगरपालिकाको जलउपयोग गुरुयोजनाको समिक्षा तथा समायोजन कार्य स्थानीय जनप्रतिनिधीहरु लगायत विद्यमान सरोकारवालाहरुको व्यापक सहभागिता, सकृयता तथा चरणबद्ध कार्यतालिका अनुसार नगरपालिकाका बस्तीहरुको वास्तविक अवस्था, विद्यमान स्रोत साधनहरुको सम्भावना तथा वर्तमानको वास्तविक आवश्यकतामा आधारित भई निर्माण गरिएको छ । नगरपालिकाले हाललाई पञ्चबर्षीय (आ.ब. २०७९/८० देखी २०८४/८५) सम्मका लागि क्षेत्रगत रुपमा आवधिक परिकल्पनाहरु निर्माण गरि गुरुयोजनाले निर्धारण गरेका योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने लक्ष्य कायम गरिएको छ । यस खाँडाचक्र नगरपालिकाले तपसिल बमोजिमका क्षेत्रगत परिकल्पनाहरु तथा योजना प्राथमिकीकरणका आधारहरु योजना तर्जुमा गोष्ठी मार्फत तय गरिएको छ । यस नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता ब्यबस्थापनका लागि दीगो बिकास लक्ष्य (सन् २०३०) अनुसार नेपाल सरकारको लक्ष्य पुरागर्न निम्न अनुसारका परिकल्पनाहरु र रणनीतिहरु अवलम्बन गर्नेछ ।

**क्षेत्रगत परिकल्पनाः**

- **खानेपानी तथा सरसफाइ क्षेत्रः**

**परिकल्पना : - " शुद्ध मुल सफापानी घरघरमा धारा ।**
**सफा सुघ्घर खाँडाचत्रक वनाउँ हामी सारा ।।"**

**खानेपानी योजना छनौटका आधारहरुः**

- मापदण्डमा आधारित प्राथमिकिकरणका औजारहरुको आधारमा खानेपानी सेवाबाट हालसम्म बन्चितिकरणमा परेका समुदाय र बस्तीहरुलाई पहिलो प्राथमिकता दिने
- गरिव, बिपन्न समुदायको जल अधिकार सु-निश्चित गर्न क्षमता बिकास, सचेतना र सबै निर्णय प्रक्रियामा लत बर्ग, समुदायको सहभागिता गराउने
- बिद्दमान, निर्माणधिन र प्रस्तावित सबै खानेपानी योजनाहरुमा पानी शुददीकरण गर्ने प्रबिधिहरु जडान गर्ने
- प्रस्तावित योजनाहरुको लागि आर्थिक श्रोतहरुको प्रबन्ध गर्ने

- **सिँचाई तथा निकास क्षेत्र**

**परिकल्पनाः - " सिँचाई गरी खेतवारीमा उत्पादन बढाउँ ।**
**पोषणमा सुधार गरी भोकमरी हटाउँ ।।**

**योजना छनौटका रणनीति तथा आधारहरुः -**

- विद्यमान सिचाईहरुले नसमेटेको र भविष्यमा पनि ति योजनाहरुबाट सिंचित हुने सम्भावना नभएको वा न्युन भएका
- आय आर्जनलाई टेवा पुरयाउने तथा प्रति इकाई बढी फाईदा हुने क्षेत्रलाई प्राथमिकता
- पानीको बहुउपयोग हुने क्षेत्रलाई प्राथमिकता दिने
  - प्रति व्यक्ति कम लागत तथा बढी जनसंख्या लाभान्वित हुने क्षेत्रलाई प्राथमिकता
  - बढी सिंचित क्षेत्र समेटने तथा सेवा क्षेत्र बृद्धि हने लाई प्राथमिकता

- **बाताबरण तथा पर्यावरण क्षेत्र**

**परिकल्पनाः - जलवायूको असर कम गर्न बृक्षारोपण गरौ ।**
**बिपत्तीबाट बच्न सबैमा जनचेतना भरौ ।।**

**योजना छनौट तथा प्राथमिकीकरणका आधारहरु**

- मूल संरक्षणरसुरक्षण (पुनर्धारण, पुनर्भरण, पुनःप्रयोग जस्ता क्रियाकलापहरु) लाई प्राथमिकता
- वृक्षारोपण, भू(व्यवस्थापन लाई प्राथमिकता
- ठोस तथा तरल फोहर ब्यबस्थापनका क्रियाकलापहरुलाई प्राथमिकता
- भू-क्षय, नदि र बाढी कटान, रोकथाम र वायो ईन्जिनियरिङ्ग लाई प्राथमिकता

खाडाचक्र नगरपालिका एउटा पहाडी र उच्च पहाडी भू-भाग भएको नगरपालिका भएपनि यसको ठुलो जलाधारको रुपमा रहेको कर्णाली नदि रहेको र उप-जलाधारको रुपमा रहेका अन्य खोला, नदीनाला तथा मुहानको पानी कुनै न कुनै बाटो भएर कर्णाली संग जोडिएको हुदा ब्यबस्थित ढंगले पालिका भित्र रहेका जलस्रोतहरुको एकीकृत रुपमा ब्यबस्थापन हुन जरुरि छ । खाडाचक्र नगरपालिकामा पनि प्राय सवै जसो नदीघाँटी तथा जलाधार क्षेत्रहरुको नजिकै वरिपरी मानिसको वस्ती रहेको पाईन्छ । त्यस्ता वस्तीहरुमा जीवनयापन गर्दै आएका मानिसहरुले जीविकोर्पाजनको लागि आवश्यक पर्ने आधारभूत आवश्यकताहरु जस्तै; सिंचाइ, माछापालन वा माछा मार्ने आफूहरु वसोवास गर्दै आएको जलाधार तथा उप-जलाधार क्षेत्रवाट प्राप्त गर्दै आएका छन । यथार्थमा भन्ने हो भने ति जलाधार वा उप-जलाधार क्षेत्रमा रहेका व्यक्तिहरुको जीविकोपार्जन र त्यस्तो क्षेत्रमा उपलव्ध हुदै आएको प्राकृतिक स्रोतहरुको विचमा गहिरो सम्वन्ध रहेको छ । जलाधार क्षेत्र भित्र रहेको प्राकृतिक स्रोतहरुको विनाश भएमा त्यसको प्रत्यक्ष असर त्यस क्षेत्र भित्र रहेका मानिसहरुको जीविकोर्पाजनमा पर्ने हुदा जलाधार तथा उप-जलाधार क्षेत्रभित्र रहेको प्राकृतिक स्रोतहरुको दिगोरुपमा सदुपयोग गर्दै जानुपदर्छ

विकसित मुलुकहरुमा जलाधार व्यवस्थापनलाई कृषि, विद्युत र जल उत्पादनको रुपमा मात्र लिने गरिन्छ भने नेपाल जस्तो विकासन्मुख देशहरुमा यसलाई जलाधार क्षेत्र भित्र रहदै आएका स्थानीय समुदायहरुको हितको लागि जलाधार क्षेत्र भित्रको सम्पूर्ण प्राकृतिक स्रोतहरुलाई एकीकृत एवं दिगोरुपमा बिकास गरी गरीवी निवारण गर्ने राष्ट्रको मूलनीतिलाई मद्धत पुरयाउन गरिने जलाधारका व्यवस्थापनलाई बुझ्नु पर्दछ । जलाधारको दिगो व्यवस्थापनको लागि स्थानीय समुदाय तथा संघ/संस्थाहरुको सहभागिता अत्यन्तै महत्वपूर्ण हुन्छ । त्यस्तो सहभागिता जलाधार व्यवस्थापनको योजना तर्जुमा गर्ने समय देखि कार्यान्वयन तथा अनुगमन गर्ने समयसम्म जरुरत पर्दछ ।

## ४.३. एकजल नीति तथा अवधारणा

“एकजल” अवधारणा भनेको समुदायमा आधारित पानी व्यवस्थापनको लागि एउटा व्यापक र दीर्घकालीन दृष्टिकोण हो । एकजल नीति अनुसार ग्रामीण वा शहरी जल चक्रलाई एकल एकीकृत प्रणाली मान्दछ । एकजलको दृष्टिकोणले सबै ग्रामीण लगायत शहरी पानी आपूर्तिका सेवाहरुलाई पनि एकल पानीको स्रोतको

रूपमा मान्यता दिन्छ । सतहको पानी, भूमिगत पानी, बर्षातको पानी, र फोहोर पानी वा प्रयोग पछी खेरजाने पानी यी सबै अन्तरसम्बन्धित स्रोतहरू बाढी, पानीको गुणस्तर र जलस्रोतहरूमा तिनीहरूको प्रभाव रहन्छ र ति पानीबाट हुने प्रकोप जोखिम र पानीको गुणस्तर कायम राख्नका लागि गरिने सबै ब्यबस्थापनका कार्यहरुको एकीकृत रुपनै एकजल नीति हो । सबै पानी आपूर्तिहरूको यो बृहत् व्यवस्थापन, बहुक्षेत्रको अन्तिम प्रयोगहरूलाई विचार गर्दै, वातावरण र अर्थव्यवस्था दुवैलाई फाइदा पुऱ्याएर समुदायको समग्र जीवनको गुणस्तर सुधार गर्दछ र स्थानीय सरकारबाट निर्माण हुने जल उपयोग गुरुयोजनाले पनि पानीको बृहत् व्यवस्थापनका पक्षहरुलाई समेट्नु पर्दछ ।

## ४.४. लैंगिक समानता तथा सामाजिक समाबेशिकरण अवधारणा र एकीकृत जलस्रोत ब्यबस्थापन

समुदायको अवस्था विश्लेषण गर्दा पानी संग सम्बन्धित क्रियाकलापहरुमा घरायसीस्तरमा महिलाहरु तथा जीविकोपार्जन वा उत्पादनशिल प्रयोगको हिसाबले समुदायका केहि निश्चित वर्ग, समुदायको पानी संग बढी सरोकार हुने हुँदा जल उपयोग गुरुयोजनाको तयारी चरण देखि कार्यन्वयन तहसम्म महिला र त्यस्ता बर्गहरुको सहभागिता र नेतृत्व सुनिश्चित गरिन्छ । गुरुयोजनाले पानी र जलस्रोतको विनियोजन, सुशासन र वित्तका पक्षहरूमा पहुँचमा सबैभन्दा ठूलो असमानताहरू अनुभव गर्ने जनसंख्याको विशेष आवश्यकताहरूलाई सम्बोधन गर्दै उमेर, लिंग, धर्म, जाति, अपाङ्गता, भूगोलका आधारमा आउने अवरोधहरू र त्यसबाट आधारभूत सेवाहरूको पहुँचमा पर्ने असरलाई कम गर्ने र प्राथमिकता दिन सहयोग पुरयाउदछ ।यस जलउपयोग गुरुयोजनाको कार्यान्वयन प्रकृयामा पारदर्शीता, सहभागिता र जवाफदेहिता को अभ्यास मार्फत सुशासनको प्रवर्द्धन र लैङ्गीक समानता तथा सामाजिक समाबेशिकरण को सुनिश्चितता गराउन तपसिलका नीति लिईने छ ।

- प्रत्येक वर्ष यस गाउँपालिका लगायत अन्य कार्यरत संघ संस्थाहरुको जलस्रोत, सरसफाइ र स्वच्छता को क्षेत्रमा उपलब्ध बजेट समिक्षा गरी सो बारे सबै उपभोक्तालाई अग्रिम जानकारी गराइनेछ ।
- उपलब्ध बजेट तथा जलस्रोत, सरसफाइ र स्वच्छतासित सम्बन्धित अन्य सुचना तथा जानकारी मा सबै उपभोक्ताहरुको पहुँचका लागि आम संचार माध्यमको प्रयोग गरिनेछ ।
- यो जलउपयोग गुरुयोजना यस नगरपालिका भित्र जलस्रोत , सरसफाइ र स्वच्छताका क्षेत्रमा गरिने सम्पुर्ण लगानीहरुको प्रमुख आधारको रुपमा रहनेछ । उपलब्ध बजेट तथा स्रोत साधनले सम्भव भए सम्म परियोजनाहरु कार्यान्वयन गर्दा जलउपयोग गुरुयोजनामा उल्लेखित प्राथमिकता अनुरुपनै गरिनेछ ।
- जलउपयोग गुरुयोजना तर्जुमाको चरणमा झै यसको कार्यान्वयनमा समेत महिला हरुको समान सहभागिता तथा दलित, जनजाती तथा पछाडी पारिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित उपभोक्ताहरुको सकृय सहभागिता रहनेछ । परियोजनाहरुको निर्माण, सञ्चालन तथा मर्मत सम्भार सम्बन्धित उपभोक्तहरुले गठन गरेको उपभोक्ता समितिको प्रत्यक्ष संलग्नतामा हुनेछ ।

- सवै उपभोक्ता समितिहरुमा सम्बन्धित क्षेत्रमा बसोवास गर्ने महिलाहरुको समान तथा बिभिन्न जात जातीहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ । समितिका प्रमुख पदहरुमा समेत महिलाहरुको कम्तिमा ५०%, सामाजिक बिभेदमा परेका जात जातीहरुको समानुपातिक प्रतिनिधित्व अनिवार्य गर्राईनेछ ।
- गुरुयोजना कार्यान्वयनमा उपभोक्ता समिति गठन तथा पुनर्गठन गर्दा लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण लाई ध्यान दिदै महिलाहरुको समान सहभागिता तथा दलित, जनजाती तथा पछाडी पारिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी पदाधिकारी तथा सदस्यहरु समावेश गरिनेछ ।
- यो जलउपयोग गुरुयोजना कार्यान्वयनको क्रममा महिला र सामाजिक बिभेदमा परेका जात जातीहरुको क्षमता अभिबृद्धीका लागि बिशेष पहल गरिनेछ । उनीहरुलाई नै लक्षित गरेर बिभिन्न क्षमता बिकास क्रियाकलापहरु सञ्चालन गरिनेछन । क्षमता विकासका कृयाकलापहरुको लागि सहभागी छनौट गर्दा समेत लैङ्गिक समानाता तथा सामाजिक समाबेशिकरण लाई ध्यान दिनुपर्नेछ ।
- स्रोत र साधनले भ्याए सम्म यस अन्तरगत निर्माण गरिने सबै भौतिक संरचनाहरुलाई महिला, बालबालीका, अपाङ्ग र बृद्ध मैत्री बनाइनेछन । मुख्यतया खानेपानी र सरसफाइ परियोजनाका सबै संरचनाहरु महीलाहरुको महिनावारीको बेलाको स्वच्छता व्यवस्थापन, छुट्टै शौचालयको व्यवस्था र उनीहरुको घरायसी कार्य बोझ न्यूनिकरण हुनेगरी निर्माण गरिनेछन ।
- खानेपानी सरसफाइ र स्वच्छताको कभरेज कम भएका क्षेत्रलाई प्राथमिकता दिने र बजेट वृद्धि गर्ने तदनुसार विनियोज बजेटले अति-गरीब पछाडि पारिएका वर्गहरुको उच्च जनसंख्या भएको क्षेत्रलाई प्राथमिकतामा राखिनेछ ।
- खानेपानीको धारा, शौचालय निर्माण, ढल जडाग गर्दा आवश्यक पर्ने लागतमा गरिब तथा सीमान्तकृत परिवारलाई सहुलियत दिइने छ ।
- कठिन परिस्थिति र विशेष अवस्थाका कारण पानीको महसुल तिर्न नसक्ने गरिब तथा सीमान्तकृत समुदायलाई पानीको महसुलमा अनुदान वा छुट दिइनेछ ।
- खानेपानीसम्बन्धी सचेतना अभियान र सरसफाइ अनिवार्य हुनुपर्छ । सचेतनामा लै स सा स को बिषय समाबेश हुनुपर्दछ सबै प्रशिक्षणमा अनिवार्य; महिला, सीमान्तकृत र पछाडि पारिएका वर्गलाई GESI सम्बन्धी तालिम दिइने छ ।
- ग्रामीण मर्मत सम्भार कार्यकर्ता र शौचालय निर्माणकर्ता छनोटको मापदण्ड जी महिला, गरीब र बहिष्कृत वर्ग मैत्री हुनुपर्छ ।
- महिला, गरिब र बहिष्कृतका मुद्दाहरूलाई सम्बोधन गर्न खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका लागि सम्झौतामा शर्तहरू हुनुपर्दछ ।
- महिला, गरिब र बहिष्कृतको आवश्यकतालाई सम्बोधन गर्ने क्रियाकलापका लागि पर्याप्त बजेट विनियोजन गर्ने, यी समूहको क्षमता अभिवृद्धि गरी दक्ष कार्य गर्ने ।
- निर्माण सामग्री खरिद गर्दा महिला सहकारी तथा अन्य महिला, गरिब र बहिष्कृत समूहलाई सामग्रीको स्थानीय आपूर्तिकर्ताको रूपमा प्रवर्द्धन गरिनेछ ।

- अनुगमन टीममा महिला, बालबालिका, गरिब तथा बहिष्करणमा परेकाको सहभागिता सुनिश्चित गर्ने ।
- सार्वजनिक लेखापरीक्षण गर्दा जीईएसआई मुद्दाहरू सार्वजनिक अडिट दिशानिर्देशहरू अनुसार सम्बोधन गरिनेछ ।
- तदनुसार विनियोजन र अति-गरीब को उच्च जनसंख्या संग प्राथमिकता क्षेत्रहरु पनि यस जलउपयोग गुरुयोजनाको समाबेशी नीति रहने छ।
- यस गुरुयोजना अर्न्तगत निर्माण गरिने सबै योजनाहरुमा सुशासन नीति अगाल्दै अनिवार्यरुपमा र्सार्वजनिक सुनवाई, र्सार्वजनिक समिक्षा र र्सार्वजनिक परिक्षण गरिनेछन । यी सबैमा कार्यहरुमा आम उपभोक्ता र सेवा प्रदायक बीचको अन्तरकृया र संवादलाई बिशेष जोड दिइनेछ । परियोजनाहरुका भौतिक संरचनाहरु र तिनले प्रदान गर्ने सेवाको गुणस्तर र दीगोपनाको लागि उक्त योजना कार्यान्वयन गर्ने संस्था पुर्णरुपमा जवाफदेहि हुनेछ ।

## ४.५. पानीको उत्पादनशिल प्रयोग

पानीलाई खानेपानी प्रयोजनका लागि मात्रै उपयोग नगरिकन यसका बहु-उपयोग मार्फत उत्पादनशील क्षेत्रहरुमा पनि प्रयोग गरिने छ । धारामा खेरजाने पानीको पनि करेशाबारी तथा तरकारी खेतीमा प्रयोग गर्ने, स्रोतहरु उपलब्ध हुने समुदाय तथा बस्तिहरुमा पानीको बहु-उपयोग गर्ने नीति अपनाई खानेपानी संगै आधुनिक सिंचाइका योजनाहरुको पनि कार्यान्वयन गरिने छ । खेरजाने पानीले समुदायको बातावरणलाई फोहोर तुल्याउनका साथै विभिन्न रोगहरु/महामारिहरु समेत निम्त्याउन सक्ने, लामखुट्टे, झिंगा जस्ता किराहरुको प्रकोप बढ्ने हुदा त्यसको उचित ब्यबस्थापन गरिने नीति अवलम्बन गरिने छ ।

## ४.६. जलस्रोतको उपयोगका लागि विकल्प तथा प्रविधिहरु

जलवायु परिबर्तन लगायत प्रकृतिमा हुदै गईरहेको असन्तुलनले गर्दा पानीका स्रोतहरुमा पानीको बहाव कम हुदै गईरहेको तथा बर्षातको समयमा अतिवृष्टि हुदा पहिरो जाने, खोला नजिकका बस्तीहरु बाढी कटानमा पर्ने समस्याहरु दिनानुदिन बढ्दै गरिरहेका छन् । त्यसकारण जलस्रोतको समुचित उपयोगका लागि विभिन्न बिकल्प तथा प्रविधिहरु आवश्यक पर्ने हुदा यस खाडाचक्र नगरपालिकाका लागि आवश्यक विकल्पहरु निम्न अनुसार रहेका छन् ।

- खाडाचक्र नगरपालिकामा खानेपानीको मुख्य स्रोत मुहान, खोलाहरु रहेको र पानीमा विभिन्न भौतिक तथा जैविक प्रदुषण हुने सक्ने भएकोले सबै खानेपानी योजनाहरुमा पानी शुद्धीकरण गर्ने र घरायसी स्तरमा पानी शुद्धीकरण गर्ने उपायहरुको अधिकतम प्रयोगका लागि आवश्यक पहल गरिने छ ।
- बर्षातको समयमा नगरपालिका बस्तीहरु पहिरोको खतरा हुने हुँदा त्यस्तो बेलाका लागि खानेपानी तथा सिंचाइ योजनामा बन्ने संरचनाहरु लाई प्रकोप खप्न सक्ने हिसाबले निर्माण गर्ने र स-साना प्रविधिहरु जस्तै; संरचनाको माथि तिर भल तर्काउने, धाराहरुको पानी खेरजान नदिने, मुहान संरक्षण र मुहान माथि वृक्षरोपण गर्ने र पानी दुषित हुन बाट जोगाउन खुला चरिचरण बन्द गर्ने, शौचालयहरु मुहान माथि वा नजिकै नबनाउने जस्ता क्रियाकलापहरुमा जोड दिने ।

- पाइप प्रणाली (ग्राभीटि ) बाट खानेपानी आपूर्ति गर्न नसकिने बस्ति/समुदायहरुमा सोलार/बिधुत लिफ्ट जस्ता प्रबिधिहरुबाट खानेपानी आपूर्ति गर्ने र त्यस्तो पनि बिकल्प नभएको अवस्थामा बर्षातको पानी संकलन गर्ने प्रबिधि का योजनाहरु निर्माण गरिने छ ।
- पानीको बहु-उपयोग हुने खालका योजनाहरुको सुरुवात गरिने र त्यस्ता योजनाहरुलाई निर्माणका लागि प्राथमिकता दिइने छ ।

## ४.७. मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरु (CBRT)

खानेपानीका योजनाहरुको वडा र पालिकास्तरमा प्राथमिकीकरणका लागि युएसएआईडी, कर्णाली जल परियोजनाले मापदण्डमा आधारित प्राथमिकीकरणका औजारहरु (CBRT tools) को प्रयोग गरिन्छ । यस औजारहरुको प्रयोग गरि खानेपानी योजनाहरु छनौट गर्दा पानी वितरणमा सु-शासन कायम हुने, योजना तर्जुमा र प्राथमिकीकरणमा हुने बिबाद कमहुने तथा गरिब बिपन्न र पछाडी पारिएका बर्ग/समुदायहरुको खानेपानीको माग सम्बोधन गरि न्यायोचित जलस्रोत वितरण लाई सम्बोधन गर्न यो अत्यन्तै महत्वपूर्ण औजारको रुपमा रहेको छ । यस औजार अनुसार खानेपानी योजना छनौट गर्ने मुख्य आधारहरु तलको तालिका- २० मा प्रस्तुत गरिएको छ।

**तालिका १९ः समुदाय तथा योजना छनौट मापदण्ड (नयाँ योजना निर्माणका लागि)**

| क्र.सं | सूचक | | उप सूचक | अंक भार | जम्मा अंक | कैफियत (अङ्क दायराः ६ - ३६) |
|---|---|---|---|---|---|---|
| क)आधारभूत खानेपानी सेवाको पहुँचमा सामुदायको स्थिति | | | | | १३ | (अङ्क दायराः ४ - १३) |
| १ | सेवा दिइने जनसंख्याको बिवरण | *गरिब घरधुरि (%)* | >=५०% | ३ | ३ | बढी जनसंख्या भएका समुदायको लागि प्राथमिकता (उच्च जनसंख्या घनत्व) |
| | | | >=२५%<५०% | २ | | |
| | | | <२५% | १ | | |
| | | *लैङ्गिक समानता लक्षित समूहको घरधुरि (%)* | >=५०% | ३ | ३ | |
| | | | >=२५%<५०% | २ | | |
| | | | <२५% | १ | | |
| | | *सामाजिक समावेशीकरण लक्षित समूहको घरधुरि (%)* | >=५०% | ३ | ३ | |
| | | | >=२५%<५०% | २ | | |
| | | | <२५% | १ | | |
| २ | भौगोलिक कठिनाइमा रहेको समुदाय | | >=५ घण्टा | ३ | ३ | भौगोलिक कठिनाइमा रहेको समुदायको लागि प्राथमिकता |
| | | | >=२ घण्टा <५ घण्टा | २ | | |
| | | | <२ घण्टा | १ | | |
| ३ | | | छ | १ | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालय तथा स्वास्थ संस्थाको अवस्थिति | छैन | 0 | | बिध्यालय तथा स्वस्थ्य संस्था भएका समुदायलाई प्राथमिकता |
| **ख) सामुदायमा विद्यमान खानेपानी सेवाको अवस्था (सेवा स्तर)** | | | | **१८** | **(अङ्क दायराः ० - १८)** |
| | | घरधुरी (%) | अंक भार | | |
| १ | सेवा बिहिन तथा असुरक्षित खानेपानी सेवा उपभोग गर्ने घरधुरी | १००% | ३ | १८ | उच्च प्रतिशत, उच्च प्राथमिकता हुनेछ |
| २ | सीमित खानेपानी सेवाको पहुंचमा रहेको घरधुरी | 0% | २ | | |
| ३ | आधारभूत खानेपानी सेवाको पहुंचमा रहेको घरधुरी | 0% | १ | | |
| ४ | सुरक्षित रूपमा व्यवस्थित खानेपानी सेवाको पहुंचमा रहेको घरधुरी | 0% | 0 | | प्रतिशत कम, उच्च प्राथमिकता हुनेछ |
| **ग) सामुदायमा लगानी मैत्री बाताबरणको अवस्था** | | | | **५** | **(अङ्क दायराः २ - ५)** |
| १ | स्थानीय सरकार (LG) द्वारा जल उपयोग गुरुयोजना अथवा खानेपानी सरसफाइ तथा स्वच्छता योजना अथवा पालिकाको वार्षिक योजनामा प्राथमिकता निर्धारण गरिएको योजना | बजेट बिनियोजन भैसकेको | ३ | ३ | स्थानिय निकयले पहिचान तथा प्राथमिकिकरण गरिएको खनेपानी योजन अथवा आवधिक योजनामा समाबेस गरिएको योजना उच्च प्राथमिकता हुनेछ |
| | | बजेट बिनियोजनको प्रतिबद्धता गरेको | २ | | |
| | | छैन | १ | | |
| २ | खानेपानी योजनामा लागत साझेदारिको सम्भावना (खानेपानी योजनामा योगदान र मर्मत गर्न स्थानीय निकाय र सरोकारवालाहरूको इच्छा, तत्परता र प्रतिबद्धता) | छ | २ | २ | स्थानीय सरकार /साझेदारहरू र उपभोक्ता सँग लागत साझेदारिको सम्भावना उच्च राहेको योजना उच्च प्राथमिकता हुनेछ |
| | | छैन | १ | | |
| | | | | | |
| **जम्मा अंक** (माथिका ३ सूचकहरुको जम्मा - क, ख र ग) | | | | **३६** | |

## तालिका २०: समुदाय तथा योजना छनौट मापदण्ड (मर्मत तथा पुनरनिर्माण)

| क्र.सं | सूचक | उप सूचक | अंक भार | जम्मा अंक | कैफियत (अङ्क दायराः ९ - २८) |
|---|---|---|---|---|---|
| **योजनाको भौतिक अवस्था** | | | | **२१** | **(अङ्क दायराः ६ - २१)** |
| १ | पानीको उपलब्धता | वर्ष भरी | १ | ३ | पानीको उपलब्धता कम रहेको समुदायको लागि प्राथमिकता |
| | | >११ महिना | २ | | |
| | | ≤११महिना | ३ | | |
| २ | योजना सम्पन्न बर्ष | ≤५ वर्ष | १ | ३ | पुरानो योजना रहेको समुदायको लागि प्राथमिकता |
| | | >५ वर्ष देखि ≤१० वर्ष | २ | | |
| | | >१० वर्ष | ३ | | |
| ३ | विद्यमान खानेपानी योजनाका भौतिक संरचनाको संचालन अवस्था | >७५% | १ | ४ | भौतिक संरचनाको संचालन अवस्था नाजुक रहेको समुदायको लागि प्राथमिकता |
| | | >५०% <७५% | २ | | |
| | | >२५% <५०% | ३ | | |
| | | <२५% | ४ | | |
| ४ | घरधुरी र सन्चालनमा रहेका धाराको आनुपत | ≤५ घरधुरी | १ | ३ | घरधुरी र सन्चालनमा रहेका धाराको आनुपत उच्च रहेको समुदायको लागि प्राथमिकता |
| | | ५-१० घरधुरी | २ | | |
| | | >१० घरधुरी | ३ | | |
| ५ | समुदायमा उपलब्ध पानीको मात्रा | ≤६५ लि/से | १ | ३ | हाल सन्चालनमा रहेको धारामा पानीको बहाव (लि/से) कम रहेको समुदायको लागि प्राथमिकता |
| | | ६६-१०० लि/से | २ | | |
| | | >१०० लि/से | ३ | | |
| ६ | उपलब्ध पानीको गुणस्तर | सधै राम्रो | १ | ३ | समुदायमा उपलब्ध पानीको गुणस्तर नाजुक रहेको समुदायको लागि प्राथमिकता |
| | | प्राय राम्रो | २ | | |
| | | प्राय नराम्रो | ३ | | |
| ७ | पानीको चुहावट | छैन | ० | २ | संरचना तथा पाईप प्रणालीमा चुहावट उच्च रहेको समुदायको लागि प्राथमिकता |
| | | छ | २ | | |
| **विद्यमान खानेपानी योजनामा उपभोक्ता समितिको अवस्था** | | | | **७** | **(अङ्क दायराः ३ - ७)** |
| १ | | छ | २ | २ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यमान समयमा खानेपानी योजनामा उपभोक्ता समितिको उपलब्धता | छैन | १ | | विद्यमान समयमा खानेपानी योजनामा उपभोक्ता समितिको उपलब्ध रहेको समुदायको लागि प्राथमिकता |
| २ | विद्यमान समयमा मर्मत सम्भार कार्यकर्ताको उपलब्धता | छ | २.५ | २.५ | विद्यमान समयमा मर्मत सम्भार कार्यकर्ताको उपलब्ध रहेको समुदायको लागि प्राथमिकता |
| | | छैन | १ | | |
| ३ | विद्यमान समयमा पानी महसुलको ब्यवस्था रहेको तथा महसुल संकलन गर्ने गरेको | छ | २.५ | २.५ | विद्यमान समयमा पानी महसुलको ब्यवस्था रहेको तथा महसुल संकलन गर्ने गरेको समुदायको लागि प्राथमिकता |

## ४.८. स्रोत संरक्षण

एकातिर खानेपानीका स्रोतहरु जलवायु परिबर्तन तथा मानवद्वारा निर्माण भैरहेका योजना बिना नै भैरहेका बिकासका गतिविधिहरुले गर्दा सुक्दै र हराउदै गईरहेका छन् भने अर्कोतिर समुदायमा पानीको माग बढ्दै गईरहेको छ । समुदायको बढ्दो पानीको माग, पर्याबरणको संरक्षण र सुक्दै तथा हराउदै गैरहेका स्रोतहरु बिचको सन्तुलन मिलाउन हाल प्रयोग भइरहेका पानीका स्रोतहरुका साथै प्रयोग नभएका स्रोतहरुको पनि उचित संरक्षण र ब्यबस्थापन हुन अति आवश्यक छ । यसका लागि स्रोतहरुको वरिपरी खुला चरिचरण नगर्ने/गराउने, पानीका स्रोतहरुको वरिपरी घेरबार गर्ने तथा फोहर हुन बाट बचाउने जस्ता क्रियाकलापहरु पर्दछन । त्यसैगरि पानीका सुक्दै गइरहेका स्रोतहरुको संरक्षणका लागि बर्षातको पानीलाई जमिन भित्र पठाउने खाडल (Recharge Pits), स्रोतहरुको माथि पुनर्भरण पोखरीकका साथै समथर भूभागमा त्यहाँ रहेका प्राकृतिक तालतलैयाको संरक्षणका साथै पानीको स्रोतहरु वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरुको वृक्षारोपण आदि गर्न सकिन्छ ।

# अध्याय-५ : जलउपयोग गुरुयोजना

## ५.१. अन्तर विश्लेषण

टोलस्तरीय भेला तथा बैठकहरुबाट संकलित तथ्यांकहरु, वडा स्तरीय बैठक,अनुशिक्षण तथा योजना तर्जुमा गोष्ठी र पालिकास्तरीय बैठक, छलफल तथा योजना तर्जुमा गोष्ठीको अवधिमा संकलन गरिएका तथ्याँकहरुको विश्लेषण गर्दा खाडाचक्र नगरपालिकामा हालसम्म ६२ वटा खानेपानी योजनाहरु विद्यमान योजनाको रुपमा रहेका छन् । जसबाट २७४५ घरधुरी लाभान्वित भएको देखिन्छ । त्यसै गरि पालिकामा हाल १ वटा खानेपानी योजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् र उक्त निर्माणाधीन योजनाहरु बाट १८२ घरधुरी लाभान्वित हुने देखिन्छ । यसरि समग्रमा विद्यमान योजनाहरु र निर्माणाधीन योजनाहरुबाट पालिकाको कुल घरधुरी को ७१ % घरधुरीहरुमा आधारभूत खानेपानी सेवा उपलब्ध हुने देखिन्छ । हाल सम्म निर्माण सम्पन्न भएका र निर्माणाधीन योजनाहरु सबै उपभोक्ता समितिबाट संचालान र ब्यबस्थापन भईरहेका छन् तथापी संचालन तथा मर्मत सम्भारको अवस्था एकदमै कमजोर रहेको देखिन्छ ।त्यसकारण नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रमा छिटो उपलब्धि हासिल गर्न उपभोक्ता समितिहरुको क्षमता बिकास र संस्थागत बिकासका लागि लागनी र पहल गर्नुपर्ने देखिएको छ ।

सिंचाइ तथा निकास तर्फ जम्मा २९ वटा कुलो सिंचाइ र ४३ वटा लघु सिचाइका विद्यमान योजनाहरु रहेका देखिन्छन । जसबाट करिब १०७४३ रोपनी खेतीयोग्य जमिन सिंचित भैरहेको देखिन्छ भने ५२ वटा कुलो सिंचाइका नया तथा मर्मतका योजनाहरु  र ८५ वटा लघु सिंचाइका योजनाहरु निर्माण गर्दा सतप्रतिशत घरधुरीको खेतीयोग्य जमिन सिंचित हुने देखिन्छ । जसबाट पालिकाको खाद्य तथा पोषणको अवस्थामा सुधारका साथै आयआर्जनमा समेत वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।

त्यसै गरि खाडाचक्र नगरपालिकामा बर्षातको समयमा हुने ठुलो बर्षात बाट बाढी पहिरोबाट ठुलो धनजनको क्षति हुदै आइरहेको छ । यसलाई मध्यनजर गर्दै नगरपालिकाले बिपद प्रकोप न्यूनीकरण कार्ययोजना सबै सरोकारवाला निकायहरुको सहभागितामा निर्माण गरि लागु गरिरहेको छ तथापी ति प्रयासहरु प्रयाप्त भने छैनन् । त्यसैगरि विपद प्रतिकार्यका लागि नगरपालिका, वडा र समुदायस्तरमा पनि विभिन्न समिति, उप-समितिहरु गठन भइ परिचालन समेत भईरहेका छन् ।

पालिका, वडा र समुदाय/उपभोक्ता समितिकाहरु संग छलफल गर्दा पालिकामा एकीकृत जलस्रोत ब्यबस्थापन लगायत खानेपानी, सरसफाइ तथा स्वच्छता, सिंचाइ तथा निकास, जलउर्जा र बाताबरण तथा पर्यावरण क्षेत्रमा देखिएका अन्तरहरु (Gaps) र ति अन्तरहरू परिपूर्तिका लागि निम्न तालिका अनुसारका उपायहरुको अवलम्बन गर्न आवश्यक छ ।

**तालिका २१: हाल देखिएका क्षेत्रगत अन्तरहरू र परिपूर्तिका उपायहरु**


| हाल देखिएका अन्तरहरु (Gaps) | समाधानका उपायहरु |
|---|---|
| - विद्यमान खानेपानी योजनाहरुको संचालन तथा मर्मत सम्भारको अवस्था तुलनात्मक रुपमा कमजोर देखएको छ । | - सबै विद्यमान खानेपानी योजनाहरु र निर्माणाधीन खानेपाली योजनाहरुमा संलग्न उपभोक्ता समितिहरुको योजनाको दिगोपना सम्बन्धि क्षमता अभिबृधि गर्नुपर्ने र निर्माणको गुणस्तरमा ध्यान दिनुपर्ने देखिन्छ । |
| - प्राप्त तथ्याँकहरुको बिस्लेशण गर्दा करिब ८% घरधुरीमा चर्पी नभएको अवस्था विद्यमान छ । | - नगरपालिका ले चर्पी नभएका घरधुरीहरुमा चर्पी प्रयोगमा नहुनुको कारण पत्ता लगाई शतप्रतिशत घरधुरिहरुमा चर्पी तथा सरसफाइको पहुँच पुऱ्याउने नीति लिई पूर्ण सरसफाइ तर्फ अग्रसर हुनुपर्ने देखिन्छ |
| - बिद्यालयहरुमा खानेपानी तथा आधारभूत सरसफाइ भएको अवस्था विद्यमान रहेको छ । | - आधारभूत खानेपानी र सरसफाइको सुबिधा नभएका बिद्यालयहरुमा नगरपालिकाले स्रोत खोजि र परिचालन गरि शतप्रतिशत बिद्यालयहरुमा खानेपानी र सरसफाइ सुबिधा पहुँच सु-निश्चित गर्नुपर्ने देखिन्छ । |
| - दिसाजन्य लेदो ब्यबस्थापन र ठोस फोहोर ब्यबस्थापनको अभाव | - पालिकामा बढ्दो यातायातको चाप ले गर्दा जिल्ला सदरमुकाम क्षेत्र लगायत ग्रामीण क्षेत्रहरुमा पनि ठोस तथा तरल फोहोर थुप्रिदै गईरहेको हुँदा अहिले देखि नै ठोस तथा दिसाजन्य लेदोको उचित ब्यबस्थापनका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ । |

## ५.२. आवधिक योजनाको सारांश

यस खाडाचक्र नगरपालिकामा विद्यमान जलस्रोतहरु, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक तथा प्राविधिक पक्षहरुको अध्ययन र छलफल तथा जन आवश्यकतामा आधारित भई जलउपयोग गुरुयोजनाको अभिन्न अंगको रुपमा यस आवधिक योजना तयार गरिएको हो । आवधिक योजना अर्न्तगत नगरपालिकाका ११ वटै वडाहरुमा योजना तर्जुमा मार्फत जम्मा सबै क्षेत्रका क्षेत्रगत २९४ वटा विभिन्न योजनाहरु पहिचान गरी प्राथमिकता क्रम सहित गुरुयोजनामा संलग्न गरिएका छन । प्रस्तावित योजनाहरु मध्ये स-साना योजनाहरु वडास्तरबाटै संचालन गरिने छन् भने पालिकाको स्रोतबाट निर्माण सम्भव योजनाहरु पालिका बाट र बाँकी योजनाहरुका लागि

सम्बन्धित क्षेत्रमा कार्यरत विकास साझेदारहरु र प्रदेश तथा संघीय सरकारका सम्बन्धित मन्त्रालय/बिभागहरु संग कार्यन्वयन सहयोगका लागि समन्वय गरिने छ ।

प्रस्तावित योजनाहरुलाई योजनाको प्रकृति, कार्यान्वयनका लागि आवश्यक पर्न सक्ने बाहृय सहयोग, प्रविधि




**ग्राफ -१२ : आवधिक योजनाको क्षेत्रगत योजना संख्या र लागतको सारॉंस विवरण**

विकल्प, लागत अनुमान आदिलाई आधार मानी बिभिन्न क्षेत्रका क्षेत्रगत योजनाहरुको कार्यान्वयनका लागि नगरपालिका र वडा स्तर गरि दुई भागमा बिभाजन गरी प्राथमिकता क्रम अनुसारको छुट्टा छुट्टै सूची तयार गरिएको छ । योजना तर्जुमाको समयमा वडा र पालिकाबाट कार्यान्वयन गर्नका लागि पहिचान भएका जम्मा २९४ वटा क्षेत्रगत योजनाहरु मध्ये ४२ वटा खानेपानी योजना, ५२ वटा कुलो सिंचाई योजना, ८५ वटा लघु सिंचाई योजना, ९० वटा बातावरण पर्यावरण संरक्षण तथा जलवायु परिबर्तन अनुकुलन तथा प्रकोप जोखिम न्युनिकरण क्षेत्रका योजनाहरु रहेका छन । त्यसै गरि जलउर्जा क्षेत्रका २१ वटा सुधारिएको आधुनिक पानी घट्ट र १ वटा लघु जलबिधुतका आयोजनाहरु लाइ पञ्चबर्षीय योजनाहरुको रुमपा प्रस्ताव गरिएको छ । यी सबै योजनाहरुको कार्यान्वयनका लागि हालको अनुमानित लागत मूल्य अनुसार रु. ३५ करोड २९ लाख ७० हजार रहेको देखिन्छ । प्रस्तावित घरधुरीहरुको विश्लेषण ग्राफ-१२ मा गरिएको र थप क्षेत्रगत पञ्चबर्षीय योजनाहरुको क्षेत्रगत विस्तृत विवरण अनुसूची ७ देखी १२ सम्ममा उल्लेख गरिएको छ ।

## ५.२.१. खानेपानी योजनाहरु

यस खाडाचक्र नगरपालिकाका उपभोक्ताहरुको विद्यमान खानेपानीको सुबिधास्तरलाई मध्यनजर गरी नगरपालिकामा जम्मा ४२ वटा खानेपानीका योजनाहरु प्रस्ताव गरी पञ्चबर्षीय योजनामा समावेश गरिएका छन् । उक्त योजनाहरुको व्यवस्थापन पश्चात नगरपालिकाको १ देखी ११ वटै बडाका २०४७ घरधुरीहरुलाई सफा सुरक्षित खानेपानी उपलब्ध हुने सम्भावना देखिन्छ । प्रस्तावित खानेपानी योजनाबाट नसमेटीएका तथा

सुरक्षित खानेपानी सेवाको पहुँच बाट टाढा हुने घरधुरिहरुलाई अन्य प्राबिधिक बिकल्पहरुको माध्यमबाट खानेपानी आपूर्ति गरिने छ । नगरपालिकामा विद्यमान रहेका तथा प्रस्ताव गरिएका योजनाहरुको दीगो मर्मत सम्मार तथा नियमित सञ्चालन, पानी शुद्धीकरण/सुरक्षा तथा व्यवस्थापनका लागि पालिकाले सवै योजनाहरुलाई प्रबावकारी रुपमा सञ्चालन र ब्यबस्थापनमा सहयोग गर्नुपर्ने देखिन्छ । यसरी तर्जुमा गरिएका योजनाहरुको वडागत विवरण तालिका नं.२३ मा र कार्यान्वयनका लागि वडा र नगरपालिकामा सिफारिस गरिएका योजनाहरुको प्राथमिकता क्रम अनुसारको अनुसूची-७ मा उल्लेख गरिएको छ ।

**तालिका २२ः प्रस्तावित खानेपानी योजनाहरुको विवरण**

| वडा नं. | प्रस्तावित खानेपानी योजना विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | नया | | | मर्मत सम्भार/पुनर्निर्माण/सेवा बिस्तार | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानितलागत (ने.रु.००० ) | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.००० ) |
| १ | ६ | २२४ | २,६८८ | २ | ५६७ | २,५५१ |
| २ | ८ | ४२४ | ५,०८८ | २ | १८३ | ८३२ |
| ३ | ३ | २२८ | २,७३६ | ३ | २७४ | १,२३३ |
| ४ | ५ | १८६ | २,२३२ | २ | १३३ | ५९८ |
| ५ | ७ | ५०९ | ६,१०८ | १ | २६६ | १,१९७ |
| ६ | ६ | ७३ | ८७६ | २ | ४१३ | १,८५८ |
| ७ | - | - | ० | ० | ० | ० |
| ८ | ८ | ७० | ८४० | २ | २८८ | १,२९६ |
| ९ | १ | २९६ | ३,५५२ | १ | ४८५ | २,१८२ |
| १० | ४ | ११० | १,३२० | ३ | २१० | ९४५ |
| ११ | ४ | १३६ | १,६३२ | ३ | २२९ | १,०३० |
| **जम्मा** | **४२** | **२,२५६** | **२७,०७२** | **२१** | **३,२३८** | **१३,७२२** |

### ५.२.२. सरसफाइ योजनाहरु

यस पालिकाका करिब ९३% घरधुरिहरुमा घरायसी स्तरमा शौचालय निर्माण भई प्रयोगमा रहेका छन् । तर यस पालिका जिल्ला सदरमुकाम रहेको पालिका समेत हुनुका साथै बढ्दो बजारीकरण, अब्यबस्थित बसोबास तथा रारातालको भ्रमणमा जाने आन्तरिक र बाह्य पर्यटकहरुको मुख्य प्रवेश/यातायात मार्ग भएको कारणले यस पालिकामा यातायातका साधनहरु बढी चल्दछन । जसले गर्दा बजार क्षेत्रहरुमा ठोस फोहर थुप्रिदै गईरहेको देल्हिएको छ । साथै मानिसहरुको आवतजावत बढी हुने हुँदा यस पालिकाका मुख्य क्षेत्रहरुमा सार्बजनिक शौचालयहरुको टड्कारो आवश्यकता महशुस गर्दै पालिका भरिमा २ वटा सार्बजनिक शौचालयहरु प्रस्ताव

गरिएका छन् । यसका साथै दिसाजन्य लेदो ब्यबस्थापनका लागि २ वटा योजना र ठोस फोहोर ब्यबस्थापनका लागि २ वटा योजनाहरु प्रस्तावित गरिएका छन् ।

यसका साथै घरायसी स्तरको सरसफाइका लागि समुदायस्तरमा जनचेतनामुलक कार्यहरु संचालन गर्ने, महिला समुह तथा बालक्लबहरु परिचालन गर्ने रणनीति समेत खानेपानी सरसफाइ तथा स्वच्छता योजनामा पालिकाले प्रतिबद्धता जनाएको छ । संस्थागत खानेपानी तथा सरसफाइ अन्तर्गत बिद्यालय तथा स्वास्थ्य संस्थाहरुमा पालिका, वडा कार्यालयहरु र अन्य सहयोगी निकायहरुको सहयोगमा ५ बर्षभित्र सबै बिद्यालयहरु र स्वास्थ्य संस्थाहरुमा सुरक्षित खानेपानी र सुधारिएको सरसफाइ कायम गर्ने समेत यस पालिकाको योजना रहेको छ ।

### ५.२.३. बहुपयोगी योजनाहरु

बहुउपयोगी योजना प्रणालीमा एक भन्दा बढी जलस्रोत विकासका क्रियाकलापहरु समावेश भएका हुन्छन् । यसप्रकारका योजनाले पानीको समुचित उपयोग गरी जलाधार व्यवस्थापनमा पनि सहयोग गर्दछ । बहुउपयोगी योजनाहरुको व्यवस्थापन बाट कम लगानीमा बढी फाईदा हुने तथा आयआर्जनमा समेत टेवा पुग्ने अवसर प्राप्त हुन्छ । वडा तथा नगर पालिकास्तरीय आवश्यकता पहिचान तथा योजना तर्जुमाको समयमा यस नगरपालिकामा बिभिन्न क्षेत्रलाई लक्षित गरि जम्मा ३ बटा बहुउपयोगी क्षेत्रका योजनाहरु प्राथमिकीकरण गरिएका छन । प्रस्तावित बहु उपयोगी योजनाहरु कार्यान्वयनका लागी नगरपालिका स्तरमा सिफारिस गरिएका छन । उक्त योजनाहरुको वडागत विवरण तलको तालिका नं. २४ मा उल्लेख गरिएको छ भने प्राथमिकता क्रम अनुसारको सुची र थप विस्तृत विवरण अनुसूची-९ मा उल्लेख गरिएको छ ।

**तालिका २३ः वडागत रुपमा तर्जुमा गरिएका बहु-उपयोगी योजनाहरुको विवरण**

| वडा नं. | प्रस्तावित योजनाको विवरण | | | |
|---|---|---|---|---|
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.)"००० | योजनाको प्रकार |
| ५ | २ | ५०० | १५,५०० | सिंचाइ, लघु जलबिधुत र सुधारिएको घट्ट |
| ८ | १ | ८० | ७,५०० | सिंचाइ र सुधारिएको घट्ट |
| **जम्मा** | ३ | ५८० | २३,००० | |

### ५.२.४. सिंचाइ योजनाहरु

यस नगरपालिकामा सिंचाईको विद्यमान अवस्था विश्लेषण गरी थप आधुनिक तथा परम्परागत सिंचाईका योजनाहरु तर्जुमा गरिएका छन् । जलउपयोग गुरुयोजना समायोजनको क्रममा जम्मा ५२ वटा कुलो सिंचाई योजना योजना तर्जुमा गरिएका छन् । यस बाहेक विद्यमान, निर्माणाधीन वा सेवा बिस्तार र नया प्रस्ताव गरिएका योजनाहरुबाट सिंचाइ हुने सम्भावना नभएका खेतियोग्य जमिनमा सिंचाइका लागि लघु सिंचाइको रुपमा ८५ वटा प्रस्ताव गरिएका छन् । प्रस्तावित तर्जुमा गरिएका ५२ वटा कुलो तथा अन्य सिंचाईका योजनाहरुबाट पालिका भरी करिब पालिकाको सबै खेतीयोग्य जमिन बराबरका खेतहरु सिंचित हुने सम्भावना देखिएको छ । प्रस्ताव गरिएका सबै सिंचाई योजनाहरुलाई भावि कार्यान्वयनको लागि योजनाहरुको आकार र लगानीलाई

मध्यनजर वडा, पालिका र अन्य सरकारी तथा विकास साझेदार निकायहरुको संयुक्त लगानीमा संचालन गरिने छन् । उक्त परम्परागत सिंचाई योजनाहरुको वडागत विवरण तालिका नं. २५ र प्राथमिकता क्रम अनुसारको सूची अनुसूची-८ (PL-२, TA-११, PL-३ र TA-१२) मा उल्लेख गरिएको छ ।

**तालिका २४: वडागत रुपमा सिंचाइ (परम्परागत र लघु) सिंचाइहरुको विवरण**

| वडा नं. | परम्परागत (कुलो/नहर/पाईप) सिंचाइ योजना | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नया योजना | | | | मर्मत सम्भार/पुनर्निर्माण/सेवा बिस्तार | | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र (रोपनी ) | अनुमानित लागत (ने.रु.)"००० | योजना संख्या | लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र (रोपनी ) | अनुमानित लागत (ने.रु.)"००० |
| १ | २ | ५६४ | ३,००० | ६,००७ | 0 | 0 | ० | ० |
| २ | ३ | १९० | १,२७० | २,०६० | 2 | १८० | ८०० | ३,००० |
| ३ | ६ | ३७९ | १,७५० | १,६३६.८ | १ | ५०० | ५०० | १,७०० |
| ४ | ४ | २६३ | ८९० | २,३०४.७० | ४ | ४७२ | १५५० | ४,६५० |
| ५ | ७ | १,०३५ | १,९८५ | ४,४१० | २ | ६० | ९० | २,२०० |
| ६ | ३ | ४०३ | १,४३० | २,३१४ | २ | १८० | १०० | २,४५० |
| ७ | ५ | ६५३ | ५,६८४ | २,७७२ | ३ | ५२८ | १,४९० | २,१७५ |
| ८ | ८ | १,४४५ | ८,७०० | १,०५६.७ | ३ | १९८ | ६०० | २,९०० |
| ९ | ५ | १,४८० | १६,३१८ | १,४६० | ५ | १,४८० | १,८५० | ६,१५० |
| १० | ३ | ५८० | ८,३०० | १,८८० | २ | ५२६ | ३५० | १,७६५ |
| ११ | ६ | १२८ | १,९४० | २,१८९.५० | ५ | २९० | १,१६० | ३,९०० |
| **जम्मा :** | **५२** | **३,५०५** | **३३,३१८** | **१२,०४१** | **२९** | **२,२०४** | **२,८००** | **३०,८९०** |
| **लघु सिंचाइ** | | | | | | | | |
| १ | १ | २३ | ६०० | ५० | 0 | 0 | 0 | 0 |
| २ | २ | ३५ | १०० | १०० | 0 | 0 | 0 | 0 |
| ३ | १५ | ६३७ | ५१५ | ७५० | 0 | 0 | 0 | 0 |
| ४ | ७ | १५० | ७१ | ३५० | 0 | 0 | 0 | 0 |
| ५ | १८ | ६३२ | ५५४ | ९०० | 0 | 0 | 0 | 0 |
| ६ | १३ | ७९४ | २,३६० | ६५० | 0 | 0 | 0 | 0 |
| ७ | ८ | ५३७ | ४९० | ४०० | 0 | 0 | 0 | 0 |
| ८ | ११ | १,२१५ | ६,१०० | ५५० | 0 | 0 | 0 | 0 |
| ९ | २ | ३२१ | १५० | १०० | 0 | 0 | 0 | 0 |
| १० | ५ | ७३ | ६१ | २५० | 0 | 0 | 0 | 0 |
| ११ | ३ | ६७ | ८८ | १५० | 0 | 0 | 0 | 0 |
| **जम्मा** | **८५** | **४,४८४** | **१०,५७४** | **४,२५०** | 0 | 0 | 0 | 0 |

## ५.२.५. स्रोत संरक्षण तथा बातावरण संरक्षण योजनाहरु

यस नगरपालिका पालिका मध्यम तथा उच्च पहाडी भू-भागमा अवस्थित भएको हुँदा पहिरो, बाढी जस्ता प्रकोपहरुको उच्च जोखिममा रहेको देखिन्छ । यसका साथै बनजंगलको अत्यधिक बिनाश तथा मेसिन प्रयोग गरि सडक खन्ने जस्ता मानबिय क्रियाकलापहरुले गर्दा पहिरो, बाढी, ढुंगा खस्ने जस्ता प्रकोपहरुको जोखिममा रहनुका साथै पानीका मुहानहरु सुक्ने तथा बन्यजन्तुहरु लोपहुदै जाने खतरा बढ्दै गईरहेको छ । मुख्यगरी पानीका स्रोतहरु हराउदै र सुक्दै जाँदा समुदायको जीवन र जिबिकोपार्जनमा समेत प्रत्यक्ष असर पर्दै गईरहेको छ । यसकारणले गर्दा पर्यावरण र बाताबरण ब्यबस्थापनका क्रियाकलापहरु यस पालिकाको लागि धेरै आवश्यक रहेका छन् । हाल भइरहेको जलवायु परिवर्तनका असरहरु अझ आक्रामक हुने संभावना रहेको देखिन्छ । नयाँ संरचना संगै विकासमा बढ्दो जनआकांक्षा तथा नयाँ सडक ट्र्याक खोल्ने कार्यहरु, सडक बिस्तार योजना लगायतले जोखिम झनै थपिने अनुमान गर्न सकिन्छ ।

यसप्रकारका विविध समस्याहरुलाई न्यूनिकरण गर्न वातावरण पर्यावरण तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विभिन्न क्रियाकलापहरु तय गरिएका छन् । जस अर्न्तगत पानीका स्रोतहरु संरक्षण, नदी कटान निन्त्रण, उचित ढल निकास, बहुउद्देश्यिय नर्सरी स्थापना तथा वृक्षारोपण, आदि जस्ता बिभिन्न खाले ९० वटा योजनाहरुको सम्भावना अध्ययन गरी प्राथमिकिकरण गरेको छ । आगामि दिनहरुमा यस पालिकामा विकास निर्माणका गतिबिधिहरु सञ्चालन संगसंगै यी क्रियाकलापहरुलाई बढी प्राथमिकता दिई जलबायु परिवर्तनका असर न्युनिकरण र प्रकोप न्यूनीकरणमा ध्यान दिने साथै जनचेतना बढाउने तथा जोखिम नक्सांकन गरि विकास गतिबिधिहरुमा जोखिम न्युनिकरणका उपाय अवलम्बन गर्नु जरुरी देखिन्छ । यसरी योजना तर्जुमाको समयमा योजनहरुको लगानी र प्रकृति हेरी नगरपालिका, वडा र अन्य साझेदारहरुको सहयोगमा ९० वटा ५ बर्ष भित्र कार्यान्वयनका लागि प्राथमिकीकरण गरिएका छन । उक्त वातावरण तथा पर्यावरण क्षेत्रका तर्जुमा गरिएका क्रियाकलाप तथा योजनाहरुको वडागत विवरण तलको तालिका नं.२६ मा दिइएको छ भने थप प्राथमिकता क्रम अनुसारको सुची अनुसूची-१० मा उल्लेख गरिएको छ ।

**तालिका २५: वातावरण तथा पर्यावरण सम्बन्धि तर्जुमा गरिएका योजनाहरु**

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | | |
|---|---|---|---|---|---|
| | योजना संख्या | लाभान्वित घरधुरी | योजनाको किसिम | योजनाको प्रकृति | अनुमानित लागत (ने.रु. )"००० |
| १ | ७ | १,७९५ | नयाँ | वृक्षारोपण, तटबन्ध, बजार ढल व्यबस्थापन | ६,२८२.५ |
| २ | ६ | १२६ | नयाँ | वृक्षारोपण, तटबन्ध, पहिरो नियन्त्रण | ४४१ |
| ३ | ८ | २६६ | नयाँ | वृक्षारोपण, तटबन्ध | ९३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ११ | ५४१ | नयाँ | तटबन्ध | १,८९३.५ |
| ५ | ८ | ६९३ | नयाँ | वृक्षारोपण, पहिरो नियन्त्रण | २,४२५.५ |
| ६ | ८ | ८५१ | नयाँ | वृक्षारोपण, तटबन्ध, पहिरो नियन्त्रण | २,९७८.५ |
| ७ | ६ | ११५ | नयाँ | पहिरो नियन्त्रण | ४०२.५ |
| ८ | २ | ११० | नयाँ | पहिरो नियन्त्रण, नर्सरी | ३८५ |
| ९ | १३ | १,०४० | नयाँ | पहिरो नियन्त्रण, नर्सरी, मूल संरक्षण | ३,६४० |
| १० | १० | ४६२ | नयाँ | तटबन्ध, पहिरो नियन्त्रण, मूल संरक्षण | १,६१७ |
| ११ | ९ | ४६० | नयाँ | पहिरो नियन्त्रण, ढल व्यबस्थापन, ठोस फोहोर व्यबस्थापन | १,६१० |
| **जम्मा** | ९० | ६,४७१ | | | २२,६०६.५० |

## ५.२.६. जलउर्जा सम्बन्धि योजनाहरु

यस पालिकामा योजना तर्जुमा क्रममा १ वटा लघु जलबिधुत सम्वन्धित योजना र २१ वटा परम्परागत घट्टहरुलाई सुधार गरि आधुनिक घट्ट निर्माण गर्ने गरि गुरुयोजनामा प्रस्ताव गरिएको छ । तथापी जलबिधुत योजना निर्माणको सन्दर्भमा सबै भन्दा पहिले राष्ट्रिय प्रशारण लाईन मार्फत पालिका क्षेत्रमा बिद्धुतीकरण गर्ने र यदि राष्ट्रिय प्रशारण लाइन वितरण गर्न ढिलो हुने वा नहुने अवस्थामा लघु जल बिधुतको योजनालाई आगाडी बढाउने गरि योजना तर्जुमा गोष्ठीमा सरोकारवालाहरु बिच ब्यापक छलफल भएको थियो। गाउँपालिकाका पिसानी कुटानीलाई अझै सहज बनाउन जलउर्जा क्षेत्रमा थप २१ वटा सुधारिएको पानी घट्टका योजनाहरु तर्जुमा गरिएका छन् । उक्त सवै योजनाहरु निर्माण गर्न सकिएमा पालिका क्षेत्रका थप ४२९६ घरधुरीहरुलाई कुटानीरपिसानीको सेवा बिस्तार हुने देखिन्छ । उक्त योजनाहरुका वडागत विवरण तालिका नं.२७ मा र प्राथमिकता क्रम अनुसारको सूची **अनुसूची-११ र १२** मा उल्लेख गरिएको छ ।

**तालिका २६: वडागत रुपमा प्रस्तावित जल उर्जाका योजनाहरु**

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | | |
|---|---|---|---|---|---|
| | योजना संख्या | लाभान्वित घरधुरी विवरण | योजनाको किसिम | योजनाको प्रकृति | अनुमानित लागत (ने रु )'००० |
| **३** | ४ | ४९४ | मर्मत/सुधार | सुधारिएको पानी घट्ट | ८०० |
| **५** | ८ | १,८८० | मर्मत/सुधार | सुधारिएको पानी घट्ट | १,६०० |
| **६** | १ | ८०० | मर्मत/सुधार | सुधारिएको पानी घट्ट | २०० |
| **७** | १ | ४३ | मर्मत/सुधार | सुधारिएको पानी घट्ट | २०० |
| **८** | ३ | २४६ | मर्मत/सुधार | सुधारिएको पानी घट्ट | ६०० |

| | | | | | |
|---|---|---|---|---|---|
| **९** | १ | ६०० | मर्मत/सुधार | सुधारिएको पानी घट्ट | २०० |
| **११** | ३ | २३३ | मर्मत/सुधार | सुधारिएको पानी घट्ट | ६०० |
| | १ | ३३० | नयाँ | लघुजल बिधुत | १५,००० |
| जम्मा | २२ | ४,६२६ | | | १९,२०० |

# अध्याय-६ : गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक

## ६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालिन योजना

जल उपयोग गुरुयोजना निर्माणको क्रममा बस्ति तथा समुदाय स्तरबाट सहभागितात्मक ढंगबाट संकलन गरिएका सूचनाहरुको वडास्तरमा प्रमाणीकरण गरि सबै क्षेत्रगत योजनाहरुको प्राथमिकीकरण गरिएको र पालिका स्तरमा गरिएको तथ्यांक प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीबाट अझै योजनाहरुको प्राथमिकीकरण परिष्कृत भएको छ । पालिका भित्रका शाखा/उप-शाखाका प्रतिनिधिहरु, सबै वडाका वडा जनप्रतिनिधिहरु, स्थानीय समाजसेवी, बुद्दिजीविहरु र नगर कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरुको सहभागिताले जलउपयोग गुरुयोजनाको योजना तर्जुमा कार्यलाई एकदमै प्रभावकारी बनाउन सहयोग गरेको छ ।

यस जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा समुदायको अपेक्षा अनुसार कार्यान्वयनका लागि पालिकाले आफुसंग भएको स्रोतहरुको उपलब्धताको एकिन गर्नुका साथै सम्भावित साझेदारहरुको पहिचान, स्रोतहरुको खोजि गरि ति स्रोतहरुको आधारमा जलउपयोग गुरुयोजनामा समाबेश भएका योजना तथा क्रियाकलापहरुलाई अल्पकालिन/ मध्यम कालिन र दीर्घकालिन रुपमा बिभाजन गरिएको छ । साथै पालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि आफ्नो स्रोतबाट बार्षिक रुपमा गर्न सक्ने लगानिको समेत प्रक्षेपण गरि प्राथमिकताक्रम अनुसारका योजनाहरुलाई अल्पकालिन/मध्यमकालिन/ दीर्घकालिन रुपमा बिभाजन गर्नुपर्ने हुन्छ ।

### अल्पकालीन योजनाहरु (पहिलो र दोश्रो बर्ष):

सबै भन्दा पहिले पालिकाले जल उपयोग गुरुयोजना भित्र समाबेश गरिएका क्षेत्रगत योजनाहरुको कार्यान्वयनका लागि आवस्यक पर्ने लगानी जुटाउन यस जल उपयोग गुरुयोजनालाई नगरकार्यपालिका र सभाबाट अनुमोदन गर्नेछ र पालिकाले आफ्नो लगानी सुनिश्चित गरि यदि सो लगानी योजनाहरुको कार्यान्वयनका लागि अपुग हुने देखिएमा बाहय स्रोतहरुको खोजिगर्ने छ । त्यसपछी आफ्ना क्षेत्रगत परिकल्पनाहरु साकारपार्न अल्पकालीन योजनाहरुको रुपमा कम्तिमा ५ वटा खानेपानी योजनाहरु ५ वटा सिंचाइ कुलो निर्माणका योजनाहरु लगायत थोरै स्रोत चाहिने लघु सिंचाइ का अत्ति आवश्यक योजनाहरुलाई कार्यान्वयन गर्नेछ । अल्पकालीन योजनाहरु हाल निर्माणाधीन अवस्थामा रहेका, स्रोतको सुनिश्चितता भएका र लघु सिंचाइका योजनाहरु वडा कार्यालयकै स्रोतबाट पनि निर्माण हुन सक्ने देखिएका छन् । त्यस्तै बाताबरण तथा पर्यावरण अन्तर्गतका अत्ति आवश्यक वृक्षारोपण, तटबन्धका योजनाहरुलाई अगाडी बढाउनुका साथै खानेपानी र सिंचाइका योजनाहरु संगसंगै मुहान/मूल संरक्षणका योजनाहरुलाई पनि संचालन गर्ने गरि अल्पकालीन योजनाको रुपमा राखिएको छ ।

### मध्यकालिन योजनाहरु (तेश्रो तथा चौथो बर्ष):

पालिकाले मध्यकालिन योजनाको रुपमा जल उपयोग गुरुयोजनामा प्राथमिकिकरण गरिएका क्षेत्रगत योजनाहरुको अवस्था, स्रोतहरुको उपलब्धताको आधारमा निर्माणसम्पन्न भएका खानेपानी योजनाहरुबाट सम्भव भएमा सेवा बिस्तार र सम्भव नभएमा प्राथमिकता अनुसारका बढी भन्दा बढी खानेपानी योजना, सिंचाइ कुलोहरुको बिस्तार

र बाताबरण तथा पर्यावरण तर्फ प्राथमिकीकरण गरिएका योजनाहरु मध्ये कम्तिमा ५०% योजनाहरुको कार्यान्वयन गर्ने नीति लिनेछ ।

### दीर्घकालिन लगानी योजना (५ बर्ष देखि):

जल उपयोग गुरुयोजनामा लगानीको दीर्घकालिन योजनाको रुपमा पालिकाले यस जल उपयोग गुरुयोजनाको समिक्षा गरि प्राथमिकिकरण गरिएका सबै क्षेत्रका क्षेत्रगत योजनाहरु मध्ये कति कार्यान्वयन गर्न सकिए, कति सकिएनन लगायत जल उपयोग गुरुयोजना अनुसार क्षेत्रगत योजनाहरुको कार्यान्वयन गर्दा भएका सिकाईहरुको समेत समिक्षा गरि यदि जल उपयोग गुरुयोजना अद्ध्यावधिक गर्नुपर्ने देखिएमा अद्ध्यावधिक गरि थप प्राथमिकता निर्धारण गरि समयसापेक्ष हुने गरि योजनाहरुको कार्यान्वयन गर्नेछ । तर सम्भव भएमा यस जल उपयोग गुरुयोजना लाई प्रत्येक आर्थिक बर्ष पालिकास्तरको योजना तर्जुमा भन्दा अगावै समिक्षा गर्नेछ ।

माथि उल्लेख गरिए अनुसारका अल्पकालीन, मध्यकालिन र दीर्घकालिन योजनाहरुको कार्यान्वयनका लागि नगरपालिकाले कार्यपालिकामा थप छलफल र निर्णय गरि हरेक वर्ष जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि वडा तथा पालिकाबाट हुने लगानी र अन्य कार्यान्वयनमा सहयोग गर्ने निकायहरुबाट हुने लगानीको प्रक्षेपण गर्ने छ र बार्षिक रुपमा जलउपयोग गुरुयोजनाका क्षेत्रगत योजनाहरु कति कार्यान्वयन भए भन्ने कुराको समिक्षा गर्ने संयन्त्रको बिकास गर्नेछ ।

यसका अतिरिक्त जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक लगानी नीति तथा कार्यविधि/निर्देशिका नगरपालिकाले निर्माण गर्नेछ र त्यसको कार्यान्वयनका लागि आवश्यक मानवस्रोत सहितको संयन्त्रको बिकास गर्नेछ । त्यो संयन्त्रले अन्य क्षेत्रगत संयन्त्रहरुसंग समन्वय, सहकार्य र जलउपयोग गुरुयोजनाको प्राथमिकताक्रममा रहेका योजना तथा क्रियाकलापहरुको कार्यान्वयन र ब्यबस्थापनका लागि एकीकृत रुपमा योजना तर्जुमा, अनुगमन र समिक्षा गर्नेछ ।

## ६.२. पहिलो आ.व. मा कार्यन्वयन हुने योजनाहरु

यस खाडाचक्र नगरपालिकाले पहिलो वर्षका लागि प्राथमिकता क्रम अनुसार ५ वटा खानेपानी योजनाहरु, ५ वटा सिंचाइ कुलो योजनाहरु, ३ वटा लघु सिंचाइ, १ वटा सार्बजनिक शौचालयहरु र कम्तिमा ५ वटा बाताबरण तथा पर्यावरणका योजनाहरुलाई कार्यान्वयन गर्नेछ । यसका साथै हाल शौचालय नभएका घरधुरीहरुमा शौचालय निर्माण गराउन जनचेतनामुलक कार्यहरु संचालन गर्नेछ भने बिद्यालयहरुमा सुरक्षित खानेपानी तथा सरसफाइका योजनाहरुलाई प्रथामिकताका साथ अगाडी बढाउने छ । पहिलो आ.व.मा कार्यान्वयन हुने योजनाहरुको विवरण तलको तालिका न.२८ मा उल्लेख गरिएको छ ।


तालिका २७: पहिलो बर्ष कार्यान्वयन गरिने योजनाहरु

| क्र.स. | योजनाको नाम | प्रा.क. | संचालन हुने वडा/स्थान | लाभान्वित घरधुरी/रोपनी | क्षेत्र | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुमानित लगानी (रु.)'००० |
|---|---|---|---|---|---|---|---|---|
| १ | पाल्तेओडार खानेपानी योजना | १ | वडा-१०, वडा कार्यालय र स्वास्थ्य चौकी | २५ | खानेपानी | न.पा | युनिसेफ, हेल्भेटास, कर्णाली जलपरियोजना | २,५००. |
| २ | लेकबस्ति खानेपानी योजना | २ | वडा-९, लिजा, तामेचौर, सेरुगे, महादेव, राप, सबिन्धरा, साइमलजडी, मौभेरी, ओलेना, पिप्लाडी | २९६ | खानेपानी | न.पा | युनिसेफ, हेल्भेटास, कर्णाली जलपरियोजना, प्रदेश/संघ | १७,७६० |
| ३ | खाडा हुम्राली खा.पा.यो. | ३ | वडा-६, इम्री | ३७ | खानेपानी | न.पा | युनिसेफ, हेल्भेटास, कर्णाली जलपरियोजना | २,२२० |
| ४ | सिरुगड़ा-खम्म खा.पा.यो. | ४ | वडा-३, सिरुगड़ा, आडीवडा, बन्जाडा, पलाउने, बिगरचाखा, ठूलाचौर, घडीजिउला | ८१ | खानेपानी | न.पा | युनिसेफ, हेल्भेटास, कर्णाली जलपरियोजना | ४,८६० |
| ५ | सिराड़ी पल्लो गल्लिखोला चिउरेला खानेपानी योजना | ५ | गल्लिखोला, चिउरेला | ३५ | खानेपानी | न.पा | युनिसेफ, हेल्भेटास, कर्णाली जलपरियोजना | २,१०० |
| | **खानेपानी तर्फको जम्मा :** | | | ४७४ | ० | ० | ० | २९,४४० |
| १ | कलम सिंचाइ योजना | १ | वडा-११, कल्म खेत | ५०० | सिंचाइ कुलो | न.पा | सिंचाइ सब-डिभिजन | ३,५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | चाल्नेखोला सिंचाइ योजना | २ | वडा-७, चाल्नेखेत | १,६७४ | सिंचाइ कुलो | न.पा | सिंचाइ सब-डिभिजन | ७,२५० |
| ३ | घोडेना फयाल सिंचाइ कुलो | ३ | वडा-५, घोडेना फयाल | ४५० | सिंचाइ कुलो | न.पा | सिंचाइ सब-डिभिजन | ३,२५० |
| ४ | तिला कर्णाली लिफ्ट सिंचाइ योजना | ४ | वडा-१ का सबै खेत | २,५०० | लिफ्ट सिंचाइ | न.पा | सिंचाइ सब-डिभिजन | ७,६०० |
| ५ | चौखोला सिंचाइ योजना | ५ | वडा-५, चौखोला | ४५० | सिंचाइ कुलो | न.पा | सिंचाइ सब-डिभिजन | ३,२५० |
| | **सिंचाइ तर्फको जम्मा :** | | | **५,५७४** | **०** | **०** | **०** | **२४,८५०** |
| १ | बरातु सिंचाइ पोखरी | १ | वडा-११, चिमगाउँ | २० | पोखरी | वडा | वडा/कृषि शाखा | ५० |
| २ | राहदेव सिंचाइ पोखरी | २ | वडा-१०, राहदेव | १३ | पोखरी | वडा | वडा/कृषि शाखा | ५० |
| ३ | देवरचखा सिंचाइ पोखरी | ३ | वडा-९, देवरचखा | २२ | पोखरी | वडा | वडा/कृषि शाखा | ५० |
| | **लघु सिंचाइ तर्फको जम्मा :** | | | **५५** | **०** | **०** | **०** | **१५०** |
| | अन्य क्षेत्रका योजनाहरु प्राथमिकिकरण अनुसार स्रोतहरुको उपलब्धताको आधारमा कार्यान्वयन गरिने छन् | | | | | | | |


## ६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरुको पहिचान

गुरुयोजना तयार भएपछि यसको प्राथमिकता क्रममा परेका योजनाहरु कार्यान्वयनका लागि उपयुक्त स्रोत साधनहरुको खोजी गरी बाँडफाँड जस्ता कार्यको भुमिका पुर्ण रुपमा पालिकाको रहन्छ भने यसको प्रचारप्रसार गरि कार्यान्वयनका लागि आवश्यक स्रोत साधन जुटाउन यसको परिचालन एवं बजारीकरणमा महत्वपूण भुमिका निर्वाह गर्नुपर्ने हुन्छ नगर पालिकामा जलस्रोत विकासको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको अभिलेखीकरण गरी सबैले जलउपयोग गुरुयोजनालाई अवलम्बन गर्दै लैजाने प्रणालीको विकास गर्नु पर्दछ । यसले गर्दा एकातिर पालिकामा आएको स्रोत एकद्वार प्रणालीको भावना अनुसार विकास निर्माणमा सदुपयोग हुन गई दोहोरोपना हुन पाउदैन भने अर्को तर्फ चरणबद्ध रुपमा जलस्रोत व्यवस्थापनका क्रियाकलापहरु सम्पन्न हुन गई गुरुयोजनाको सफल कार्यान्वयन हुन जान्छ ।







**चित्र-६ : जलउपयोग गुरुयोजना कार्यान्वयनका लागि सम्भावित सहयोगी निकायहरु**

**संकेत:**



**कार्यन्वयनका लागि एकदमै जोडदिनु पर्ने निकाय**

| | |
|---|---|
|  | निर्माणमा पालिकालाइ सहयोग गर्न सक्ने दातृ निकायहरु/परियोजना |
|  | निर्माण बाहेकका कार्यमा सहयोग गर्न सक्ने दातृ निकाय |
|  | निर्माण तथा स्थानीयस्तरमा सामाजिक/प्राबिधिक सहयोग पुऱ्याउनेअन्तर/राष्ट्रिय संघ/संस्थाहरु |

## ६.४. जलाधार/उप-जलाधार क्षेत्र ब्यबस्थापन रणनीति

खाडाचक्र नगरपालिकाले जलाधार तथा उप-जलाधार क्षेत्र ब्यबस्थापनका लागि तपसील अनुसारका रणनीतिहरु अपनाउने छ ।

- सबै स्थानीय सरोकारवाला निकायहरुको जलाधार संरक्षण सम्बन्धि साझा बुझाई निर्माण गर्न ज्ञान, सीप तथा सिकाईहरु आदानप्रदान गर्ने तथा स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिने छ ।
- कुनै पनि ठुला संरचनाहरु निर्माण गर्दा बातावरण प्रभाव मूल्यांकन अनिवार्य रुपमा लागु गरिने छ ।
- जल, जंगल र जमिन संरक्षणका लागि स्थानीय समुदायकोको अधिकतम सहभागितामा गराइने छ ।
- पालिकास्तरमा सक्रिय बहु-सरोकारवाला निकायहरु जस्तै; सामुदायिक बन उपभोक्ता समुहहरु, कृषि समुहहरु, संग समन्वय, सहकार्य र साझेदारी गर्ने र जलाधार संरक्षणका क्रियाकलापहरुलाई स्थानीय समुदायको आयमुलक/जीविकोपार्जनका गतिबिधि संग जोडी बाताबरणमैत्री र संरक्षणमुखी बनाइने छ ।
- जलाधार क्षेत्रमा प्रभाव पार्ने वा प्रभावित हुने माथिल्लो वा तल्लो तटीय भू-भागमा अवस्थित पालिका/समुदाय संग जलाधार संरक्षणका उपायहरुका बारेमा छलफल गरि साझा सिकाईका आधारमा विभिन्न सहयोगी क्रियाकलापहरु (जलउपयोग गुरुयोजनामा आधारित भइ) संचालन गरिने छन् ।
- लोप हुन/हराउन लागेका सिमसार/ताल तलैयाहरुलाई संरक्षण र ब्यबस्थापनको माध्यमबाट " पुरानै स्वरुपमा ल्याउने" रणनीति अपनाईने छ ।

## ६.५. गुरुयोजना पुनरावलोकन तथा अद्ध्यावधिक गर्ने संयन्त्र

जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि पालिका क्षेत्र भित्रका स्रोत साधनको पहिचान, सरोकारवाला सहयोगी वा साझेदार निकायहरुको पहिचान तथा परिचालन पनि महत्वपुर्ण हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिकाहरुलाई योजना कार्यान्वयन गर्ने कार्यकारि निकायका रुपमा राखेको छ भने पालिका आफैमा स्थानीय सरकार समेत भएकाले जलस्रोत क्षेत्रका योजनाहरु कार्यान्वयन गराउन स्थानीय, प्रदेश स्तरीय तथा केन्द्रिय सरोकारवाला साझेदारहरुलाई परिचालन गर्न सहज हुने देखिन्छ । गुरुयोजना कार्यान्वयन गर्न पालिकाको नेतृत्वमा सबै साझेदारहरु परिचालन गर्नु पर्ने हुन्छ । गुरुयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नीति नियमहरु पालिकाको सभा मार्फत निर्माण गरि क्षेत्रगत साझेदारहरुलाई स्पष्ट जिम्मेवारि प्रदान गर्नुका साथे समय सापेक्ष कार्यान्वयनको अनुगमन समेत गर्नु पर्ने हुन्छ ।

यसका साथै समय सापेक्ष पालिकाले बिभिन्न सरोकारवाला निकायहरुको/पक्षहरुको सहजीकरणमा जलउपयोग गुरुयोजना कार्यान्वयन स्थितिको समिक्षा गरी अद्यावधि गर्नुपर्ने जरुरी हुन्छ । जलउपयोग गुरुयोजना आधारभुत तथ्यांक र एकिकृत जलस्रोत विकासको खाका वा प्राथमिकृत योजना तर्जुमाको दस्तावेज भएको हुनाले यसको आवश्यकता अनुसार आवधिक रुपमा अद्यावधि गर्नु उपयुक्त हुन्छ । यसको अद्यावधिबाट पालिकाको एकिकृत जलस्रोत विकासको लागि चाहिने स्रोतको अनुमान र तर्जुमा गर्न सजिलो हुन्छ । सामान्यतया गुरुयोजना

कार्यान्वयन समिक्षा, स्रोत साधन जुटाउन, तथ्याङ्कहरु अध्यावधिक प्रत्येक बर्ष गर्नु पर्दछ तर स्थानीय परिवेश र आवश्यकता अनुसार यो अवधि घटबढ गर्न सकिन्छ । साथै जलउपयोग गुरुयोजना अध्यावधी गर्नको लागि कार्यपालिकावाट अनिवार्य रुपमा निर्णय गर्नु पर्ने हुन्छ ।

## ६.६. गुरुयोजना कार्यान्वयन रणनीति

जलउपयोग गुरुयोजना जलस्रोत क्षेत्रको एकीकृत योजना भएकोले यसको कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र, समन्वय र सरोकारवाला निकायहरु बीच सहकार्य हुन जरुरी छ । त्यसकारण पालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि तपसिलका रणनीति अपनाउने छ ।

- गुरुयोजना तथ्याङ्क जलस्रोतहरुको लगत, सम्भाव्य प्रयोग र सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरु समय-समयमा सरोकारवाला माझ सञ्चालन गरिने छ ।
- संघीय तथा प्रदेश सरकारका जलस्रोत विकास सम्वद्ध मन्त्रालय, बिभागहरुमा गुरुयोजनाको प्रचार प्रसार गरि आवश्यक लगानी सहकार्यका लागि समन्वय गरिने छ ।
- पालिकास्तरका सरोकारवाला साझेदारहरुको आवश्यकता अनुसार समन्वय बैठक र अन्तक्रियाहरु आयोजना गरि गुरुयोजनाका निर्दिष्ट लक्ष्य हासिल गर्न लगानी प्रतिबद्धता सहितका कार्यक्रम तय गरिने छ ।
- पालिका स्तरमा गुरुयोजना सम्वन्धि प्रचार प्रसार, समिक्षा तथा पानी क्षेत्रमा कार्यगर्ने सरोकारवालाहरुलाई गुरुयोजनाले औंल्याएको क्षेत्रमा लगानी गर्न प्रेरित गराउने जस्ता क्रियाकलापहरु सञ्चालन गरिने छ ।
- क्षेत्रगत योजनाहरुमा लगानी सम्बन्धी दोहोरोपना हटाउन बार्षिक कार्यक्रम तय गर्नु पूर्व बिषयगत समितिका बैठकहरु मार्फत आगामी बर्षका योजना तथा कार्यक्रमहरु सरोकारवालाहरु संगको उपलब्ध बजेट, सहकार्यका क्षेत्र सहितको कार्ययोजना तय गरिने छ ।

# अनुसूचीहरु

| | |
|---|---|
| अनुसूची-१ | SA-१: घरधुरी तथा जनसंख्या सम्वन्धि विवरण |
| | SA-२: भौगोलिक, प्राकृतिक, सांस्कृतिक तथा आर्थिक जानकारि सम्वन्धि विवरण |
| | SA-३: बिद्यमान सहकारि संस्थाहरु सम्वन्धि विवरण |
| | SA-४: बिद्यमान सरोकारवाला संस्थाहरु सम्वन्धि विवरण |
| | SA-५: स्वास्थ्य तथा सरसफाइ सम्वन्धि विवरण |
| अनुसूची-२ | TA-१: पानीका स्रोतहरुको विवरण |
| अनुसूची-३ | SA-६: टोलहरुको सुची |
| अनुसूची-४ | TA-२: बिद्यमान खानेपानी योजनाहरुको सुबिधास्तर र संरचानागत विवरण फारम |
| | SA-७: बिद्यमान खानेपानी योजनाहरुको सामाजिक तथा संस्थागत विवरण फारम |
| अनुसूची-५ | SA-८: बिद्यमान कुलो सिंचाइ योजनाहरुको मुख्य विवरण फारम |
| | TA-३: बिद्यमान कुलो सिंचाइ योजनाहरुको बिस्तृत विवरण फारम |
| | SA-९: बिद्यमान लघु सिंचाइ योजनाहरुको मुख्य विवरण फारम |
| | TA-४: बिद्यमान लघु सिंचाइ योजनाहरुको बिस्तृत विवरण फारम |
| | SA-१०: बिद्यमान बहु उपयोगी योजनाहरुको मुख्य विवरण फारम |
| | TA-५: बिद्यमान बहु उपयोगी योजनाहरुको बिस्तृत विवरण फारम |
| | SA-११: बिद्यमान वातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरुको मुख्य विवरण फारम |
| | TA-६: बिद्यमान वातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरुको बिस्तृत विवरण फारम |
| | SA-१२: बिद्यमान सुधारिएको र परम्परागत घट्ट योजनाहरुको मुख्य विवरण फारम |
| | TA-७: बिद्यमान सुधारिएको र परम्परागत घट्ट योजनाहरुको बिस्तृत विवरण फारम |
| | TA-८: बिद्यमान लघु जलबिधुत योजनाहरुको बिस्तृत विवरण फारम |
| अनुसूची-६ | OS-१: निर्माणाधिन जलस्रोत सम्वन्धित योजनाहरुको मुख्य विवरण फारम |
| | OT-१: निर्माणाधिन खानेपानी योजनाहरुको बिस्तृत विवरण फारम |
| अनुसूची-७ | PL-१: तर्जुमा गरिएका खानेपानी योजनाहरुको मुख्य विवरण फारम |
| | TA-९: तर्जुमा गरिएका खानेपानी योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-८ | PL-२: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरुको मुख्य विवरण फारम |
| | TA-११: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरुको विस्तृत विवरण फारम |
| | PL-३: तर्जुमा गरिएका लघु सिंचाइ योजनाहरुको मुख्य विवरण फारम |
| | TA-१२: तर्जुमा गरिएका लघु सिंचाइ योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-९ | PL-४: तर्जुमा गरिएका बहु उपयोगी योजनाहरुको मुख्य विवरण फारम |
| | TA-१३: तर्जुमा गरिएका बहु उपयोगी योजनाहरुको विस्तृत विवरण फारम |

| | |
|---|---|
| अनुसूची-१० | PL-५: तर्जुमा गरिएका वातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरुको मुख्य विवरण फारम |
| | TA-१४: तर्जुमा गरिएकावातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-११ | PL-६: तर्जुमा गरिएका सुधारिएको र परम्परागत घट्ट योजनाहरुको मुख्य विवरण फारम |
| | TA-१५: तर्जुमा गरिएका सुधारिएको र परम्परागत घट्ट योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-१२ | PL-७: तर्जुमा गरिएका लघु जलबिधुत योजनाहरुको मुख्य विवरण फारम |
| | TA-१६: तर्जुमा गरिएका लघु जलबिधुत योजनाहरुको विस्तृत विवरण फारम |

WUMP
Annexes_Khadachakra

**समाप्त**